# प्रारम्भिक बालविकास शिक्षकका लागि

# घुम्ती बैठक स्रोत पुस्तिका





नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर ।

२०८१

# प्रारम्भिक बालविकास शिक्षकका लागि
# घुम्ती बैठक स्रोत पुस्तिका


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर ।

२०८१

प्रकाशक :

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर ।

© सर्वाधिकार

प्रकाशकमा

प्रकाशन वर्ष : वि.सं.२०८१

# भूमिका

नेपालको संविधानले प्रत्येक नागरिकलाई प्रारम्भिक बालविकास र सहभागिताको हक हुने व्यवस्था गरेको छ। अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले प्रत्येक नागरिकलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षासहित अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा पहुँचको हक हुने व्यवस्था गरेको छ। उपर्युक्त संवैधानिक र नीतिगत व्यवस्थाको पृष्ठभूमिमा चार वर्ष पूरा भएका बालबालिकाको सर्वाङ्गीण विकास गरी उनीहरूलाई कक्षा एकका लागि तयार गर्नका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था गरिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षालाई बालमैत्री र क्रियाकलापमुखी बनाई बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न बालविकास शिक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ। यसका लागि बालविकास शिक्षकको सामयिक क्षमता विकासको आवश्यकता छ । यस क्षेत्रमा क्रियाशील बालविकास शिक्षकहरूका बीचमा हुने अनुभव आदानप्रदान र अवलोकलन भ्रमण जस्ता क्रियाकलापले पनि उनीहरूका क्षमता विकासमा सहयोग पुऱ्याउँछ ।यस्ता अवसरले सिकाइ क्रियाकलापमा सामना गर्नु परिरहेका समस्याहरूको समकक्षीहरूबाटै समाधान, असल अभ्यास र अनुभवको आदानप्रदान, प्रारम्भिक बालविकास केन्द्रमा अभिभावक संलग्नता अभिवृद्धि, स्रोतसाधनको पहिचान र अत्युत्तम परिचालन गर्ने आदि विषयमा महत्त्वपूर्ण ज्ञान सीप प्राप्त हुनसक्छ । यस किसिमको अवसर जुटाउन बालविकास शिक्षकको घुम्ती बैठक एक महत्त्वपूर्ण माध्यम हो। घुम्ती बैठकलाई योजनबद्ध रूपमा सञ्चालन गरी अपेक्षित नतिजा हासिल गर्न सहयोग पुगोस् भन्ने अभिप्रायले यो पुस्तिका तयार गरिएको छ।

पुस्तिकाको प्रभावकारी कार्यान्वयन मार्फत प्रारम्भिक बालविकास केन्द्रको सिकाइ क्रियाकलाप सञ्चालनमा यसले सहयोग पुऱ्याउने छ भन्ने अपेक्षा गरिएको छ। यो पुस्तिका तयार गर्न यहयोग पुऱ्याउनु हुने सम्बद्ध विज्ञ र यस केन्द्रका कर्मचारीहरूमा हार्दिक धन्यवाद छ । पुस्तिका कार्यान्वयनका क्रममा प्राप्त हुने सुझावका आधारमा परिमार्जन गर्दै लगिने छ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## विषयवस्तु


१. परिचय ...... ३

२. सैद्धान्तिक अवधारणा ...... ३

३. उद्देश्य ...... ५

४. घुम्ती बैठक सञ्चालनको विधि ...... ५

५. घुम्ती बैठक सञ्चालनको तयारी ...... ६

६. घुम्ती बैठकका सम्भावित विषयहरू ...... ७

६.१. बालबालिकाको सर्वाङ्गीण विकासका आयामहरू ...... ७

६.२. बालबालिकाको स्वास्थ्य, पोषण र सुरक्षा ...... ९

६.३. पाठ्यक्रमको कार्यान्वयन गर्न दैनिक कार्यतालिकाको प्रयोग ...... १२

६.४. सिकाइमा विविध विधिहरूको प्रयोग ...... १७

६.५. प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड ...... २०

६.६. प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) को प्रयोग ...... २२

६.७. बालबालिकाको प्रारम्भिक पहिचान र सिकाइमा विविधताको सम्बोधन ...... २४

६.८. स्थानीय सामग्री पहिचान तथा निर्माण ...... २६

६.९. प्रारम्भिक बालविकास शिक्षक र अभिभावक/समुदाय बीचको समन्वय, सञ्चार र सहभागिता/संलग्नता ...... २८

अनुसूचि १ ...... ३१

अनुसूची २ ...... ९९

अनुसूची ३ ...... १०५

## १. परिचय

गर्भावस्थादेखि नै प्रत्येक बालबालिकाको विकासको क्रम सुरु हुने गर्दछ । गुणस्तरीय प्रारम्भिक बालविकास कार्यक्रमहरूले बालबालिकाको बौद्धिक, भाषिक, शारीरिक, सामाजिक तथा संवेगात्मक विकासमा योगदान पुऱ्याउँछ । बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाहरूमा सिकाइका विविध क्रियाकलाप गर्ने अवसर पाएमा बालबालिका विद्यालय शिक्षाको लागि तयार हुनुका साथै उनीहरूका भावी शिक्षाको र जीवन कै बलियो आधारशिला निर्माण हुन्छ । यसका लागि प्रारम्भिक बालविकास शिक्षकको महत्त्वपूर्ण भूमिका हुने गर्दछ ।

४८ देखि ६० महिनाका बालबालिका लक्षित एक वर्षे प्रारम्भिक बाल शिक्षाका प्रारम्भिक बालविकास शिक्षकको ज्ञान, सिकाइ र अभ्यासलाई समयानुकूल बनाउँदै लैजानु अहिलेको आवश्यकता देखिएको छ । विद्यालय शिक्षाको बलियो आधारका रूपमा प्रारम्भिक बालशिक्षामा लगानी र चासो बढ्दै गएको विद्यमान परिस्थितिमा यसका बलिया स्तम्भ प्रारम्भिक बालविकास शिक्षकको सक्षमता विकास महत्त्वपूर्ण देखिएको छ ।

## २. सैद्धान्तिक अवधारणा

बालबालिकाको विकास तथा सिकाइ एक आपसमा अन्तरसम्बन्धित हुन्छ भन्ने विभिन्न सैद्धान्तिक आधारहरूमध्ये प्रारम्भिक सिकाइ केन्द्रित सिद्धान्तहरूलाई यसको आधार मानिएको छ । यस पुस्तिका मार्फत निर्धारित क्रियाकलापहरू निम्न आधारभूत सिद्धान्तमा आधारित छन्:

### (क) ज्ञानेन्द्रियमा आधारित सिकाइ तथा विकास

बालबालिकाले पाँचओटै ज्ञानेन्द्रियहरू (आँखा, कान, नाक, जिब्रो, छाला) को प्रयोग गरेर सिक्दछन् । यस उमेरका बालबालिकाका लागि सिक्ने अवसर प्रदान गर्दा पाँचओटै ज्ञानेन्द्रियहरूद्वारा (१) हेर्ने, (२) सुन्ने, (३) सुँघ्ने, (४) स्वाद लिने र (५) छुने वा स्पर्श गर्ने क्रियाकलापहरू समावेश गरिनु पर्दछ । साथै यस्ता क्रियाकलापहरूमा बहुइन्द्रियको प्रयोगलाई विशेष जोड दिनुपर्छ ।

### (ख) अर्थपूर्ण र रमाइलो सिकाइ

बालबालिका खुसी भएमा रमाउँदै सहज रूपमा सजिलै सिक्न सक्छन् । बालबालिकाको सिकाइ क्रियाकलाप अर्थपूर्ण र रमाइलो हुनुपर्दछ । यस उमेरका बालबालिका शारीरिक तथा मानसिक रूपमा बढी सक्रिय हुन्छन् । उनीहरूलाई वस्तु छुन, चलाउन, समाउन र फाल्न मनपर्छ । साथै उनीहरू एकै ठाउँमा नबसी हिंड्ने, उफ्रिने र दौडिने गर्छन् । उनीहरूका यस्ता चाहनाहरू विकास क्रमअनुसार

आवश्यक पनि छन् । त्यसैले यस अवस्थाका बालबालिकालाई तनावरहित एवम् मनोरञ्जनपूर्ण वातावरणमा आवश्यक अर्थपूर्ण क्रियाकलापहरू गराउनु पर्दछ । गीत, सङ्गीत, अभिनय, कथा आदि जस्ता विधिबाट उनीहरूलाई क्रियाकलाप गराउँदा त्यसबाट प्राप्त हुने सिकाइ दिगो पनि हुन्छ ।

**(ग) सर्वाङ्गीण विकासमा आधारित सिकाइ**

बालविकासका पक्षहरू (शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक र भाषिक विकास) एकआपसमा अन्तरसम्बन्धित हुन्छन् । एउटा पक्षको विकासले अर्को पक्षलाई असर वा प्रभाव पारिरहेको हुन्छ । उदाहरणका लागि राम्रो भाषिक सीपको विकास भएमा बालबालिकाको बौद्धिक क्षमता एवम् सामाजिक पक्षको विकासमा पनि सघाएको हुन्छ ।त्यस्तै बौद्धिक वा सामाजिक पक्षको विकासले बालबालिकाको भाषिक तथा अन्य पक्षको विकासमा पनि सहयोग पुगेको हुन्छ।त्यसैले यस उमेर समूहका बालबालिकाका लागि सिकाइ एवम् विकासका क्रियाकलापहरू सञ्चालन गर्दा उनीहरूको सर्वाङ्गीण विकासमा जोड दिनुपर्दछ।यसका लागि स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षण पनि सुनिश्चित हुनुपर्दछ ।

**(घ) विकास क्रममा आधारित सिकाइ**

बालबालिकाको विकासको गति फरक फरक हुन्छ । विकास र सिकाइका लागि बालबालिका नै सक्रिय सहभागी हुन पाउनुपर्दछ । बालबालिकाले व्यक्ति, वस्तु र वातावरणको अन्तरक्रियाबाट सिक्ने हुनाले विकास र सिकाइका लागि उपयुक्त वातावरण आवश्यक पर्छ । सबै बालबालिकालाई विकासको समान अवसर प्राप्त गराउनका लागि विकासक्रमअनुसार थप सहयोग पुऱ्याउन सकेमा यस्ता सहयोगी क्रियाकलापहरू उनीहरूको विकासका लागि कोसेढुङ्गा सावित हुन सक्छन् ।

**(ङ) वैयक्तिक विकास र सिकाइमा विविधता**

हरेक बालबालिकाको स्वभाव वा विशेषता फरक प्रकारको हुन्छ । उनीहरूको सिक्ने तरिकामा पनि विविधता हुन्छ । तसर्थ उनीहरूको सिकाइ र विकासका लागि आवश्यकतानुसारको वातावरण तयार गर्नुपर्दछ । यस्ता वातावरण उनीहरूको सर्वाङ्गीण विकास गर्न सहयोगी हुनुपर्दछ । बालबालिकाका लागि सन्तुलित, लचिलो तथा उद्देश्यपरक क्रियाकलापहरू तयार गर्नुपर्छ । उनीहरूको वैयक्तिक भिन्नतालाई ध्यानमा राखी आफ्नै गतिमा सिक्ने र विकास गर्ने वातावरणमा त्यस्ता क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ ।

**(च) बालबालिकाको सिकाइ र विकासको प्रमुख माध्यम खेल**

यस उमेर समूहका बालबालिकाको सिकाइ र विकासमा खेल एउटा प्रमुख माध्यम हो । कोठाभित्र वा कोठाबाहिर गराइने जुनसुकै क्रियाकलाप पनि खेलको माध्यमबाट सिकाउँदा बालबालिका सक्रिय हुन्छन् । खेलले उनीहरूलाई रमाइलो अनुभूति गराउँछ जसले गर्दा उनीहरू रमाइलो वातावरणमा सिक्ने अवसर पाउँछन् । खेलले उनीहरूको शारीरिक लगायत अन्य पक्षको विकासमा पनि सघाइरहेको हुन्छ ।

**(छ) प्रकृतिमा आधारित सिकाइ तथा विकास**

बालबालिका आफू र आफ्ना वरिपरिका वातावरण, व्यक्ति र वस्तुहरूप्रति जिज्ञासु हुन्छन् । वास्तविक वातावरण तथा अनुभवमा सहज रूपमा सिक्छन् । उनीहरूले यसलाई अवलोकन गर्छन्, अन्तरक्रिया गर्छन्, खोज गर्छन्, प्रयोग गर्छन् र यसैबाट बढी सिक्छन् । तसर्थ उनीहरूको सिकाइ क्रियाकलाप सञ्चालन गर्दा वातावरणको अवलोकन, अन्तरक्रिया गर्ने, आआफ्ना धारणा व्यक्त गर्ने जस्ता अवसरहरू सिर्जना गर्नुपर्छ ।

## ३. उद्देश्य

प्रारम्भिक बालविकास शिक्षकहरूका लागि घुम्ती बैठक सञ्चालन गर्नुका उद्देश्यहरू देहायअनुसार रहेका छन् ।

- घुम्ती बैठकका लागि निर्धारण गरिएका महत्त्वपूर्ण विषयहरूमा छलफल गरी प्रारम्भिक बालविकास शिक्षकहरूको सिकाइलाई पुनर्ताजगी गराउन मद्दत गर्ने ।
- नयाँ नयाँ विषय र सीपसँग परिचित भई प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाको हितलाई मध्यनजर गर्दै सिकाइ गतिविधिहरू सञ्चालन गर्न सक्ने बनाउन ।
- अवलोकन तथा मूल्याङ्कन विधिबाट प्राप्त सिकाइ दिगो हुने भएकाले सोही अनुसारका सक्षमता विकास गर्न मद्दत गर्ने ।

## ४. घुम्ती बैठक सञ्चालनको विधि

प्रारम्भिक बालविकास शिक्षकहरूले हरेक घुम्ती बैठक सञ्चालन गर्दा बैठकका लागि निर्धारण गरिएका हरेक विषयमा रहेर **५ वटा 'स'** को सहजीकरण विधि अपनाउन सक्नेछन् । यो विधिले बैठकलाई बढी भन्दा बढी सहभागितामूलक र यथार्थपरक बनाउन मद्दत गर्दछ । बैठकमा आफूले अथवा आफ्नो विद्यालयले प्रारम्भिक बालशिक्षा कक्षा सञ्चालन गर्दा अनुभव गरिएका विषयहरूमा

छलफल गर्नुका साथै हरेक बैठकको अभिलेखीकरण पनि हुनुपर्दछ ।पाँच 'स' देहायअनुसार रहेका छन् ।

१. सकारात्मक पक्ष
२. समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू)
३. सन्देश तथा विषयवस्तुको जानकारी
४. समीक्षा
५. सङ्कल्प

## ५.घुम्ती बैठक सञ्चालनको तयारी

बैठक सञ्चालनपूर्व प्रारम्भिक बालविकास केन्द्रको नक्शाङ्कन तथा समूह गठन गर्नुपर्छ । समूहले देहायअनुसारका कार्य गर्नुपर्छ ।

**प्रारम्भिक बालविकास केन्द्रको नक्साङ्कन तथा समूह गठन**

- १ देखि डेढ घण्टाको दूरीमा रहेका प्रारम्भिक बालविकास केन्द्रको नक्साङ्कन गर्ने,
- ३ देखि ९ वटा प्रारम्भिक बालविकास केन्द्रका प्रारम्भिक बालविकास शिक्षकहरूको सञ्जाल (समूह) तयार गर्ने,
- सबैलाई पायक पर्ने गरी नक्साङ्कनको आधारमा घुम्तीबैठक सञ्चालन गर्ने स्थान तय गर्ने,
- २ देखि ३ घण्टासम्म विषयमा आधारित घुम्ती बैठक सञ्चालन गर्ने,
- पहिलो बैठकमा समूह तथा घुम्ती बैठकलाई सहजीकरण गर्न ३/४ जना नेतृत्वकर्ता शिक्षक ( Lead Teacher) छान्ने,
- विषयको आवश्यकता र सक्षमताका आधारमा प्रत्येक पटकको बैठकमा नेतृत्वकर्ता शिक्षक परिवर्तन गर्न सकिने,
- आपसी समझदारीमा बालविकास शिक्षकहरूले नेतृत्वकर्ता शिक्षक छान्ने र स्थानीय तहले यसमा आवश्यकता अनुसार सहजीकरण गर्न सक्ने,
- प्रत्येक महिनामा नेतृत्वकर्ता शिक्षकले एउटा विषयलाई केन्द्रित गरी पूर्व तयारीसहित कम्तीमा २ घण्टाको बैठक सञ्चालन गर्ने,
- सञ्जालमा आबद्ध सबै प्रारम्भिक बालविकास शिक्षकहरू प्रत्येक महिनाको तोकिएको मिति, समय र स्थानमा सहभागी हुने ।

## ६. घुम्ती बैठकका सम्भावित विषयहरू

| | |
|---|---|
| १ | बालबालिकाको सर्वाङ्गीण विकासका आयामहरू:<br>शारीरिक/सामाजिक/संवेगात्मक/बौद्धिक/भाषिक/सांस्कृतिक विकास |
| २ | बालबालिकाको स्वास्थ्य, पोषण र सुरक्षा |
| ३ | पाठ्यक्रम र दैनिक कार्यतालिकाको कार्यान्वयन |
| ४ | सिकाइका विविध विधिको प्रयोग |
| ५ | प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड |
| ६ | प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरणको प्रयोग |
| ७ | बालबालिकाको प्रारम्भिक पहिचान र सिकाइमा विविधताको सम्बोधन<br>(Early Screening, understanding learning diversity ) |
| ८ | स्थानीय सिकाइ सामग्री पहिचान, निर्माण र प्रयोग |
| ९ | प्रारम्भिक बालविकास शिक्षक र अभिभावक/समुदाय बीचको समन्वय, सञ्चार र सहभागिता/संलग्नता |

उपर्युक्त विषयमा आधारित भएर सञ्चालन गरिने “५ स” मा आधारित बालविकास शिक्षकको घुम्ती बैठकको सञ्चालन प्रक्रिया शीर्षकगत रूपमा तल विस्तृतीकरण गरिएको छ।

### ६.१. बालबालिकाको सर्वाङ्गीण विकासका आयामहरू

प्रारम्भिक बाल्याबस्थाका बालबालिकाको विकासका विभिन्न पक्षहरू हुन्छन् । ती पक्षहरू शारीरिक, बौद्धिक, सामाजिक र भावनात्मक पक्षसँग सम्बन्धित हुन्छन्। यी सबै पक्षहरूको सन्तुलित र समान रूपमा विकास हुनुपर्दछ। यी सबै पक्षको सन्तुलित र समष्टिगत विकासलाई सर्वाङ्गीण विकास भनिन्छ। विकासका यी विभिन्न पक्षहरूलाई सर्वाङ्गीण विकासका आयामहरू भनिन्छ। यो बैठक बालबालिकाको सर्वाङ्गीण विकासका तिनै आयामहरूमा केन्द्रित हुनेछ।

उद्देश्यः बालबालिकाको सर्वाङ्गीण विकासका आयामहरूका सम्बन्धमा प्रष्ट हुने।

नोटः यस विषयमा घुम्ती बैठक चलाउनका लागि सबैले तालिम लिई कक्षाकोठामा सर्वाङ्गीण विकासका विभिन्न पक्षसँग सम्बन्धित क्रियाकलाप गर्ने गराउने गरेको हुनुपर्दछ ।

| **५ “स”** | **क्रियाकलापहरू** | **समय** | **सामग्री** |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग सर्वाङ्गीण विकाससम्बन्धी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने। | २० मिनेट | |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | क्रियाकलाप गराउँदा बालबालिकाका कुन कुन पक्षको विकास हुन्छ ? | | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग सर्वाङ्गीण विकास सम्वन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने ।<br>जस्तैः बालबालिका अनियमित हुँदा कसरी बालाबालिकाको विकासात्मक रुपमा असर परिरहेको छ?<br>कक्षाकोठा वा उपयुक्त वातावरणको अभावमा के कस्ता क्रियाकलापहरू गर्न सकिरहेको छैन? यसले कुन विकासात्मक पक्षमा असर परिरहेको छ?<br>यस्ता समस्याहरूको समाधानका उपाय के के हुन सक्छन् छलफल गर्ने। | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी, डटपेन |
| सन्देश तथा विषयवस्तुको जानकारी | - सर्वाङ्गीण विकासका पक्ष अन्तर्गत शारीरिक, बौद्धिक, संवेगात्मक, भाषिक, सामाजिक र साँस्कृतिक विकास पर्दछन्।<br>- बालबालिकाका सर्वाङ्गीण विकासका लागि विभिन्न क्रियाकलाप गराउनु पर्दछ।<br>- क्रियाकलापले सर्वाङ्गीण विकासका पक्षलाई मात्र नभई सिकाइलाई पनि मद्दत गर्दछ।<br>- यस विषयमा थप प्रष्ट हुन एउटा खेल खेलौं।<br>क्रियाकलाप<br>चरा उडाउने खेल<br>प्रक्रियाः सहभागीहरूलाई तीन जनाको समूहमा विभाजन गर्ने, सबैलाई गोलाकार वनाएर उभ्याउने । समूहमा रहेको तीन जना मध्ये एक जनालाई चरा बनाउने, अर्का दुईजना सहभागीहरूलाई चराको गुँड बनाउने र दुई हात माथि राखेर घर जस्तो वनाएर उभ्याउने । एकजना चरा वनेको सहभागीलाई घरभित्र राख्ने, एक जना बढी सहभागी र खेल खेलाउने दुईजना घेराको बीचमा उभ्याउने र ३ वटा निम्नलिखित कुरा भन्ने<br>१. चरा उड्यो उड्न लाग्यो उड्यो - भन्दा गुँड भित्र रहेको चराले च्याँ च्याँ च्याँ गर्दै पखेटा फैलाउँदै उड्दै अर्को गुँडमा पस्ने (सबैले चराले गुँड वदल्नै पर्ने हुन्छ । बाँकी रहेको एक जना चलाख भएर | ६० मिनेट | चार्ट पेपर |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | गुँडमा पस्ने, एक जना बाहिरिन्छ । उस्ले कार्यक्रमको नेतृत्व गर्ने ।<br>२. चरा उड्यो, उड्न लाग्यो उड्यो, चरा उडेन - भन्दा चरा नउड्ने यथा स्थानमा रहने ।<br>३. चरा उड्यो, उड्न लाग्यो, गुँड भत्कियो - भन्दा चरा यथास्थानमा रहने, गुँड बनेका दुई जना सहभागीहरू फरक फरक चरा भएको स्थानमा गएर गुँड बन्ने, एक जना अतिरिक्त सहभागी पनि छिटो गुँड वन्ने । यसरी यो क्रम दोहोर्याउने ।<br>खेल खेलेपछि कुन कुन पक्षको विकास भयो भनी छलफल गर्ने।<br>नोट : कुनै एक क्रियाकलापले पनि बालबालिकाका सबै पक्षको विकास हुन सक्छ। | | |
| समीक्षा | • आजको विषयवस्तु सम्बन्धी बुझाइ कस्तो भयो ?<br>• सहभागीहरूको समूह बनाइ विभिन्न पक्षका लागि क्रियाकलाप तयार गरी प्रस्तुत गर्न लगाउने।<br>• बालबालिकाका सर्वाङ्गीण विकास वा विभिन्न विकासका लागि थप के के क्रियाकलाप गर्न सकिन्छ ?<br>• दैनिक कार्यतालिका अनुसार कुन कुन समयमा क्रियायाकलापहरू गराउन सकिन्छ छलफल गर्ने । | | |
| संकल्प र योजना निर्माण | उदाहरण:<br>• बालविकास केन्द्रमा सर्वाङ्गीण विकासका लागि खेल सामग्रीहरू निर्माण, व्यवस्थापन तथा उपयोग गर्ने।<br>• घरमा पनि अभिभावकहरूलाई बालबालिकाका सर्वाङ्गीण विकासका लागि विभिन्न क्रियाकलाप गर्न अनुरोध गर्ने । (सामग्री जुटाउन लगाउने, खेल्न प्रोत्साहन गर्ने, खेल्न लगाउने, कथा सुनाउने ।) | १० मिनेट | |

## ६.२. बालबालिकाको स्वास्थ्य, पोषण र सुरक्षा

पोषण भन्नाले शरीरमा हुने खानाको उपयोगसम्बन्धी विज्ञानलाई बुझिन्छ । मानिसको शरीरमा उमेर अनुसार आवश्यक मात्रामा पोषक तत्त्व प्राप्त हुनु भनेको शरीरलाई आवश्यक पर्ने खाद्य पदार्थको मात्रा उचित रूपमा पूरा हुनु नै पोषणको सही अवस्था हो । यदि शरीरलाई आवश्यक पर्ने पोषक तत्वहरूको मात्रा कम वा बढी भएर शरीरमा असर पर्न गएमा शरीरमा कुपोषणको अवस्था सिर्जना

हुन्छ । कुपोषणले न्यूनपोषणका साथै अधिक तौल तथा मोटोपनाको अवस्थालाई पनि बुझाउँछ । मानिसमा कुपोषण हुनुमा उचित स्याहार सुसार नहुनु, खाद्य सुरक्षा नहुनु, शिक्षा वा चेतनाको अभाव, शुद्ध र पर्याप्त खानेपानी नहुनु, सरसफाइको अभाव हुनु, स्रोतमा पहुँच नहुनु, आवश्यक रूपमा सशक्तीकरण नहुनु आदि जस्ता कारणहरू जिम्मेवार रहेका हुन्छन । त्यसैले कुन खाद्यवस्तु उत्पादन वा खरिद गर्ने, के कस्तो खानेकुरा खाने, पोषणको दृष्टिकोणले जोखिममा हुने वर्गको स्याहार सुसार के कसरी गर्ने भन्ने कुरा अन्योल हुनुले पनि यस कुरामा प्रभाव पारेको हुन्छ । त्यस्तै प्रारम्भिक बाल्यावस्थामा बालबालिकाले पाएका स्वास्थ्य र सुरक्षा पनि बालबालिकाको सर्वाङ्गीण विकाससँग सम्बन्धित हुने भएकोले यस बारे बालविकास शिक्षकले पर्याप्त जानकारी राख्नु अपरिहार्य छ।

उद्देश्यः बालबालिकाको स्वास्थ्य, पोषण र सुरक्षा सम्बन्धीका आधारभूत पक्षमा प्रष्ट हुने।

| **५ “स”** | **क्रियाकलापहरू** | **समय** | **सामाग्री** |
|---|---|---|---|
| सकारात्मक पक्ष<br>(कक्षा सञ्चालन गर्दा) | निम्न कुराहरू आफ्नो नोट कापीमा टिप्नुहोस् र पालैपालो भन्नुहोस् :<br>▪ प्रारम्भिक बालविकास उमेरका बालबालिकाको स्वास्थ्यका बारेमा समुदायमा भएका अभ्यासहरू<br>▪ हाम्रो समुदायमा बालबालिकालाई खुवाइने स्थानीय पोषक तत्वहरू र पोषण बनाउने तरीका/परिकार<br>▪ बालबालिकाको सुरक्षाका लागि अभिभावकले गर्ने गरेका कार्यहरू<br>विद्यालयमा दिवा खाजाको मेनु छ कि छैन छ भने मेनुका उल्लेखित खाद्य पदार्थको नाम लेख्नुहोस् | २० मिनेट | कापी<br>कलम |
| समस्या विश्लेषण<br>(कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाको स्वास्थ्यसँग सम्बन्धित समस्याहरू बारेमा आफूलाई जानकारी भएको कुरा निम्नानुसार टिपोट गर्नुहोस् :<br>- बालबालिकालाई दिनुपर्ने खोप, बाल्यावस्थामा लाग्ने विभिन्न रोगको रोकथाम र उपचारसम्बन्धी समस्याहरू,<br>- बालबालिकालाई घरमा अभिभावकले दिने खाजामा पोषणसँग सम्बन्धित समस्याहरू,<br>- विद्यालयमा दिवा खाजा बनाउने, खुवाउने र खाद्यपदार्थको सङ्कलन, भण्डारण, गुणस्तरसँग सम्बन्धित समस्याहरू,<br>- स्वच्छ एवम् ताजा पोषण र सरसफाइसँग सम्बन्धित समस्याहरू,<br>- बालबालिकालाई विद्यालयसम्म ल्याउँदा र लैजाँदा भोग्नु परिरहेका समस्याहरू,<br>- विद्यालयमा रहेका सुरक्षासम्बन्धी समस्याहरू, | ३० मिनेट | न्युजप्रिन्ट,<br>मार्कर,<br>साइनपेन,<br>कापी,<br>डटपेन |

| ५ "स" | क्रियाकलापहरू | समय | सामाग्री |
|---|---|---|---|
| | - सरसफाइसँग सम्बन्धित समस्याहरू<br>स्वास्थ्य, पोषण र सुरक्षासँग सम्बन्धित विषयमा अभिभावक, समुदाय र विद्यालयवीचको सम्बन्ध र समन्वयसँग सम्बन्धित समस्याहरू | | |
| सन्देश तथा विषयवस्तुको जानकारी | गर्भावस्थादेखि आठ वर्षसम्मको उमेर तीव्र रूपमा विकास हुने उमेर हो । यो समयमा अभिभावकले स्वास्थ्य, पोषण र सुरक्षामा पर्याप्त ध्यान दिनुपर्दछ । अन्यथा बालबालिकाको विकास प्रक्रिया अपेक्षित रूपमा हुन सक्दैन र व्यक्तित्व विकासमा प्रतिकूल असर पर्दछ। तसर्थ -<br>बालबालिकालाई उमेर अनुसार विभिन्न खोप, भिटामिन र जुकाको औषधी नछुटाइ खुवाउने व्यवस्था गर्नुपर्दछ । साथै<br>○ बालबालिकालाई कुनै रोग लागेमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थाबाट उपचार र परामर्श लिने गर्नुपर्दछ।<br>○ बालबालिकामा शारीरिक वा बौद्धिक अपाङ्गता सम्बन्धी कुनै लक्षण देखिए समयमै स्वास्थ्यकर्मीको सहयोगले पहिचान गरी उपचारका लागि उपयुक्त वातावरण बनाइदिनु पर्दछ।<br>○ गर्भावस्थामा आमालाई पर्याप्त पोषण, स्वास्थ्य जाँच र आरामको व्यवस्था गर्नुपर्दछ ।<br>○ नवजात शिशुलाई आमाको दूध पर्याप्त मात्रामा खुवाउने र ६ महिनाको भएपछि आवश्यक पोषक तत्वसहितको पूरक आहाराको व्यवस्था गर्नु पर्दछ ।<br>○ विद्यालयमा हरेक बार खाना चार (अन्न, गेडागुडी,सागपात फलफूल र तरकारी तथा पशुपन्छीजन्य खानेकुराको अवधारणा अनुसार ताजा र सफा स्थानीय उत्पादनबाट दिवा खाजा बनाउने र खुवाउने व्यवस्था गर्नुपर्दछ । दिवा खाजा बनाउने, खुवाउने र खाने क्रममा सरसफाइमा उचित ध्यान दिनुपर्दछ।<br>○ घरमा बस्दा, बाहिर खेल्न जाँदा र विद्यालय जाँदा आउँदा बालबालिकाको सुरक्षामा पर्याप्त ध्यान दिनुपर्दछ। यसमा उचित ध्यान पुग्न नसकेमा बालबालिकालाई चोटपटक लाग्ने, दुर्घटनामा पर्ने र अङ्गभङ्ग र मृत्युसमेत हुनसक्छ ।यसमा बालविकास शिक्षक र अभिभावक सदा सचेत रहनुपर्दछ र एक आपसमा निरन्तर समन्वय र सञ्चार भइरहनुपर्दछ।<br>विद्यालयमा बालबालिकाकलाई सिकाइ क्रियाकलाप तथा खेलमा सहभागी | ३० मिनेट | |

| ५ "स" | क्रियाकलापहरू | समय | सामाग्री |
|---|---|---|---|
| | गराउँदा पनि सुरक्षाप्रति सचेत रहनुपर्दछ। | | |
| समीक्षा | • आजको बैठकको विषयवस्तु कस्तो लाग्यो भन्न लगाउने<br>• आजको बैठकमा छलफल भएका विषयवस्तु एकएक वटा भन्न लगाउने | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | • अभिभावक भेला गरी बालबालिकाको स्वास्थ्य, पोषण र सुरक्षाबारे जानकारीमूलक छलफल र अनुभव आदानप्रदान गर्ने<br>• दिवा खाजा व्यबस्थापनमा सहभागी भई ताजा, पोषणयुक्त दिवाखाजा बनाउन र खुवाउने कार्यमा सहयोग गर्ने<br>• स्थानीय तहसँगको समन्वय र सहकार्यमा स्वच्छ पिउने पानी र सरसफाइको व्यवस्थाको लागि पहल गर्ने ।<br>• विद्यालय हातालाई बालविकासका बालबालिका अनुकूल सुरक्षित बनाउन ध्यान दिने ।<br>• विद्यालय व्यबस्थापन समितिमा यस विषयमा छलफल गराउने । | ३० मिनेट | |

## ६.३. पाठ्यक्रमको कार्यान्वयन गर्न दैनिक कार्यतालिकाको प्रयोग

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्रबाट प्रारम्भिक बालविकास पाठ्यक्रम २०७७ सालमा जारी गरिएको छ । यो पाठ्यक्रम वि सं २०६२ सालमा जारी भएको पाठ्यक्रम दिग्दर्शनको परिमार्जित स्वरूप पनि हो । प्रारम्भिक बालविकास केन्द्रमा गराइने क्रियाकलापहरू यसै पाठ्यक्रमले मार्गनिर्देश गरेबमोजिम हुनुपर्ने व्यवस्था रहेको छ ।

**पाठ्यक्रमले जोड दिएका पक्षहरू**

छ ओटा सक्षमता निर्धारण गरिएको यस पाठ्यक्रमले आधारभूत सिप सिकाइका क्षेत्र र विषयगत सिप सिकाइका क्षेत्र गरी दुई सिकाइ क्षेत्र निर्धारण गरेको छ। शारीरिक सिप, संवेगात्मक सिप, सामाजिक, सांस्कृतिक र नैतिक सिप, बौद्धिक तथा मानसिक सिप, स्वास्थ्य, पोषण ,सुरक्षा र वातावरण सिप र सिर्जनात्मक सिप गरी बाह्र प्रकारका सिपहरू विकास गर्ने विषय आधारभूत सिप सिकाइ क्षेत्रभित्र समेटिएका छन् । विषयगत सिप सिकाइका क्षेत्रभित्र भाषिक, पूर्वगणितीय, दृश्यकला, कार्यतरिका र सिर्जनशीलता, वातावरण विज्ञान, सामाजिक अध्ययन जस्ता विषयगत क्षेत्र समावेश गरिएका छन् ।

आधारभूत सिप सिकाइका क्षेत्रका लागि ३८४ र विषयगत सिप सिकाइ क्षेत्रका लागि १९२ गरी कुल ५७६ घण्टा पाठ्यक्रमको कार्यान्वयनमा खर्च हुने गरी संरचित यस पाठ्यक्रमको अध्ययन र निर्धारित सिकाइ उपलब्धिसँग परिचित नभई पाठ्यक्रमको मर्म अनुकूल सिकाइ तथा विकासात्मक क्रियाकलाप सञ्चालन असम्भव देखिन्छ । निर्धारित सिकाइ क्षेत्र र उपलब्धिहरू पूरा गराउने गरी दैनिक सिकाइ क्रियाकलाप सञ्चालन गर्न पाठ्यक्रममा दिइएको दैनिक कार्यतालिकाको प्रयोग र कार्यान्वयनका क्रममा देखिने वा सामना गर्नुपर्ने समस्या यस सत्रमा छलफलको विषय बनेको छ । बालबालिकाको सर्वाङ्गीण विकासमा आधारित सिकाइ क्रियाकलाप सञ्चालन गरी कक्षा १ का लागि तयार पार्ने प्रारम्भिक बालविकासको मर्म पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर गर्दछ । यसका लागि बालविकास शिक्षक पाठ्यक्रमसँग परिचित हुनुपर्ने छ । छलफलको विषय यसको प्रयोगमा देखिएका वा भोगिएका सकारात्मक र सुधारात्मक विषयमा केन्द्रित गरिने छ ।

उद्देश्यः पाठ्यक्रमको कार्यान्वयन गर्न दैनिक कार्यतालिकाको रचनात्मक प्रयोग गर्न सक्षम हुने

| ५ "स" | **क्रियाकलापहरू** | **समय** | **सामग्री** |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | निम्न विषयहरूमा केन्द्रित भई छलफल अघि बढाउनुहोस् ।<br>प्रारम्भिक बालविकास पाठ्यक्रमको कार्यान्वयन गर्दा प्रक्रिया र परिणाममा के कस्ता सकारात्मक अनुभवहरू हासिल भएका छन् ?<br>प्रक्रियाः सहभागीहरूसँग देहायअनुसार पाठ्यक्रम र त्यसको कक्षाकोठामा गरिएको प्रयोगबाट प्राप्त भएका सकारात्मक सन्देशका विषयमा छलफल चलाउनुहोस् ।<br>१.प्रारम्भिक बालविकास पाठ्यक्रमले तपाईंलाई बालबालिकाको सिकाइ क्रियाकलाप सञ्चालन गर्न कसरी सघाएको छ ?<br>२.पाठ्यक्रममा प्रकाशित गरिएको अनुसूची १ मा उल्लेखित दैनिक कार्यतालिका प्रयोगले तपाईंलाई कुन कुन कुरामा मद्दत गरेको छ ?<br>- दैनिक कार्यतालिका अनुसार आधारभूत सिप सिकाइ क्षेत्र र विषयगत क्षेत्रका लागि निर्धारित सिकाइ उपलब्धिहरू पूरा गराउन कसरी क्रियाकलापहरू बनाउनुहुन्छ ?<br>- के तपाईलाई यसले सिकाइ क्रियाकलापको अतिरिक्त मूल्याङ्कन तथा विधिहरूको छनौट गर्न पनि सघाउँछ ? कसरी ?<br>- के निर्धारित दैनिक कार्यतालिकालाई तपाईंले (शिक्षकले) मौलिक र रचनात्मक क्रियाकलाप सञ्चालन गर्न प्रयोग | ३० मिनेट | कापी कलम |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | गर्नुभएको छ ? कसरी ? | | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | क) पाठ्यक्रममा उल्लेख गरिएका आधारभूत सिप सिकाइ क्षेत्र र विषयगत क्षेत्रका लागि निर्धारित क्रियाकलापहरू सञ्चालन गर्न निर्धारण गरिएको दैनिक कार्यतालिका पर्याप्त छ छैन भने यसमा के कस्ता ? सुधार गर्नु जरुरी छ?<br>छलफलमा आउन सक्ने सम्भावित विषयहरू<br>- आवश्यक सामग्री नभएकाले क्रियाकलाप गराउन कठिनाइ<br>- सामग्री निर्माणको लागि समय व्यवस्थापन<br>- आधारभूत सिप सिकाइ क्षेत्र र विषयगत क्षेत्रका क्रियाकलापलाई समन्वय गर्न कठिनाइ<br>- निर्धारित कार्यघण्टा (आधारभूत सिप सिकाइ क्षेत्र ३८४ र विषयगत सिकाइ क्षेत्र १९२ कार्यघण्टा) वास्तविक व्यवहारसँग मेल खान कठिनाइ,<br>- सिकाइ कुना लगायत बाह्य क्षेत्रमा आवश्यक सामग्री नहुँदा क्रियाकलाप गराउन कठिनाइ,<br>- दैनिक कार्यतालिकामा दिएको समय र वास्तविक अभ्यासबीच तालमेल कम आदि ।<br>ख) देखिएका वा भोगिएका समस्याहरूको समाधानका लागि के कस्ता उपायहरू अपनाउने गर्नुभएको छ त ?<br>सम्भावित उपायहरू<br>✓ प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिसँग छलफल<br>✓ अभिभावकसँग सहयोग<br>✓ स्थानीय सरकारसँग सहयोग<br>✓ पाठ्यक्रमको विज्ञसँग प्राविधिक विषयमा राय तथा परामर्श<br>✓ दैनिक कार्यतालिकालाई समयसापेक्ष सुधार गरी प्रयोग<br>✓ सामग्री सङ्कलन र प्रयोग आदि । | १ घण्टा | |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
| --- | --- | --- | --- |
| सन्देश तथा विषयवस्तुको जानकारी | माथि छलफल भएका विषयवस्तुका आधारमा मुख्य सन्देशलाई नेतृत्वकर्ता शिक्षकले सङ्क्षेपीकरण गरी सार कुरा प्रस्तुत गर्नुहोस् ।<br>मुख्य सन्देशः<br>• प्रारम्भिक बालविकास पाठ्यक्रम २०७७ मा आधारभूत सिप सिकाइ क्षेत्र र विषयगत क्षेत्र गरी दुई सिकाइ क्षेत्र निर्धारण गरिएका छन् । पहिलो सिप सिकाइ क्षेत्र बालबालिकाको सर्वाङ्गीण विकासका क्रियाकलापमा ज्यादा केन्द्रित छ भने दोस्रो विषयगत सिकाइसँगै विकासात्मक क्रियाकलापतर्फ उन्मुख गराउने गरी विकास गरिएको छ ।<br>• दुवै सिकाइ क्षेत्रका लागि सिकाइ उपलब्धिहरू निर्धारण गरिएको छ । पहिलो आधारभूत सिप सिकाइ क्षेत्रका लागि ३८४ कार्यघण्टा र दोस्रो अर्थात विषयगत क्षेत्रका लागि १९२ घण्टा गरी कुल ५७६ घण्टा निर्धारित छ ।<br>• पाठ्यक्रमले सिकाइ उपलब्धि निर्धारण, विधि छनौट, शैक्षिक सामग्री व्यवस्थापन चयन र प्रयोग, विषयगत क्षेत्र पहिचान र संयोजन, क्रियाकलाप तर्जुमा, बालबालिकाको मूल्याङ्कन आदि कार्यका लागि मार्गनिर्देश गर्छ ।<br>• दैनिक ४.५ घण्टाका दरले सञ्चालन हुने गरी पाठ्यक्रममा नै दैनिक कार्यतालिका प्रस्तुत गरिएको छ । यसले निर्धारित दुवै क्षेत्रको सिकाइ तथा विकासात्मक क्रियाकलापहरू सञ्चालन गर्न गराउन सहयोग पुऱ्याउँछ ।<br>• दैनिक कार्यतालिका शिक्षकका लागि निकै उपयोगी छ तथापि आधारभूत सिप सिकाइ क्षेत्र र विषयगत सिकाइ क्षेत्रको समन्वयात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्ने कुरा चुनौतीपूर्ण छ । आवश्यक भौतिक पूर्वाधार र शैक्षिक सामग्रीको अभावमा दैनिक कार्यतालिकाको प्रयोग चुनौतीपूर्ण रहेको छ ।<br>• दैनिक कार्यतालिकाको प्रयोग कुनै स्थिर वा यान्त्रिक ढङ्गबाट भन्दा पनि परिवेश, आवश्यकता आदि विविध विषयलाई ख्याल गरेर त्यसको मौलिक तथा रचनात्मक प्रयोग गर्न शिक्षकले ध्यान दिनुपर्छ।किनभने सिकाइ कक्षाको अभ्यास र | ३० मिनेट | |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | कार्यतालिकाको समय हुबहु मेल नखान पनि सक्छ ।<br>• शिक्षकले विद्यालय तथा मातृविद्यालयका प्रधानाध्यापक मार्फत व्यवस्थापन समिति र सम्बन्धित स्थानीय तहको सम्बन्धित शाखासँग सम्पर्क गरी व्यवस्थापकीय क्षेत्रका समस्या हल गर्न गराउन आवश्यक पहल गर्नुपर्छ । | | |
| समीक्षा | • आजको छलफल कस्तो रह्यो ?<br>• आजको छलफल सिकाइ क्रियाकलापका लागि कतिको उपयोगी छ ?<br>• आगामी बैठकलाई यो भन्दा उपयोगी बनाउन के गर्नुपर्ला ?<br>सैद्धान्तिक कुरा र अनुभवजन्य कुरामा धेरै अन्तर पनि हुनसक्छ । शिक्षकले अनुभवमा देखिएका वास्तविक समस्याहरू टिपोट गरेर राखी बैठकमा छलफल हुँदा प्रस्तुत गर्नुपर्छ । बैठकमा बस्दा के के समस्या हुन सक्छ भनेर अनुमान वा हचुवामा जानुभन्दा के के मा कस्तो भनेर प्रस्तुत हुन सके मात्र बैठक सार्थक हुने हुन्छ । बालविकास शिक्षकले पनि दैनन्दिनमा सामना गर्नुपरेका यस सम्बन्धी समस्यालाई विद्यालय तथा बालविकास केन्द्रमा हुँदा नै टिपोट गरी राख्नुपर्छ र बैठकमा जाँदा त्यो उपयोगी बन्छ । | ३० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | कक्षाकोठामा फर्केर शिक्षकले के कस्तो कुरा गर्न सकिन्छ, सङ्कल्प र विस्तृत योजना निर्माण गर्नुहोस् ।<br>उदाहरणः<br>केः आधारभूत र विषयगत सिकाइ क्षेत्रको समन्वयात्मक रूपमा क्रियाकलाप सञ्चालन गर्न योजना बनाउने ।<br>किनः पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरू पूरा गर्न मद्दत पुग्ने छ ।<br>कसरीः आवश्यक भित्री र बाहिरी क्रियाकलापका लागि आवश्यक पर्ने शैक्षिक सामग्री र पूर्वाधार निर्माण गराउने । सामग्री जुटाउने र दैनिक कार्यतालिका अनुसार क्रियाकलाप सञ्चालन गर्ने । दुवै विषय क्षेत्रका क्रियाकलापहरूलाई छुट्याइएको कार्यघण्टासँग तादाम्य मिलाई सञ्चालन गर्ने गरी योजना बनाउने । बालविकास केन्द्रमा विभिन्न कारणले पूर्ण वातावरण बनिसकेको छैन भने पनि वा अत्यावश्यक वातावरण निर्माण नभइसकुञ्जेल वैकल्पिक उपायहरू अपनाउने । | ३० मिनेट | |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | कतिपय वस्तुगत तथ्य र समस्याहरू के कस्ता छन् मोबाइलमा भिडियो खिच्ने र बैठकमा ल्याएर प्रस्तुत गर्ने<br>कहिलेसम्मःअर्को बैठकमा पुराना समस्या समाधानको अवस्था प्रस्तुत गर्दै नयाँ समस्या के आए त्यस विषयलाई प्रस्तुत गर्ने । | | |

## ६.४. सिकाइमा विविध विधिहरूको प्रयोग

प्रारम्भिक बालविकासका बालबालिकालाई उनीहरूको सर्वाङ्गीण विकास र विकासलाई सहयोग गर्ने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने हुन्छ । कस्तो सिकाइ क्रियाकलाप सञ्चालन गर्ने भन्ने कुरा बालबालिकाको रुचि स्तर र क्षमतामा निर्भर गर्छ । साथै प्राप्त सामग्री र त्यसको प्रयोगमा पनि विधि निर्भर गर्छ । एकै प्रकारको विधि सबै क्रियाकलापका लागि उपयुक्त हुँदैन । प्रारम्भिक बालविकास पाठ्यक्रम २०७७ मा खेल, गीत, कविता, कथा, प्रदर्शन तथा श्रव्यदृश्य सामग्रीबाट क्रियाकलाप सञ्चालन गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । यसै गरी अवलोकन परियोजना कार्य र छलफल जस्ता विधिहरू पनि सिकाइमा प्रयोग हुने विधिमा पर्छन् । कुशल शिक्षकले सिकाइको विषयवस्तुको प्रकृतिलाई बोध गरेर उपयुक्त विधि तथा क्रियाकलाप बनाएर सिकाइ क्रियाकलाप सञ्चालन गर्छन् । यस सत्रमा प्रारम्भिक बालविकास केन्द्रमा प्रयोग हुने विधिहरू र ती विधिको सहज प्रयोगका सम्बन्धमा छलफल गरिने छ ।पाठ्यक्रमको अध्ययन गरेका र कक्षाकेन्द्रमा सिकाइ सहजीकरण गरेका शिक्षक यस छलफलका लागि उपयुक्त पात्र हुनेछन् ।

उद्देश्यः बालबालिकाको सिकाइमा विभिन्न विधिहरूको प्रयोग सम्बन्धमा स्पष्ट हुने

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | निम्न प्रश्नहरूका आधारमा नेतृत्वकर्ता शिक्षकले सहभागीहरूसँग छलफल गर्नुहोस् ।सबै बालविकास शिक्षकहरूलाई पालैपालो आफ्नो अनुभव व्यक्त गर्ने अवसर दिनुहोस् ।<br>प्रारम्भिक बालविकासको सिकाइ सहजीकरण गर्दा तपाईंले के के विधि प्रयोग गर्नुभएको छ ? ( खेल, कथा, गीत, अभिनय, प्रदर्शन आदि )<br>- कुन कुन विधि प्रयोग गर्दा बालबालिका धेरै खुसी | ३० मिनेट | कापी<br>कलम |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | भएको पाउनुभयो ?<br>- निर्धारित सिकाइ उपलब्धि पूरा गराउन कुन कुन विधि ज्यादा उपयोगी पाउनुभयो ?<br>- तपाईंले प्रयोग गर्नु भएको फरक फरक विधिले बालबालिकाको व्यवहारमा के कस्ता परिवर्तन ल्याएको पाउनुभयो ? | | |
| समस्या विश्लेषण<br>(कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | तपाईंले यी फरक फरक विधि प्रयोग गर्दा वा गर्न के कस्ता कठिनाइ अनुभव गर्नुभएको छ? एक अर्काका अनुभव साझेदारी गर्नुहोस् ।(नेतृत्वकर्ता शिक्षकले सबै सहभागीका अनुभवहरू साझेदारी गर्न सबैलाई पालो दिनुहोस् ।)<br>सम्भावित कठिनाइहरू<br>- शैक्षिक सामग्रीको अभाव<br>- बालबालिकाको उमेरगत भिन्नताले परेको प्रभाव<br>- स्थान अभाव<br>- समय अभाव<br>- व्यवस्थापन /प्रशासन र अभिभावकको सहयोग<br>देखापरेका समस्यालाई कसरी समाधान गर्ने गर्नुभएको छ ? | १ घण्टा | |
| सन्देश तथा विषयवस्तुको जानकारी | माथि गरिएका छलफलका आधारमा नेतृत्वकर्ता शिक्षकले बहुविधिको प्रयोगको उपयोगिताको सार प्रस्तुत गर्नुहोस् ।<br>मुख्य सन्देशः<br>• फरक फरक विधिको प्रयोगले बालबालिकालाई सिक्नका लागि थप उत्प्रेरित गर्छ ।<br>• सबै बालबालिकाका लागि एउटै विधि उपयुक्त हुँदैन । फरक फरक विधि प्रयोग गर्दा फरक फरक आवश्यकताको सम्वोधन हुन्छ ।तर फरक विधिको नाममा बालबालिकाका लागि उपयुक्त नहुने वा स्तरअनुसार नहुने विधि प्रयोग गर्नुहुँदैन ।<br>• फरक विधिको प्रयोगले बालबालिकालाई जिज्ञासु बनाउने र अझ धेरै तरिकाबाट सोच्न सक्ने क्षमता विकास गराउँछ । | ३० मिनेट | |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | • बहुविधिको प्रयोग पाठ्यक्रममा आधारित भएर गर्नुपर्छ र यसका लागि शिक्षक तालिम प्राप्त वा दक्ष हुनुपर्छ ।<br>• विविध विधिको प्रयोग गर्ने तयारीले शिक्षकलाई थप क्रियाशील आविष्कारमुखी बनाउँछ ।<br>• फरक विधि प्रयोग गर्ने वातावरण बनाउन विद्यालय तथा केन्द्र व्यवस्थापकको महत्त्वपूर्ण भूमिका हुन्छ । | | |
| समीक्षा | नेतृत्वकर्ता शिक्षकले छलफलमा उठेका र प्रस्तुत भएका कुराको समीक्षा गराउनुहोस् ।<br>• छलफल कस्तो लाग्यो ?<br>• नयाँ वा फरक विधि प्रयोग गर्नुअघि शिक्षकको तयारी कस्तो हुनुपर्ने रहेछ ?<br>• एउटै तरिका वा विधिमा अभ्यस्त भइरहेका बालबालिकालाई फरक विधिमा लैजान के के कुरामा ध्यान दिनुपर्ने रहेछ ?<br>• साथीहरूले गर्ने गर्नुभएको अभ्यास कुनचाहिँ अझ उपयुक्त लाग्यो ? | ३० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | यस छलफलबाट फर्केर प्रारम्भिक बालविकास केन्द्रमा फर्किएपछि अब नयाँ कुरा के के गर्न सकिएला ? (योजना तथा कार्यक्रम बनाउन लगाउनुहोस्)<br>क) के ? छलफल गरिएका विभिन्न विधिहरू बालबालिकामा प्रयोग गर्ने खाका बनाउने ।<br>ख) किन ? बालबालिकालाई रमाइलो र उनीहरूकै भावना अनुसार सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।<br>ग) कसरी ? ती विधिहरूको प्रयोग गर्नुपूर्व त्यसलाई बालबालिकाका लागि सुरुचिपूर्ण बनाउने तरिका के के हुनसक्छ विचार गर्ने ।<br>प्रारम्भिक बालविकास केन्द्रको आन्तरिक र बाह्य ( In door and outdoor Activities) दुवै क्रियाकलाप निर्माण गर्दा वा सञ्चालन गर्दा फरक फरक विधि प्रयोग गर्ने प्रयत्न गर्ने । | ३० मिनेट | |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | अनुसन्धानः कुन विधि प्रयोग गर्दा ज्यादा बालबालिका खुसी भए वा सिक्न तयार भए टिपोट गर्ने ।<br><br>मूल्याङ्कनः कुन विधिको प्रयोगले सिकाइलाई ज्यादा प्रभावकारी बनायो मूल्याङ्कन गर्ने ।<br><br>कुन कुन विधि रोचक र उपयोगी हुँदाहुँदै पनि आन्तरिक सिकाइ क्रियाकलापको व्यवस्थापकीय कारण सञ्चालन गर्न सकिएको छैन ? त्यसका लागि अत्यावश्यक पक्ष के के हुन् ? ती कुरा जुटाउन विद्यालय व्यवस्थापन समिति, स्थानीय तह लगायत सरोकारवाला पक्षसँग कुरा लैजाने ।<br><br>कहिलेसम्मः बालबालिकाका लागि उपयुक्त सबै विधिहरूको प्रयोगसहितका सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । एउटा बैठकपछि गरिने त्यस्ता क्रियाकलापबाट प्राप्त हुने सकारात्मक उपलब्धि समस्या टिपोट गरी अर्को बैठकमा प्रस्तुत गर्नुपर्छ । | | |

## ६.५. प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड

४८ देखि ६० महिनाका बालबालिकाले जान्नैपर्ने र गर्नसक्ने क्षमताको स्तरीकरणका लागि विकास गरिएको दस्ताबेज हो प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड । यसमा क्षेत्र, उपक्षेत्र, विशिष्ट पक्ष तथा निश्चित उमेर समूहका लागि स्तर निर्धारण गरिएको छ। यी निर्धारित स्तर प्राप्त गर्न सिकाइ क्रियाकलाप दिइएको छ जसका लागि प्रमाणित सूचक निर्धारण गरिएका छन्। आजको घुम्ती बैठक यही प्रारम्भिक सिकाइ तथा विकास मापदण्डको विषयमा केन्द्रित रहेको छ।

उद्देश्यः प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका बारेमा प्रष्ट हुने ।

| ५ "स" | क्रियाकलापहरू | समय | सामाग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | सहभागीहरूसँग निम्न प्रश्नमा रहेर छलफल गर्ने<br>१. के सबै बालबालिकाको विकास र सिकाइ एकै किसिमको हुन्छ ?<br>२. बालबालिकाको विकास र सिकाइका लागी अपनाइएका तरिकाहरू के के छन् ? अपनाइएका तरिकाहरूका प्रभावकारिता के के छन् ? | २० मिनेट | सामान्य छलफल |
| समस्या विश्लेषण | बालबालिकाको विकास र सिकाइका निमित्त क्रियाकलाप गर्दा के कस्ता चुनौती आउँछन् | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, |

| ५ "स" | क्रियाकलापहरू | समय | सामाग्री |
|---|---|---|---|
| (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | • विभिन्न उमेरका बालबालिका<br>• सामग्रीको अभाव<br>• स्थानको अभाव<br>• अभिभावक | | साइनपेन, कापी, डटपेन |
| सन्देश तथा विषयवस्तुको जानकारी | माथि छलफल भएका विषयवस्तुका आधारमा मुख्य सन्देशलाई सङ्क्षेपीकरण गरिदिनुहोस् ।<br>मुख्य सन्देशः<br>- प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड बालबालिकाले जान्नैपर्ने र गर्नसक्ने क्षमताको स्तरीकरणका लागि विकास गरिएको राष्ट्रिय मापदण्ड हो।<br>- हाललाई ४८ देखि ६० महिना उमेर समूहका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड निर्माण भएको छ।<br>- मापदण्डका प्रत्येक क्षेत्रहरू चार तहमा लेखिएका छन्। ती हुन्- मुख्य क्षेत्र (यस भित्र उप-क्षेत्र र विशिष्ट पक्षहरू पर्दछन्), मापदण्ड, सूचक र सिकाइ वातावरण तथा क्रियाकलाप। | ३० मिनेट | |
| समीक्षा | • आजको विषयवस्तुसम्बन्धी तातो आलु खेलबाट के के सिकाइ भयो भन्न लगाउने।<br>• स्पष्ट नभएका कुनै विषयवस्तु भए थप प्रष्ट पार्ने । | १० मिनेट | बल |
| सङ्कल्प र योजना निर्माण | • सिकेका कुराबाट के के गर्ने भनी योजना बनाउनुहोस् र सङ्कल्प गर्नुहोस्।<br>• जस्तैः प्रारम्भिक सिकाइ तथा विकास मापदण्डलाई सहयोग हुने गरी क्रियाकलापको योजना दैनिक कार्यतालिकामा समावेश गर्ने।<br>• प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड विस्तृत अध्ययन गर्ने। | ३० मिनेट | |

प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित बालबालिकाको सर्वाङ्गीण विकासका क्षेत्र, उपक्षेत्र एवम् सूचकहरू र सोमा आधारित नमूना क्रियाकलापको विस्तृतीकरण अनुसूची १ मा दिइएको छ।

## ६.६.प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) को प्रयोग

४८ देखि ६० महिनाका बालबालिकाको सिकाइ तथा विकासको स्तर मापन गर्न प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका आधारमा तयार गरिएका सूचकहरूसहितको विवरण नै प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) हो । यसैका आधारमा नै बालबालिकाको सिकाइ तथा विकासको स्तर मापन गरी सिकाइका थप रणनीतिहरू अपनाउने गरिन्छ। आजको बैठक प्रारम्भिक सिकाइ तथा प्रगति विवरण र यसको प्रयोग विधिबारे केन्द्रित हुनेछ।

उद्देश्यः प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) को प्रयोगको बारेमा प्रष्ट हुने ।

नोटः यस विषयमा घुम्ती बैठक चलाउनका लागि सबैले प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित प्रारम्भिक बालविकास तथा शिक्षा टिपिडी-२ तालिम लिई कक्षाकोठामा यसको प्रयोग गरिरहेको हुनुपर्दछ । प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण(ELDS Report Card)बारे विस्तृत जानकारी निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकामा उपलब्ध छ।

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा( | निम्न प्रश्नको उत्तर सहभागीहरू सबैले कापीमा टिपोट गर्नुहोस् र सबैसँग छलफल गर्नुहोस् ।<br>प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण(ELDS Report Card) को प्रयोगले कक्षाकोठामा के कस्ता सकारात्मक परिवर्तन देखिएको छ?<br>- बालबालिकामा के कस्तो परिवर्तन देखिएको छ?<br>- शिक्षकलाई कसरी सजिलो भएको छ ?<br>- अभिभावकमा के कस्तो परिवर्तन देखिएको छ ? | ३० मिनेट | कापी कलम |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण(ELDS Report Card) सञ्चालन गर्दा/ गर्न के कस्ता समस्या परेका छन् ?<br>छलफल हुन सक्ने बुँदाहरू<br>- कार्यगत सीमितता पहिचान<br>- मूल्याङ्कन क्रियाकलाप गर्ने तरिका | १ घण्टा | निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | - स्कोरिङ्ग गर्ने तरिका<br>- समग्र उपलब्धि तथा चुनौती लेख्ने तरिका<br>- निदानात्मक सिकाइ रणनीति<br>- अभिभावक परिचालन<br>छलफलमा आएका विषयवस्तुहरू सहभागीहरू आफैंले समाधान गर्ने कोसिस गर्नुहोस् ।<br>निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिकामा विस्तृत अध्ययनले पनि यसमा सहयोग पुऱ्याउने छ । | | |
| सन्देश तथा विषयवस्तुको जानकारी | माथि छलफल भएका विषयवस्तुका आधारमा मुख्य सन्देशलाई नेतृत्वकर्ता शिक्षकले सङ्क्षेपीकरण गरिदिनुहोस् ।<br>मुख्य सन्देशः<br>• निर्माणात्मक मूल्याङ्कनले बालबालिकाको सिकाइ तथा विकासको पहिचान गर्न र निदानात्मक सिकाइ रणनीति तयार पार्न मद्दत गर्दछ ।<br>• बालबालिकाको सिकाइ तथा विकासलाई दैनिक रूपमा अवलोकन तथा खेल विधिबाट मूल्याङ्कन गर्दै जानुपर्छ ।<br>• बालबालिकाले गरेका क्रियाकलापहरूलाई पोर्टफोलियोमा राख्नुपर्छ र त्रैमासिक रूपमा अभिभावकलाई भेटेर प्रगति विवरण सहित देखाउनु पर्छ ।<br>• यसले शिक्षक र अभिभावकको सम्बन्धलाई राम्रो बनाउन पनि सहयोग गर्दछ । | ३० मिनेट | |
| समीक्षा | नेतृत्वकर्ता शिक्षकले सङ्क्षेपीकरण गरेका विषयवस्तुमा छुटेका कुरा र शिक्षकले आजको बसाइबाट सिकेका कुराहरूमा आधारित रहेर छलफल गर्नुहोस् । | १० मिनेट | |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| सङ्कल्प र योजना निर्माण | कक्षाकोठामा फर्केर शिक्षकले के कस्तो कुरा गर्न सकिन्छ, सङ्कल्प र विस्तृत योजना निर्माण गर्नुहोस् ।<br>उदाहरणः<br>केः पोर्टफोलियोको उचित व्यवस्थापन<br>किनः बालबालिकाको सिकाइ तथा विकासमा भएको प्रगतिलाई तथ्यमा आधारित र देखिने बनाउन ।<br>कसरीः हरेक बालबालिकाको लागि एउटा फाईल बनाउने । बालबालिकाले कक्षामा बनाएका विभिन्न चित्र, रङ भरेका कुराहरू, बनाएका कुराहरू त्यसमा राख्ने । बालबालिकाले गर्ने क्रियाकलापको मोवाइलमा भिडियो बनाउने र अभिभावक बैठक हुँदा देखाउने वा अभिभावकले मोवाइल चलाउने भए सेयर गर्ने ।<br>कहिलेसम्मः अर्को बैठकसम्म | ३० मिनेट | |

प्रारम्भिक सिकाइ तथा प्रगति विवरण फारम अनुसूची २ मा छ।

## ६.७. बालबालिकाको प्रारम्भिक पहिचान र सिकाइमा विविधताको सम्बोधन

(Early Screening, understanding learning diversity )

बालविकास केन्द्रमा हुने सिकाइ गतिविधिहरूमा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्दै समावेशी सिकाइ सिर्जना गर्ने ज्ञान तथा सिपको विकासमा टेवा पुऱ्याउन तथा समावेशी शिक्षाको अवधारणामा रही अपाङ्गता भएका बालबालिकाका लागि प्रारम्भिक बालविकास शिक्षामा सहजीकरणका उपायका बारेमा परिचित गराउन यो विषय प्रस्तुत गरिएको छ ।

उद्देश्यः बालबालिकाको प्रारम्भिक पहिचान र सिकाइमा विविधताको (Early Screening, understanding learning diversity) को बारेमा प्रष्ट हुने ।

नोटः यस विषयमा घुम्ती बैठक चलाउनका लागि सबैले तालिम लिई कक्षाकोठामा यसको प्रयोग गरिरहेको हुनुपर्दछ ।

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | निम्न प्रश्नको उत्तर सहभागीहरू सबैले कापीमा टिपोट गर्नुहोस् र सबैसँग छलफल गर्नुहोस् ।<br>बालबालिकाको प्रारम्भिक पहिचान तथा सिकाइ विविधताको बुझाइ पछि कक्षाकोठामा सिकाइ क्रियाकलाप गराउँदा के कस्ता सकारात्मक परिवर्तन देखिएको छ ?<br>- बालबालिकामा के कस्तो परिवर्तन देखिएको छ ?<br>- शिक्षकलाई कसरी सजिलो भएको छ?<br>- अभिभावकमा के कस्तो परिवर्तन देखिएको छ ? | ३० मिनेट | कापी कलम |
| समस्या विश्लेषण<br>(कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालबालिकाको प्रारम्भिक पहिचान तथा सिकाइ विविधतालाई सम्बोधन गर्दा/ गर्न के कस्ता समस्या परेका छन् ?<br>छलफल हुन सक्ने बुँदाहरू<br>- कार्यगत सीमितता पहिचान<br>- विविध सिकाइ क्रियाकलापको प्रयोग<br>- अभिभावक परिचालन<br>छलफलमा आएका विषयवस्तुहरू सहभागीहरू आफैले समाधान गर्ने कोसिस गर्नुहोस् । | १ घण्टा | |
| सन्देश तथा विषयवस्तुको जानकारी | माथि छलफल भएका विषयवस्तुका आधारमा मुख्य सन्देशलाई नेतृत्वकर्ता शिक्षकले सङ्क्षेपीकरण गरिदिनुहोस् ।<br>मुख्य सन्देशः<br>• बालबालिकाको प्रारम्भिक पहिचान तथा सिकाइ विविधताको बुझाइले कक्षा व्यवस्थापनमा सहयोग गर्दछ ।<br>• बालबालिकाका लागि उपयुत क्रियाकलापहरू छान्न र सो अनुरूप कक्षा सञ्चालन गर्न सहयोग गर्दछ ।<br>• यसले बालबालिका, शिक्षक र अभिभावकको सम्बन्धलाई राम्रो बनाउन पनि सहयोग गर्दछ । | ३० मिनेट | |
| समीक्षा | नेतृत्वकर्ता शिक्षकले सङ्क्षेपीकरण गरेका विषयवस्तुमा छुटेका कुरा र शिक्षकले आजको बसाइबाट सिकेका कुराहरूमा आधारित रहेर छलफल | ३० मिनेट | |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | गर्नुहोस् । | | |
| सङ्कल्प र योजना निर्माण | कक्षाकोठामा फर्केर शिक्षकले के कस्तो कुरा गर्न सकिन्छ, सङ्कल्प र विस्तृत योजना निर्माण गर्नुहोस् ।<br>उदाहरणः<br>केः बालबालिकाको प्रारम्भिक पहिचान गर्न<br>किनः बालबालिकाको सिकाइ क्षमताको आधारमा क्रियाकलापको योजना बनाउन ।<br>कसरीः हरेक बालबालिकाको लागि व्यक्तिगत फायल बनाउने । बालबालिकाको क्षमता र आवश्यकता फायलमा राख्ने । बालबालिकाले कक्षामा गरेका क्रियाकलापहरूलाई फायलमा राख्ने तथा क्रियाकलापको मोवाइलमा भिडियो बनाउने र अभिभावक बैठक हुँदा देखाउने वा अभिभावकले मोवाइल चलाउने भए सेयर गर्ने ।<br>कहिलेसम्मःअर्को बैठकसम्म | ३० मिनेट | |

प्रारम्भिक पहिचानका लागि प्रयोग गरिने प्रश्नावली अनुसूची ३ मा छ।

## ६.८. स्थानीय सामग्री पहिचान तथा निर्माण

स्थानीय सिकाइ सामग्री भन्नाले आमाबुबा तथा परिवारका सदस्यहरूले स्थानीय रूपमा पाइने स्रोत साधनबाट बालबालिकाका लागि खेल्न तथा सिक्न तयार गरिदिएका सामग्री हुन्। स्थानीय सिकाइ खेल खेलौना र समुदाय वरिपरि पाइने वस्तुबाट बनाइने भएकाले सस्तो र सजिलै उपलब्ध हुन्छ। स्थानीय सिकाइ सामग्री गुणस्तरीय कक्षा सञ्चालन गर्न सहयोगी हुने भएकोले यो विषय छलफलका लागि राखिएको छ ।

उद्देश्यः स्थानीय सामग्री पहिचान तथा निर्माणको बारेमा प्रष्ट हुने ।

नोटः यस विषयमा घुम्ती बैठक चलाउनका लागि सबैले तालिम लिई कक्षाकोठामा यसको प्रयोग गरिरहेको हुनुपर्दछ।

सन्दर्भ सामग्रीः पाठ्यक्रम विकास केन्द्र, प्रारम्भिक बालविकास तथा शिक्षामा सिकाइ सहजीकरणका लागि स्थानीय सिकाइ सामग्री विकास सहायोगी पुस्तिका

https://moecdc.gov.np/storage/gallery/१७०५५५९२९८.pdf

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा( | निम्न प्रश्नको उत्तर सहभागीहरू सबैले कापीमा टिपोट गर्नुहोस् र सबैसँग छलफल गर्नुहोस् ।<br>स्थानीय सामग्री पहिचान तथा निर्माण पछि कक्षाकोठामा सिकाइमा क्रियाकलाप गराउँदा के कस्ता सकारात्मक परिवर्तन देखिएको छ?<br>- बालबालिकामा के कस्तो परिवर्तन देखिएको छ?<br>- शिक्षकलाई कसरी सजिलो भएको छ?<br>- अभिभावकमा के कस्तो परिवर्तन देखिएको छ ? | ३० मिनेट | कापी कलम |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू( | स्थानीय सामग्री पहिचान तथा निर्माण गर्दा/ गर्न के कस्ता समस्या परेका छन् ?<br>छलफल हुन सक्ने बुँदाहरू<br>- स्थानीय सामग्रीको अभाव<br>- सामग्री निर्माणको लागि समय व्यवस्थापन<br>- अभिभावक परिचालन<br>छलफलमा आएका विषयवस्तुहरू सहभागीहरू आफैंले समाधान गर्ने कोसिस गर्नुहोस् । | १ घण्टा | |
| सन्देश तथा विषयवस्तुको जानकारी | माथि छलफल भएका विषयवस्तुका आधारमा मुख्य सन्देशलाई नेतृत्वकर्ता शिक्षकले सङ्क्षेपीकरण गरिदिनुहोस् ।<br>मुख्य सन्देशः<br>• स्थानीय सामग्री पहिचान तथा निर्माणले बालबालिकाको सिकाइमा सहयोग गर्दछ ।<br>• कक्षा व्यवस्थापनमा सहयोग गर्दछ ।<br>• बालबालिकालाई दैनिक कार्यतालिका अनुरूप क्रियाकलापहरू गराउन सहयोग गर्दछ ।<br>• बालबालिकाको सिकाइमा अभिभावकको संलग्नता प्रवर्द्धन गर्छ ।<br>• यसले शिक्षक र अभिभावकको सम्बन्धलाई राम्रो बनाउन पनि सहयोग गर्दछ । | ३० मिनेट | |
| समीक्षा | नेतृत्वकर्ता शिक्षकले सङ्क्षेपीकरण गरेका विषयवस्तुमा छुटेका कुरा र शिक्षकले आजको बसाईबाट सिकेका कुराहरूमा आधारित रहेर छलफल | ३० मिनेट | |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | गर्नुहोस् । | | |
| सङ्कल्प र योजना निर्माण | कक्षाकोठामा फर्केर शिक्षकले के कस्तो कुरा गर्न सकिन्छ, सङ्कल्प र विस्तृत योजना निर्माण गर्नुहोस् ।<br>उदाहरणः<br>केः सामग्री व्यवस्थापन<br>किनः बालबालिकाको सिकाइ तथा विकासमा सामग्रीको प्रयोग गर्न ।<br>कसरीः हरेक विषयवस्तुसँग मिल्ने गरी सामग्री बनाउने । बालबालिकालई कक्षामा सामग्री प्रयोग गर्न दिने ।<br>अभिभावकलाई बोलाएर सामग्री निर्माण गर्न लगाउने ।<br>बालबालिकाले गर्ने क्रियाकलापको मोवाइलमा भिडियो बनाउने र अभिभावक बैठक हुँदा देखाउने वा अभिभावकले मोवाइल चलाउने भए सेयर गर्ने ।<br>कहिलेसम्मःअर्को बैठकसम्म | ३० मिनेट | |

## ६.९. प्रारम्भिक बालविकास शिक्षक र अभिभावक/समुदाय बीचको समन्वय, सञ्चार र सहभागिता/संलग्नता

विद्यालय शिक्षाको जगको रूपमा रहेको प्रारम्भिक बालविकास तथा शिक्षा बालबालिकाको सिकाइ तथा विकासको मूल थलो हो। यसको मुख्य कर्ता बालविकास शिक्षक हो। बालविकास कक्षाको सिकाइ क्रियाकलापको गुणात्मकताको लागि बालविकास शिक्षकको एक्लो प्रयासले मात्र हुँदैन । यसका लागि बालविकास शिक्षक र अभिभावकवीच निरन्तर समन्वय, सम्पर्क र अन्तरक्रिया हुन जरुरी छ। आजको बैठक यिनै कुरामा केन्द्रित रहनेछ।

उद्देश्यः प्रारम्भिक बालविकास केन्द्रहरूमा अभिभावक तथा समुदायको संलग्नता बढाई बालबालिकाको सिकाइ अभिवृद्धि गर्न टेवा पुऱ्याउने ।

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | निम्न प्रश्नको उत्तर सहभागीहरू सबैले कापीमा टिपोट गर्नुहोस् र सबैसँग छलफल गर्नुहोस् ।<br>- अभिभावक तथा समुदायको संलग्नता हुँदा विद्यालय या केन्द्रमा देखिएका सकारात्मक पक्षहरू<br>- बालबालिकामा के कस्तो परिवर्तन देखिएको छ ? | ३० मिनेट | कापी कलम |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | - शिक्षकलाई कसरी सजिलो भएको छ ?<br>- अभिभावकमा के कस्तो परिवर्तन देखिएको छ ?<br>- प्रारम्भिक बालविकास केन्द्र प्रतिको बुझाइ कस्तो पाइएको छ ? | | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | शिक्षक र अभिभावक तथा समुदाय बीच समन्वय,सञ्चार र संलग्नता नहुँदा कक्षा सञ्चालन गर्दा/ गर्न के कस्ता समस्या परेका छन् ?<br>**छलफल हुन सक्ने बुँदाहरूः**<br>- सिकाइ विधि vs अभिभावकको दवाब<br>- अपनत्व नहुनु<br>- घरमा सिकाइ तथा खेल सामग्रीको उपलब्धता नहुनु<br>- अभिभावक परिचालन<br>- समुदायको प्राथमिकतामा प्रारम्भिक बालविकास केन्द्र<br>- **ELDS** को उद्देश्य प्राप्तिमा समस्या<br>छलफलमा आएका विषयवस्तुहरू सहभागीहरू आफैले समाधानका उपायहरू निक्यौंल गर्ने कोसिस गर्नुहोस् । | १ घण्टा | |
| सन्देश तथा विषयवस्तुको जानकारी | माथि छलफल भएका विषयवस्तुका आधारमा मुख्य सन्देशलाई नेतृत्वकर्ता शिक्षकले सङ्क्षेपीकरण गरिदिनुहोस् ।<br>मुख्य सन्देशः<br>• अभिभावक तथा समुदायसँग गरिने समन्वय र सञ्चारले विद्यालयमा संलग्नता र सहभागिता बढ्दै जान्छ ।<br>• संलग्नता र सहभागिता बढ्दै गएमा प्रारम्भिक बालविकास र शिक्षा प्रतिको बुझाइ पनि सुध्रिदै जान्छ । | ३० मिनेट | |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | • विश्वासको वातावरण बन्दै जान्छ ।<br>• एकअर्कामा नियमित सूचना र जानकारीहरू आदानप्रदान हुन थाल्दछन् ।<br>• घरमा पनि सिकाइमैत्री वातावरण बन्न मद्दत गर्दछ ।<br>• उत्तरदायी र जवाफदेहिता वृद्धि हुन्छ ।<br>• बालबालिकाको सिकाइको गुणस्तरमा सुधार हुँदै जान्छ ।<br>• समन्वय र सञ्चार आफैमा एक दक्षता (**Skill**) हो यसले शिक्षकको क्षमता विकास र नेतृत्वमा पनि मद्दत गर्दछ ।<br>• यसले शिक्षक र अभिभावकको सम्बन्धलाई राम्रो बनाउन पनि सहयोग गर्दछ । | | |
| समीक्षा | नेतृत्वकर्ता शिक्षकले सङ्क्षेपीकरण गरेका विषयवस्तुमा छुटेका कुरा र शिक्षकले आजको बसाइबाट सिकेका कुराहरूमा आधारित रहेर छलफल गर्नुहोस् । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | यो बैठक पश्चात शिक्षकले के कस्तो कुरा गर्न सकिन्छ, सङ्कल्प र विस्तृत योजना निर्माण गर्नुहोस् ।<br>उदाहरणः<br>केः समन्वय र सञ्चार संयन्त्र निर्माण<br>किनः बालविकास शिक्षक, अभिभावक र समुदायवीच निरन्तर अन्तर्क्रिया, समन्वय, सञ्चार र सम्बन्ध प्रभावकारी वनाउनु ।<br>कसरीः बैठकको कार्यतालिका निर्माण गर्ने, कार्यतालिका अनुसार नियमित बैठक सञ्चालन गर्ने<br>कहिलेसम्मः एक हप्ताभित्र कार्यतालिका निर्माण, त्यसपछि निरन्तर कार्यान्वयन | २० मिनेट | |

# अनुसूचि १

## प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड

## बालबालिकाको सर्वाङ्गीण विकासका क्षेत्र, उपक्षेत्र एवम् सूचकहरू र तिनलाई ५ "स" मा आधारित भएर छलफल गराउन सकिने नमूना क्रियाकलापहरू

**मुख्य क्षेत्र १ : शारीरिक विकास**

१.१. उपक्षेत्र : शारीरिक विकास

विशिष्ट पक्ष : स्थूल अङ्गको विकास

मापदण्ड/स्तर :

बालबालिकाले शरीरका स्थूल अङ्गहरूको तन्दुरुस्ती तथा समन्वयको प्रदर्शन गर्दछन् ।

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग शारीरिक विकास अन्तर्गत स्थूल अङ्ग सञ्चालन सम्बन्धी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग शारीरिक विकास अन्तर्गत स्थूल अङ्ग सञ्चालन सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी, डटपेन |
| सन्देश तथा विषयवस्तुको जानकारी | क्रियाकलाप<br>**१. खेल फित्तामा हिँड्न लगाउने**<br>प्रक्रियाः बालविकास शिक्षकहरूलाई चार समूहमा विभाजन गर्ने (रातो समूह, निलो समूह, हरियो समूह र पहेंलो समूह) । चार रङको खेल फित्तालाई भुइँमा बाङ्गोटिङ्गो गरेर गोलाकारमा (ठूलो गोलो रातोको, दोश्रो गोलो हरियोको, तेश्रो गोलो पहेंलोको र चोथो गोलो नीलो रङको खेलफित्ताको बनाउने) बिच्छ्याउने र त्यसमा बाजाको तालमा टाउकोमा बल राखेर हिँड्न लगाउने । यसैगरी समूह बदल्दै लैजाने ।<br>पुनः खेल फित्तालाई १/१ फिटको दुरीमा (फरक फरक रङको) सिधा गरेर राख्ने र बालविकास शिक्षकलाई उफ्रेर खेल | ३० मिनेट | खेल फित्ता,कपडाको बल |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | फित्तामा टेक्न लगाउने, हिंड्न लगाउने, उल्टो हिंड्न लगाउने प्रत्येक विषयमा स्थूल अङ्ग सञ्चालन हुनेगरी क्रियाकलाप गर्न लगाउने जस्तै: बोटबिरुवा विषयमा उफ्री उफ्री पात छुन लगाउने । म र मेरो शरीर विषयमा शरीरका अङ्गहरू छुन लगाउने । मेरो ठाउँ विषयमा छिमेकीको घर घुमाउन लैजाने। हाम्रो वातावरण विषयमा किराफट्याग्रा, चराचुरुङ्गी जनावरहरू जस्तै हिंड्न, उफ्रन लगाउने ।<br><br>नोटःपर्याप्त खेल फित्ता नभएमा डोरीको प्रयोग पनि गर्न सकिन्छ ।<br><br>**२. बोतल लडाउने खेल**<br><br>प्रक्रियाः सहभागीहरूलाई दुई लाईनमा उभ्याउने । सहभागीहरूको अगाडि ४ फिटको दुरीमा तीनकुने आकारमा स्याम्पो, पाउडर र पानीको बोतललाई भुईँमा ठड्याएर राख्ने । अगाडिको सहभागीले बल हानेर एकै पटकमा सबै बोतल ढाल्ने प्रयास गर्ने । कसले कतिवटा बोतल ढाल्यो गन्ने र अर्को सहभागीलाई पालो दिने । सहभागीको पालो नआएसम्म यो प्रक्रियालाई दोहोऱ्याउने ।<br><br>**३. चरा उडाउने खेल**<br><br>प्रक्रियाः सहभागीहरूलाई तीन जनाको समूहमा विभाजन गर्ने, सबैलाई गोलाकार वनाएर उभ्याउने । समूहमा रहेको तीनजना मध्ये एक जनालाई चरा बनाउने । अर्का दुईजना सहभागीहरूलाई चराको गुँड बनाउने र दुई हात माथि राखेर घर जस्तो बनाएर उभ्याउने । एकजना चरा वनेको सहभागीलाई घरभित्र राख्ने, एक जना वढी सहभागी र खेल खेलाउने दुईजना घेराको विचमा उभिने ।३ वटा निम्नलिखित कुराहरू भन्ने<br><br>१. चरा उड्यो उड्न लाग्यो उड्यो — भन्दा गुँडभित्र रहेका चराले च्याँ च्याँ च्याँ गर्दै पखेटा फैलाउँदै उड्दै अर्को गुँडमा पस्ने (सबैले चराले गुँड बदल्नै पर्नेहुन्छ । बाँकी रहेको एक जना चलाख भएर गुँडमा पस्ने, एक जना बाहिरिन्छ । उसले कामको नेतृत्व गर्ने ।<br><br>२. चरा उड्यो उड्न लाग्यो चरा उडेन — भन्दा चरा नउड्ने | <br><br><br><br><br><br><br><br><br><br><br><br><br>१५ मिनेट<br><br><br><br><br><br><br><br><br><br>३० मिनेट<br><br><br><br><br><br><br><br>३० मिनेट | <br><br><br><br><br><br><br><br><br><br><br><br><br>बल, सक्किएको स्याम्पु र पाउ डरको डब्बा, पानीको बोतल (आधापानी भएको बोतल ) |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | यथा स्थानमा रहने<br>३. चरा उड्यो उड्न लाग्यो गुँड भत्कियो — भन्दा चरा यथास्थानमा रहने, गुँड बनेको दुई जना सहभागीहरू फरक फरक चरा भएको स्थानमा गएर गुँड बन्ने, एक जना जगेडा सहभागी पनि छिटो गुँड बन्ने । यसरी यो प्रक्रियालाई दोहोऱ्याउने ।<br>**४. टायरमा हिँड्ने खेल**<br>प्रक्रियाः सहभागीहरूलाई बाहिर रहेको टायरमा सन्तुलन मिलाएर हिँड्न लगाउने (डेढ फिट तल गाडेको टायर हुनुपर्छ) | २० मिनेट | ६ वटा टायर गाडिएको चौर |
| समीक्षा | • आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र कुन क्रियाकलाप उपयुक्त लाग्यो, बालबालिकालाई यी खेल क्रियाकलाप दैनिक कार्यतालिका अनुसार कुन कुन समयमा गराउने छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा विषयवस्तु बुझिने कस्तो वातावरण बनाउने ?<br>• बालविकास केन्द्रमा स्थूल अङ्ग सञ्चालन गर्ने खेल सामग्रीहरू मिलाएर राख्ने<br>• बालविकास शिक्षकले विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>• बालविकास केन्द्रमा स्थूल अङ्ग सञ्चालन गर्ने खेल सामग्रीहरू तयार गर्ने, बनाउने, बालबालिका खेल्ने स्थान सफा गर्ने, सुरक्षा सम्वन्धि कार्य अपनाउने जस्तै — सिसा, ढुङ्गा, काँडाहरू पन्छाउने आदि ।<br>• बालबालिकालाई विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गराउने ?<br>• बालविकास केन्द्रमा बालबालिकालाई स्थूल अङ्ग सञ्चालन गर्ने खालका खेल दैनिक रूपमा खेलाउने<br>• अभिभावकलाई विषयवस्तु सम्बन्धी के गराउने ?<br>• घरमा पनि अभिभावकहरूलाई बालबालिकालाई स्थूल अङ्ग सञ्चालन गर्ने खालका सामग्री जुटाउन लगाउने, खेल्न प्रोत्साहन गर्ने, खेल्न लगाउने । | २० मिनेट | |

१.२. उपक्षेत्र : शारीरिक विकास

विशिष्ट पक्ष : सूक्ष्म अङ्गको विकास

मापदण्ड / स्तर :

१. बालबालिका सूक्ष्म मांसपेशीय अङ्गहरूको समन्वय र सञ्चालन गर्न सक्षम छन् ।

२. बालबालिकाले आँखा र हातको समन्वय गरी देखाउन सक्षम छन् ।

३. बालबालिका विविध सामग्री / वस्तुहरूको ठीक र नियन्त्रित रूपमा प्रयोग गर्न सक्षम छन् ।

| **५ "स"** | **क्रियाकलापहरू** | **समय** | **सामग्री** |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग शारीरिक विकास अन्तर्गत सूक्ष्म अङ्ग सञ्चालन सम्बन्धी के के क्रियाकलाप गराउनु भयो ? यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग शारीरिक विकास अन्तर्गत सूक्ष्म अङ्ग सञ्चालनसम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी |
| | **क्रियाकलाप १**: टाँस्ने च्यात्ने र मिलाउने, पटयाउने छुटयाउने र राख्ने, उन्ने बुन्ने र गन्ने खेल<br>प्रक्रियाः सहभागीहरूलाई तीन समूहमा विभाजन गर्ने, पहिलो समूहलाई टाँस्ने च्यात्ने र मिलाउने सामग्री दिने दोश्रो समूहलाई पटयाउने छुटयाउने र राख्ने खालको सामग्रीहरू दिने र तेश्रो समूहलाई उन्ने बुन्ने र गन्ने खालका सामग्रीहरू दिने । प्रत्येक समूहमा भएको सहभागीहरूलाई आआफ्नो समूहमा रहेको सामग्री खेल्न दिने र कुन अङ्ग चल्यो ? के विकास भयो ? लेख्न लगाउने यसैगरी सबै समूहमा पालो पालो गरेर सबैलाई खेल्न लगाउने ।<br><br>**क्रियाकलाप २**: विभिन्न चराहरूको आवाज निकालेर ताली बजाउने<br>प्रक्रियाः सहभागीहरूलाई दुई समूहमा विभाजन गर्ने एउटा समूहलाई विभिन्न चराहरूको आवाज निकाल्न लगाउने र अर्को समूहलाई ताली बजाउन लगाउने ।<br>यसरी यो प्रक्रियालाई दोहोऱ्याउने ।<br><br>**क्रियाकलाप ३**: माटोको खेल | ३० मिनेट<br><br><br><br><br><br><br><br><br><br><br>१ घण्टा | टाँस्न, च्यात्न र मिलाउनका लागि रंगीविरङ्गी कागजहरू, गम वा माड, कैची,, पटयाउने छुटयाउने र राख्नकालागि साना साना रुमाल का टुक्राहरू, विभिन्न आकारका पातहरू राख्नका लागि सानो नाङ्लो उन्न, बुन्न र गन्नका लागि माटो मुछन |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | सहभागीहरूलाई माटो मुछ्न लगाउने र मुछेको माटोबाट उनीहरूलाई मन पर्ने वस्तु तयार गर्न लगाउने ।<br><br>**नोटः यो खेल वातावरण विषयको चराचुरुङ्गी विषयमा खेलाउन सकिन्छ ।** | | भाँडा, माटो, पानी, नुन वा फिटकीरी |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र बालबालिकासँग प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | २० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा विषयवस्तु बुझिने कस्तो वातावरण बनाउने ?<br>• बालविकास केन्द्रमा सूक्ष्म अङ्ग सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरू आवश्यक ठाउँमा मिलाएर राख्ने ।<br>• बालविकास शिक्षकले विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>• बालविकास शिक्षकले सूक्ष्म अङ्ग सञ्चालन गर्न आवश्यक पर्ने सामग्री दैनिक रूपमा निर्माण गर्ने<br>• बालबालिकालाई विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गराउने ?<br>• बालविकास शिक्षकले बालबालिकासँग सूक्ष्म अङ्ग सञ्चालन गर्ने खेल र क्रियाकलाप दैनिक रूपमा गराउने<br>• अभिभावकलाई विषयवस्तु सम्बन्धी के गराउने ?<br>• अभिभावकहरूलाई सूक्ष्म अङ्ग सञ्चालन गर्ने अवसर घरमा पनि उपलब्ध गराउन सल्लाह दिने । | ३० मिनेट | |

१.३. उपक्षेत्र : शारीरिक विकास

विशिष्ट पक्ष : इन्द्रिय अङ्गको विकास

मापदण्ड/स्तर :

बालबालिका आफ्नो इन्द्रिय अङ्गहरूको प्रयोग गरी खेल्न र सिक्न सक्छन् ।

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्षहरू (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग शारीरिक विकास अन्तर्गत इन्द्रिय अङ्गको विकास गर्ने सम्बन्धी के के क्रियाकलाप गराउनु भयो ? यी क्रियाकलाप गराउँदा आएका सकारात्मक परिवर्तनहरू (पक्षहरू) के के हुन् छलफल गर्ने । | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग शारीरिक विकास अन्तर्गत इन्द्रिय अङ्ग सञ्चालन सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी |
| सन्देश तथा विषयवस्तुको जानकारी | **क्रियाकलाप १: वस्तु पहिचान(चिन्ने) गर्ने खेल**<br>**प्रक्रिया**<br>सहभागीहरूलाई पाँच समूहमा विभाजन गर्ने, प्रत्येक समूहलाई स्वाद, स्पर्श, सुनाइ, हेराइ र सुँघाइसम्बन्धी पाँच वटा सामग्री नाङ्लोमा व्यवस्थापन गर्ने । सबै सहभागीहरूको आँखामा पट्टी बाँधिदिने र तिनीहरूको अगाडि ती सामग्रीहरू छुन, सुँघ्न, सुन्न, छाम्न, र हेर्न दिने । यो क्रियाकलापलाई सबै सहभागीको पालो नआएसम्म दोहोऱ्याउने । | १ घण्टा ३० मिनेट | स्वादसम्बन्धी सामग्रीहरूमा नुन, चिनी, कागती, करेला वा निमको पात, हरियो, खुर्सानी आदि<br><br>स्पर्शसम्बन्धी सामग्रीहरूमाः चिप्लो र खस्रो वस्तु, ,नरम र कडा बुझाउने डोमिनो<br><br>सुनाइसम्बन्धी सामग्रीः विभिन्न प्रकारको ठूलो, सानो, मसिनो, मोटो) आवाज आउने खेलौना, ससाना डब्बामा मसिनो ढुङ्गा हालेर आवाज निकाल्ने डब्बा |

| ५ "स" | क्रियाकलापहरू | समय | सामग्री |
|---|---|---|---|
| | | | हेराइसम्बन्धी सामग्रीः विषयवस्तुको चित्र डोमिनो, चित्र पजल, चित्र किताव आदि<br>सुँघाइसम्बन्धी सामग्रीः प्याज, लसुन, एक वटा सानो डब्बामा कपासमा पेट्रोल भिजाएर राख्ने, स्याम्पोको खाली डब्बा, साबुनको खोल आदि । |
| समीक्षा | आजको विषयवस्तुको बुझाइ कस्तो भयो र बालबालिकासँग प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा इन्द्रिय अङ्गको विकास गर्न कस्तो वातावरण बनाउने ?<br>• बालविकास केन्द्रमा इन्द्रिय अङ्गको विकास गर्न आवश्यक पर्ने सामग्रीहरू जुटाई मिलाएर राख्ने ।<br>• बालविकास शिक्षकले इन्द्रिय अङ्गको विकाससम्बन्धी क्रियाकलापका लागि दैनिक रूपमा के के गर्ने ?<br>• बालविकास केन्द्रमा इन्द्रिय अङ्गको विकास गराउने सामग्रीहरू तयार गर्ने ।<br>• बालबालिकालाई बालविकास केन्द्रमा दैनिक रूपमा इन्द्रिय अङ्गको विकास हुने वा गराउने खालका खेल तथा क्रियाकलाप गराउने ।<br>• अभिभावकलाई इन्द्रिय अङ्गको विकास सम्बन्धी के गराउने ?<br>• अभिभावकहरूलाई बालबालिकाको इन्द्रिय अङ्गको विकास गराउने खेल तथा क्रियाकलाप गराउने अवसर प्रदान गर्न पहल गर्ने । | | |

१.४. उपक्षेत्र : स्वास्थ्य

विशिष्ट पक्ष : तन्दुरुस्ती

मापदण्ड/स्तर :

बालबालिका स्वास्थ र शारीरिक रूपमा सक्रिय छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकाको शारीरिक विकास अन्तर्गत स्वास्थ्य र तन्दुरुस्ती हुने सम्बन्धी के के क्रियाकलाप गराउनु भयो ? यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकाको शारीरिक विकास अन्तर्गत स्वास्थ्य र तन्दुरुस्ती हुने सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी |
| सन्देश तथा विषयवस्तुको जानकारी | **क्रियाकलाप १ : स्वास्थ्य जाँच गर्ने र खोप लगाउने खेल**<br>प्रक्रियाः सहभागी मध्य एक जना सहभागीलाई सुई लगाउने डाक्टर बनाउने, अर्को सहभागीलाई नर्स बनाउने, दुई जना सहभागीलाई कार्यालय सहयोगी बनाउने र बाँकी रहेका सहभागीहरूलाई लाम लगाएर उभ्याउने । उभिने सहभागीहरूलाई कार्यालय सहयोगी बन्ने सहभागीले लाम मिलाई दिने कार्य गर्ने । नर्स बन्ने सहभागीले नाम बोलाएर डाक्टर बन्ने सहभागी समक्ष लैजाने र डाक्टर बन्ने सहभागीले खोप लगाइ दिने र चेक जाँच गर्ने, बालबालिकाको स्थिति वयान गर्ने खालको क्रियाकलाप गर्ने ।<br>**क्रियाकलाप २ : बालबालिकाको स्वास्थ्य र पोषण जाँचको अभिलेख राख्ने**<br>प्रक्रियाः सहभागीहरूलाई एक एक वटा रजिस्टर दिने र त्यसमा सबै सहभागीहरूलाई स्वास्थ्य जाँच गरेको रेकर्ड राख्ने अभ्यास गर्न लगाउने | १५ मिनेट<br><br>२ घण्टा | डाक्टरले लगाउने एप्रोन, नर्सले लगाउने लुगा, जाच्ने र सुइ लगाउने उपकरण<br><br>रेकर्ड फाइल, रजिस्टर |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र यो प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | ३० मिनेट | |
| सङ्कल्प र | • बालविकास केन्द्रमा बालबालिकाको स्वास्थ्य र तन्दुरुस्ती विषय | २० | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| योजना निर्माण | झल्किने गरी कस्तो वातावरण बनाउने ?<br>• बालविकास केन्द्रमा बालबालिकाको स्वास्थ्य र तन्दुरुस्ती झल्किने खालका सामग्री व्यवस्थापन गर्ने ।<br>• बालविकास शिक्षकले स्वास्थ्य र तन्दुरुस्तीसम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>• बालविकास शिक्षकले स्वास्थ्य र तन्दुरुस्तीसम्बन्धी दैनिक रूपमा आवश्यक पर्ने सामग्री तयार गर्ने, जस्तैः स्वास्थ्य र पोषणसम्बन्धी विवरण अद्यावधिक बनाइ राख्ने ।<br>• बालबालिकालाई स्वास्थ्य र तन्दुरुस्तीसम्बन्धी दैनिक रूपमा के गराउने ?<br>• बालविकास शिक्षकले बालबालिकालाई स्वास्थ्य र तन्दुरुस्ती गराउने सम्बन्धी खेल तथा क्रियाकलाप दैनिक रूपमा गराउने ।<br>• अभिभावकलाई बालबालिकाका स्वास्थ्य र तन्दुरुस्तीसम्बन्धी क्रियाकालप गराउन कसरी तयार पार्ने ?<br>• अभिभावकलाई स्वास्थ्य र तन्दुरुस्तीसम्बन्धी क्रियाकलाप जस्तैः स्वास्थ्य जाँच, खोप, पोषण जस्ता कार्य गर्न प्रेरित गर्ने । | मिनेट | |

१.५. उपक्षेत्र : स्वास्थ्य

विशिष्ट पक्ष :सरसफाइ - व्यक्तिगत सरसफाइ

मापदण्ड/स्तरः

बालबालिकाले व्यक्तिगत सरसफाइ गरेर देखाउन सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकाको शारीरिक विकास अन्तर्गत व्यक्तिगत सरसफाइसम्बन्धी के के क्रियाकलाप गराउनु भयो ? यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका | बालविकास शिक्षकले बालबालिकाको शारीरिक विकास अन्तर्गत व्यक्तिगत सरसफाइसँग सम्बन्धित क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| समस्याहरू) | | | |
| सन्देश तथा विषयवस्तुको जानकारी | **क्रियाकलाप १ : व्यक्तिगत सरसफाइसम्बन्धी गीत**<br>प्रक्रियाः सहभागीहरूमध्ये एक जनालाई नाकको चित्र भएको टोपी बनाएर लगाइदिने, अर्कालाई कानको चित्र भएको टोपी बनाएर लगाइदिने । त्यसै गरी अरू सहभागीलाई आँखा, कपाल, नङको चित्र भएको टोपी बनाएर लगाइदिने र बाँकी रहेका सहभागीहरूमध्ये दुइजनालाई सहचालक (कन्डक्टर) बनाइदिने बाँकी रहेका सबै सहभागीहरूलाई यात्रु बनाइदिने र निम्न लिखित गीत गाउने<br>**गीत**<br>हाम्रो देशको मिनिबस - २<br>गुड्नलाई अब तयार छ,,<br>चालकले सुन लौ हर्न बजाए<br>सहचालकले सुन लौ सिठ्ठी बजाए<br>गुड्न लाग्यो हाम्रो बस टींटींट ........घुंई........<br>हाम्रो देशको मिनिवस, हेर अव गुड्दै छ<br>अव नाकपुर आइपुग्यो<br>सहचालकले सुन लौ सिठ्ठी वजाए<br>रुक्न लाग्यो हाम्रो बस...........पिपिप ........ठ्याँस..........<br>(सबै सहभागीहरूको रुमालले नाक पुछिदिने)<br><br>हाम्रो देशको मिनिवस - २<br>गुड्नलाई अब तयार छ,,<br>डाइवरले सुन लौ हर्न बजाए<br>खलासीले सुन लौ सिठ्ठी बजाए<br>गुड्न लाग्यो हाम्रो बस टींटींट ........घुंई........<br>हाम्रो देशको मिनिवस, हेर अव गुड्दै छ<br><br>अव कपालपुर आइपुग्यो<br>खलासीले सुन लौ सिठ्ठी बजाए<br>रुक्न लाग्यो हाम्रो बस...........पिपिप ........ठ्याँस.......... | १ घण्टा ३० मिनेट | न्यूज प्रिन्ट, मार्कर, मेटाकार्ड, डोरी, सीठ्ठी, |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | (सबै सहभागीहरूको काइँयोले कपाल कोरिदिने )<br>यसै गरी सबै अङ्गको सरसफाइ गर्न लगाउने )<br><br>क्रियाकलाप २ : व्यक्तिगत सरसफाइसम्बन्धी चित्र कथा प्रदर्शनी<br>प्रक्रियाःसहभागीहरूलाई बालबालिकाले व्यक्तिगत सरसफाइ गर्नका लागि प्रयोग गर्ने सामग्रीहरू जस्तै काइँयो, बुरुस, मञ्जन, नैना, रुमाल, सावुन, बाल्टिन, मग, धारा, हात धोएको, नुहाएको, एकजना आमा र एक जना बच्चाको चित्र बनाउन लगाउने<br>त्यस चित्रमा आधारित रहेर कथा बनाउने र सुनाउने<br><br>क्रियाकलाप ३ : हात धुनेसम्बन्धी प्रयोगात्मक अभ्यास<br>प्रक्रियाः सबै बालविकास शिक्षकहरूलाई लाइन लगाएर धारामा लैजाने , साबुन दिएर हात धुने सात चरणको अभ्यास गर्न लगाउने र हात सफासँग धोएमा धेरै रोग वाट बचिन्छ र हात खाना खानुअघि, खाना खाइसकेपश्चात, खेलिसकेपछि, दिसापिसाव गरे पश्चात धुने विषय र तरिकाका बारेमा छलफल गर्ने । | | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो ? यी माथि उल्लेखित क्रियाकलाप बालबालिकालाई गराउन उपुक्त छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा व्यक्तिगत सरसफाइमा जोड दिन कस्तो वातावरण बनाउने **?**<br>बालविकास केन्द्रमा व्यक्तिगत सरसफाइ गर्ने सामग्री देखिने गरी मिलाएर राख्ने ।<br>• बालविकास शिक्षकले व्यक्तिगत सरसफाइसम्बन्धी दैनिक रूपमा के गर्ने **?**<br>बालविकास केन्द्रमा व्यक्तिगत सरसफाइ गर्ने सामग्री ( रुमाल, काईयो, ऐना, नेलकटर, सावुन, पानी) व्यवस्थित गरेर राख्ने<br>• बालबालिकालाई व्यक्तिगत सरसफाइ सम्बन्धी दैनिक रूपमा के गराउने **?**<br>बालबालिकाको प्रत्येक दिन कपाल कोरिदिने, हप्तामा एक पटक नङ काटिदिने, साबुन पानीले खाजा खानु अघि, फोहोर छोएर पश्चात, दिशा पिसाव गरेर आए पश्चात र सिकाइ क्षेत्रमा खेले पश्चात हात धोई दिने, मुख सफा गरिदिने जस्ता कार्य दैनिक रूपमा गर्ने । | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | • अभिभावकलाई व्यक्तिगत सरसफाइ सम्बन्धी के गराउने ? अभिभावकहरूसँग आआफ्ना बालबालिकालाई सफा राख्न, कपाल कोरेर सफासुग्घर लगाएर बालविकास केन्द्रमा पठाउन अभिप्रेरित गर्ने । घरमा पनि साबुन पानीले खाना,खाजा खानु अघि, फोहोर छोएपश्चात, दिसापिसाव गरेर आए पश्चात नियमित रूपमा हात धुवाउने । | | |

१.६. उपक्षेत्र : स्वास्थ्य

विशिष्ट पक्ष : सरसफाइ (वातावरणीय सरसफाइ)

मापदण्ड/स्तर :

बालबालिकाले आफ्नो वरिपरिको वातावरण सफा राख्न मद्दत गर्दछन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकाको शारीरिक विकासको स्वास्थ्य अन्तर्गत वातावरणीय सरसफाइ हुने सम्बन्धी के के क्रियाकलाप गराउनु भयो ? यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकाको शारीरिक विकासको स्वास्थ्य अन्तर्गत वातावरणीय सरसफाइ हुने सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी |
| सन्देश तथा विषयवस्तुको जानकारी | **क्रियाकलाप १ : वातावरणीय सरसफाइ सम्बन्धी गीत**<br>**प्रक्रियाः** सहभागीहरूलाई दुई समूहमा विभाजन गर्ने पहिलो समूहलाई पहिला निम्न उल्लेखित गीत गाउन लगाउने र दोश्रो समूहलाई अनुसरण गर्न लगाउने र पछि सबैले सँगसँगै गीतमा भनिएको अनुसार अनुसरण गर्न लगाउने<br>**गीत**<br>एक दुई तीन, सफा गरौं सफा,<br>चार पाँच छ, मेरो नक्कल गर<br>कगज टिपौं कागज, एकै ठाउँमा राखौं<br>झार पात उखालेर चौर सफा गरौं<br>एक दुई तीन, सफा गरौं सफा,<br>चार पाँच छ, मेरो नक्कल गर | ६० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | माकुराको जालो भए, निकालेर फालौं<br>सबै सामान सफा गरी ठीक ठाउँमा राखौं<br>एक दुई तीन, सफा गरौं सफा,<br>चार पाँच छ, मेरो नक्कल गर<br><br>झाडु लगाउँ झाडु पुछपाछ गरौं<br>सफा गरी सकेपछि हात धोऊँ हात<br>एक दुई तीन, सफा गरौं सफा,<br>चार पाँच छ, मेरो नक्कल गर<br><br>**क्रियाकलाप १ : वातावरणीय सरसफाइसम्बन्धी कथा**<br>**प्रक्रियाः** बालविकास शिक्षकहरूलाई बालबालिकाले आफ्नो वरपर सफा गरेको, खेल सामग्रीहरू खेलिसकेपछि ठीक ठाउँमा मिलाएर राखेको चित्र कथा किताव बनाउन लगाउने र कथा भन्ने । | | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो ? र माथि उल्लेखित क्रियाकलाप बालबालिका समक्ष प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा वातावरणीय सरसफाइको महत्त्व बुझिने कस्तो वातावरण बनाउने ?<br>बालविकास केन्द्रमा वातारण सरसफाइ गर्ने सामग्री अनिवार्य रूपमा राख्ने ।<br>• बालविकास शिक्षकले वातावरणीय सरसफाइसम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>बालविकास केन्द्रमा वातावरणीय सरसफाइसम्बन्धी कार्यहरू दैनिक रूपमा गर्ने ।<br>• बालबालिकालाई वातावरणीय सरसफाइसम्बन्धी दैनिक रूपमा के गराउने ?<br>बालबालिकालाई खेल सामग्री खेलिसकेपश्चात ठीक ठाउँमा मिलाएर राख्न लगाउने ।<br>आफ्नो वरपर सफा राख्न लगाउने, कागज र फोहर कुराहरू डष्टबिनमा राख्न लगाउने । | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | • अभिभावकलाई वातावरणीय सरसफाइ सम्बन्धी के गराउने ? अभिभावकहरूले घर वरिपरि सफा राख्ने ,अभिभावकहरूसँग आआफ्ना बालबालिकालाई बालबालिकाले प्रयोग गरेको सामान ठीक ठाउँमा राख्न लगाउने, घरमा पनि डष्टबिनको व्यवस्था गर्ने र बालबालिकालाई प्रयोग गर्न लगाउने । | | |

१.७. उपक्षेत्र : स्वास्थ्य

विशिष्ट पक्ष : सुरक्षित अभ्यास (व्यवहार)

मापदण्ड/स्तर :

बालबालिकामा सुरक्षित रहने ज्ञान छ र हानिकारक वस्तुबाट टाढा रहने गरेका छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकाको शारीरिक विकास को स्वास्थ्य अन्तर्गत सुरक्षित अभ्यास गराउने सम्बन्धी के के क्रियाकलाप गराउनु भयो ? यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकाको शारीरिक विकासको स्वास्थ्य अन्तर्गत सुरक्षित अभ्यास गराउने सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी |
| सन्देश तथा विषयवस्तुको जानकारी | **क्रियाकलाप १ : सुरक्षित अभ्यास (व्यवहार)सम्बन्धी छलफल** **प्रक्रिया** सहभागीहरूलाई चार समूहमा विभाजन गर्ने र सुरक्षित अभ्याससम्बन्धी निम्न लिखित बुँदाहरूमा छलफल गरी चित्र कथा तयार गर्ने ।<br>• खतराजन्य वस्तु बिजुलीको तार र प्वालबाट बच्ने, औषधि, विषादी पदार्थ, धारिलो वस्तुबाट बच्ने,<br>• खतराजन्य स्थान (पोखरी, इनार, कुवा, नदी, भिरालो) ठाउँवाट बच्ने,<br>• सडक दुर्घटनासम्बन्धी (बाटो काट्दा ट्राफिक नियमको पालना गर्ने, रातो बत्तीको काम, पहेलो बत्तीको काम, हरियो बत्तीको काम, जेब्रा क्रसिङ) जानकारी दिने । | १ घण्टा ३० मिनेट | मार्कर, मेटाकार्ड, साइनपेन, क्रेयन, सुरक्षित अभ्यास झल्कीने चित्रहरू चार्ट पेपर |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | **सुरक्षित व्यवहार (हाच्छ्यूँ गर्दा, खोक्दा नाक मुख छोप्ने ) सम्बन्धी**<br>क्रियाकलाप १ : सुरक्षित अभ्यास (व्यवहार) सम्बन्धी प्रक्रिया<br>सुरक्षित अभ्यास ( व्यवहार ) सम्बन्धी चित्र नाटक प्रदर्शनी गर्ने | | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो ? माथि उल्लेखित क्रियाकलाप बालबालिका समक्ष प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा सुरक्षित अभ्यास (व्यवहार) झल्किने कस्तो वातावरण बनाउने ?<br>बालविकास केन्द्रमा बालबालिकालाई चोटपटक लाग्न नदिन सुरक्षित अभ्यास (व्यवहार) गर्ने सम्बन्धी सामग्री प्रदर्शन गरी राख्ने ।<br>• बालविकास शिक्षकले सुरक्षित अभ्यास (व्यवहार) सम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>बालविकास केन्द्रमा सुरक्षित अभ्यास (व्यवहार) सम्बन्धी दैनिक रूपमा सामग्री सुरक्षित गरी राख्ने ।<br>• बालबालिकालाई सुरक्षित अभ्यास (व्यवहार) सम्बन्धी दैनिक रूपमा के गराउने ?<br>बालबालिकालाई कथाको माध्यमद्वारा सुरक्षित अभ्यास (व्यवहार) सम्बन्धी दैनिक रूपमा जानकारी दिने । सुरक्षित अभ्यास (व्यवहार) सम्बन्धी सामग्रीको बालबालिकालाई पहिचान गर्न लगाउने,<br>सुरक्षित अभ्यास सम्बन्धी दैनिक रूपमा बालबालिकालाई हाच्छ्युँ गर्दा, खोक्दा अपनाउनु पर्ने सतर्कताको अभ्यास गर्न लगाउने ।<br>• अभिभावकलाई सुरक्षित अभ्यास (व्यवहार) सम्बन्धी के गराउने ?<br>अभिभावकहरूले पनि बालबालिकालाई चोटपटक लाग्न सक्ने वस्तुहरूलाई सुरक्षित स्थानमा राख्ने ।<br>बालबालिकालाई घरमा पनि सुरक्षित व्यवहारको अभ्यास गर्न लगाउने<br>बालबालिकालाई घुमाउन लैजाँदा यदि जेब्रा क्रसिङ छ भने त्यसको प्रयोगको बारेमा जानकारी दिने । | २० मिनेट | |

१.८. उपक्षेत्र : पोषण

विशिष्ट पक्ष : खाना खाने बानी

मापदण्ड/स्तर :

१. बालबालिका सन्तुलित भोजन खान्छन् ।

२. बालबालिका तन्दुरुस्त देखिन्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकाको शारीरिक विकासको स्वास्थ्य अन्तर्गत पोषणको जानकारी सम्बन्धी के के क्रियाकलाप गराउनु भयो ? यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकाको (शारीरिक विकासको स्वास्थ्य अन्तर्गत) पोषणको जानकारी सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी |
| सन्देश तथा विषयवस्तुको जानकारी | **विधि १ : खेल**<br>प्रक्रियाः सहभागीहरूलाई बालबालिकाले खाने पोसिलो खाना तयार गर्ने खेल निम्नलिखित तरिका अपनाइ खेल्न लगाउने<br>☐ मेटाकार्डलाई दुई भागमा काटेर कम्तीमा चालिस टुक्रा बनाउने, प्रत्येक टुक्रामा निम्नलिखित वस्तुको नाम लेख्ने<br>☐ अन्नजन्य वस्तु (शक्ति दिने खाना)— चामल, गहुँ, मकै, कोदो, फापर, आलु, पिँडालु, तेल आदि<br>☐ दालजन्य वस्तु (शरीर वृद्धि गर्ने खाना) — भट्मास, रहर, सिमी, मसुरी, मटर, चना आदि<br>☐ पशुजन्य खानाहरू जस्तै दुध, दही, मही, माछा, मासु, पनिर, घिउ आदि<br>☐ हरियो सागसव्जी, पहेंला फलफूल (रोगसँग लड्ने खाना)— वेथेको साग, पालुङगोको साग, चम्सुरको साग, रायोको साग, हरियो सिमी, हरियो मटर, फर्सी, स्याउ, सुन्तला, केरा, मेवा, अङ्गुर, गाँजर, आँप, अम्वा, कटहर, तरभुज, सरिफा आदि लेखिएको टुक्रालाई भुइँमा घोप्टाएर राख्ने र प्रत्येक सहभागीहरूलाई टिप्न लगाउने (सहभागीको सङ्ख्या अनुसार एक जना सहभागीको भागमा दुई, तीन टुक्रा पनि पर्नसक्छ )<br>तीन वटा ए फोर साइज कागजमा निम्नलिखित बुँदा लेख्ने | १ घण्टा ३० मिनेट | मेटाकार्ड, मार्कर, साइन पेन, एफोर साइज पेपर, |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | □ शरीर बृद्धि गर्ने खाना<br>□ शक्ति दिने खाना<br>□ रोगसँग लड्ने खाना<br>लेखिएको कागजलाई चुलाको चम्को जस्तो बनाएर राख्ने र प्रत्येक सहभागीको हातमा रहेको टुक्रा राख्न लगाउने, मिलाउन नसकेकोलाई छलफल गरी सही स्थानमा पर्ने गरी राख्न लगाउने । यी सबै टुक्रामध्ये शरीर वृद्धि गर्ने खाना, शक्ति दिने खाना, रोगसँग लड्ने खानामा रहेको एक/एक वटा टुक्रा उठाउने र सहभागीहरूलाई यी तीन चिज नै पोसिलो खाना हो भन्ने कुराको बोध गराउने र बालबालिकालाई यी तीन चिज प्रत्येक पटक खुवाउनु पर्छ भनेर स्पष्ट पार्ने ।<br><br>**विधि २ : छलफल**<br>प्रक्रियाः सहभागीहरूलाई प्याकेटको खाना, अस्वस्थकर खाना, धेरै हतारिएर खाएको खाना, नपोखीकन र नफालिकन खाने वानी जस्ता कुराहरू मेटाकार्डमा लेख्ने र ती कसरी गर्ने भन्ने विषयमा छलफल गर्ने । | | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो ? माथि उल्लेखित क्रियाकलाप बालबालिका समक्ष प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा सही तरिकाले खाना खाने बानी विकास गराउने किसिमको सन्देश दिनका लागि के कस्तो सामग्री राख्ने ?<br>➢ बालविकास केन्द्रमा पोसिलो खानाको सन्देश दिने गरी खाजा तालिका वनाएर राख्ने ।<br>• बालविकास शिक्षकले बालबालिकालाई पोषणयुक्त खाना खाने बानी लगाउने सम्बन्धी दैनिक रूपमा के कस्ता क्रियाकलापहरू गराउने ?<br>➢ बालविकास केन्द्रमा दैनिक रूपमा खाजा तालिका वमोजिम खाजा खुवाउने व्यवस्था मिलाउने,<br>➢ यदि खाजा घरबाट ल्याउने व्यवस्था मिलाएको छ भने अभिभावकलाई पोसिलो, सफा र ताजा खाजा पठाउन अनुरोध गर्ने,<br>➢ पोषणयुक्त खाजा खुवाउँदाको फाइदाका विषयमा अभिभावकसँग दैनिक रूपमा छलफल गर्ने ।<br>• बालबालिकालाई सही तरिकाले खाना खाने बानी बसाउने सम्बन्धमा दैनिक रूपमा के गराउने ? | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | ➢ उनीहरूलाई खाने सही तरिकाहरू जस्तैः खाजा खाँदा नपोखी खान लगाउने, हात सफा गरेर, चपाएर खान लगाउने आदि ।<br>• अभिभावकलाई बालबालिकालाई पोषणयुक्त खाजा खुवाउने विषयमा के कस्ता परामर्श वा सल्लाह दिने ?<br>➢ *घरमा पोसिलो खाना खुवाउने, बालविकास केन्द्रमा पठाउँदा पनि पोसिलो* खाजा बनाएर पठाउने, घरमा खाना नफाल्न, चपाएर खान सिकाउने, आफ्ना बालबालिकाको समय समयमा उचाइ र तौल नाप्ने र बालविकास शिक्षकलाई अभिलेखीकरण गर्न लगाउने आदि विषयमा सल्लाह दिने। | | |

## मुख्य क्षेत्र २ : सामाजिक विकास र संवेगात्मक विकास

२.१. उपक्षेत्रः सामाजिक विकास

विशिष्ट पक्षः वयस्क तथा साथीहरू बीच सम्बन्ध

मापदण्ड/स्तरः

१. बालबालिका परिचित साथी तथा वयस्कहरूसँग सकारात्मक/सौहार्द सम्बन्ध देखाउन सक्छन् ।

२. बालबालिका अपरिचित वयस्कहरूसँग उपयुक्त/सौहार्द देखाउन सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | हालसम्म बालबालिकाको सामाजिक विकास क्रियाकलाप गराउँदा के कस्ता सकारात्मक क्रियाकलापहरू आए ? | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | - सामाजिक विकासका क्रियाकलापहरू गराउँदा के कस्ता समस्याहरू आए ?<br>- ती समस्याहरू कसरी समाधान गर्नुभयो ? | १ घण्टा | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी, डटपेन |
| सन्देश तथा विषयवस्तुको जानकारी | **निम्न प्रक्रिया बालबालिकासँग प्रयोग गर्न उचित होला कि नहोला छलफल गर्ने ।**<br><br>**छिमेकी भ्रमण**<br><br>**प्रक्रिया १:** बालविकास शिक्षकले ४ वर्ष उमेर पुगिसकेका बालबालिकालाई बालविकास केन्द्र नजिकको छिमेकी घरमा भ्रमणमा लैजाने ।<br>**प्रक्रिया २:** बालबालिकाले छिमेकी घरका अभिभावकहरूलाई नमस्कार गर्नेछन् । त्यसरी नै छिमेकी अभिभावकहरूले पनि बालबालिकालाई स्वागत तथा नमस्कार गर्नेछन् र परिचय गर्ने कार्य हुनेछ ।<br>**प्रक्रिया ३ :** बालविकास शिक्षकले बालबालिकालाई आफूले चाहेको वा सोध्न मन लागेको प्रश्नहरू सोध्न प्रोत्साहित गर्ने । त्यसरी नै अभिभावकहरूलाई पनि नम्र अनि मीठो भाषा शैलीमा केही प्रश्नहरू सोध्न लगाउने । जब बालबालिकाले कुनै प्रश्न गर्न सक्छन् प्रोत्साहन स्वरूप ताली बजाएर तारिफ गर्ने ।<br>**प्रक्रिया ४ :** छिमेकीको घरमा वरिपरि हेर्ने, अवलोकन गर्ने अवसर दिने । बालबालिकालाई ती वस्तु, जनावर, बाली र उपलब्ध | १ घण्टा | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
| --- | --- | --- | --- |
| | तरकारी, जङ्गल, रुख जे छन् सो बारे अन्तरक्रिया गर्ने । अन्तमा सबै अभिभावक दिदी दाजुहरूलाई नमस्कार गरेर बिदा गरी केन्द्रतिर प्रस्थान हुने ।<br>प्रक्रिया ५ : फर्केर केन्द्रमा आइसकेपछि बालबालिकालाई आजको भेटघाटबारे कस्तो लाग्यो ? क–कस्को नाम याद छ ? को को रहेछन् परिवारमा? भनेर बालविकास शिक्षकले अन्तरक्रिया गर्ने । | | |
| समीक्षा | यो क्रियाकलापद्वारा बालबालिकाको सामाजिक पक्षमा विकासको अवसर प्राप्त हुन्छ त ? यो विधि कस्तो लाग्यो ? कि अन्य विधि पनि छन् ? छलफल गर्ने र निष्कर्षमा पुग्ने । | २० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | हरेक बालविकास शिक्षकलाई निम्न चारवटा बुँदामा सङ्कल्प र योजना निर्माण गर्न लगाउने ।<br>बालविकास केन्द्रमा सामाजिक विकासका लागि क्रियाकलाप गर्न गराउन कस्तो वातावरण बनाउने ?<br>➢ सामाजिक विकास सूचकहरू भएको व्यक्तिगत समूहले केन्द्रमा अपडेट राख्ने ।<br>बालविकास शिक्षकले सामाजिक विकासका लागि क्रियाकलापसम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>➢ बालविकास शिक्षकले सामाजिक विकास क्रियाकलापहरू विषयवस्तुअनुसार गराउने र त्रैमासिक रूपमा सूचकहरू भर्ने ।<br>बालबालिकालाई सामाजिक विकासका लागि दैनिक रूपमा के गराउने ?<br>➢ बालबालिकालाई सामाजिक विकास क्रियाकलापहरू गराउने ।<br>अभिभावकलाई सामाजिक विकाससम्बन्धी के गराउने ?<br>➢ अभिभावकहरूले बालबालिकासँग परिवारमा, छिमेकीमा अन्तरक्रिया गराउने गर्ने । | २० मिनेट | |

२.२. उपक्षेत्रः सामाजिक विकास

विशिष्ट पक्षः जीवनपयोगी सीप

मापदण्ड/स्तर

१. बालबालिका आफ्नो परिचय दिन सक्छन् ।

२. बालबालिका दैनिक क्रियाकलापसम्बन्धी जिम्मेवारीहरू लिन सक्छन् ।

३. बालबालिका सबै किसिमका सिकाइ क्रियाकलापहरूमा भाग लिन्छन् ।

४. बालबालिका व्यक्तिगत तथा सामूहिक कार्य गर्न स्वनिर्भर हुन सक्छन् ।

५. बालबालिका आफ्ना सहपाठीहरूलाई सिकाइ क्रियाकलापहरूमा प्रोत्साहित गर्छन् ।

| **५ "स"** | **विधिहरू** | **समय** | **सामग्री** |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालबालिकाले आफ्ना आत्मनिर्भरका सीपहरू के कसरी प्रदर्शन गर्न सक्षम हुन्छन् ? | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालबालिकाले आफ्नो काम आफैंले गर्ने जस्ता सीपहरू प्रदर्शनमा के कस्ता समस्याहरू देखिएका छन् ? यसका लागि कस्ता विधिहरू अपनाउनु भएको छ ? | १ घण्टा | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी, डटपेन |
| सन्देश तथा विषयवस्तुको जानकारी | **निम्न प्रक्रिया बालबालिकासँग प्रयोग गर्न उचित होला कि नहोला छलफल गर्ने ।**<br><br>**आत्मनिर्भर खेल**<br>प्रक्रिया १ : बालविकास केन्द्र भित्र ६ वटा सिकाइ क्षेत्रहरूमा खेल सामग्रीको पर्याप्त मात्रामा व्यवस्थापन गर्ने ।<br>प्रक्रिया २ : वातावरण मुख्य शीर्षकमा आधारित उपशीर्षक 'अन्न' विषयवस्तुमा दैनिक क्रियाकलाप अन्तर्गत कक्षा सञ्चालनको पूर्वतयारी गरी त्यसै अनुरूप ६ वटा क्षेत्रमा सामग्रीको व्यवस्थापन गर्ने ।<br>प्रक्रिया ३ : दैनिक क्रियाकलाप सञ्चालन गर्दा स्वतन्त्र खेलको क्रियाकलाप अन्तर्गत ६ वटा क्षेत्रमा बालबालिकालाई ६ वटा समूहमा विभाजन गर्ने र स्वतन्त्रपूर्वक खेल सामग्री खेल्न दिने ।<br>प्रक्रिया ४ : ६ वटा समूहलाई निश्चित समय दिई घुम्ती प्रक्रियामा | १ घण्टा | विषयवस्तुमा आधारित ६ वटा सिकाइ क्षेत्रहरूमा खेल सामग्री, नेमकार्ड, काईयो, रुमाल |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | घुम्दै (ठाउँ सर्दै) ६ वटा समूहमा खेल्न पालैपालो अवसर दिने । अन्तमा पुनः आफ्नै पूर्वस्थानमा आइसकेपछि बालबालिकालाई के के खेलेको ? के के सिकेको ? के मन पर्‍यो ? जस्ता प्रश्नहरू सोधी अन्तरक्रिया गर्न लगाउने ।<br>प्रक्रिया ५ : ६ वटा समूहका प्रत्येक बालबालिकाले खेलेका खेल सामग्री पुनः व्यवस्थापनमा राख्न निर्देशन दिने ।<br>प्रक्रिया ६ : प्रत्येक बालबालिकालाई आ—आफ्नो नेमकार्ड, चित्र भन्न चिन्न लगाउने र आ—आफ्नो काइँयो, रुमाल प्रयोग गर्न निर्देशन दिने । | | |
| समीक्षा | यो दिनभरिको क्रियाकलाप बालबालिकालाई आत्मनिर्भर बनाउन कतिको उपयोगी हुनसक्ने देखिए त ? के यसरी प्रत्येक दिन गर्नाले आत्मनिर्भर जीवनोपयोगी सीप सिक्लान् ? कुन विधि अझ रोचक हुन सक्ला ? | २० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | हरेक बालविकास शिक्षकलाई निम्न चारवटा बुँदामा सङ्कल्प र योजना निर्माण गर्न लगाउने ।<br>• बालविकास केन्द्रमा सामाजिक विकासका लागि क्रियाकलाप गर्न गराउन कस्तो वातावरण बनाउने ?<br>➢ बालविकास केन्द्रमा दैनिक सरसफाइ, सामान मिलाउने, व्यक्तिगत काम आफैं गर्न सक्ने वातावरण बनाउने । सामग्रीहरूको व्यवस्थापन त्यही अनुरूप मिलाउने, व्यक्तिगत फाइल राख्ने ।<br>• बालविकास शिक्षकले सामाजिक विकासका लागि दैनिक रूपमा के कस्ता क्रियाकलापहरू गर्ने गराउने ?<br>➢ बालविकास शिक्षकले जीवनोपयोगी सीपसम्बन्धी सूचकहरू त्रैमासिक रूपमा भर्ने ।<br>• बालबालिकालाई सामाजिक विकासका लागि दैनिक रूपमा के गराउने ?<br>➢ बालबालिकालाई त्रैमासिक रूपमा वा विषयवस्तु अनुसार जीवनोपयोगी सीपसम्बन्धी क्रियाकलापहरू गराउने ।<br>• अभिभावकलाई सामाजिक विकाससम्बन्धी के गराउने ?<br>➢ अभिभावकले घर/परिवारमा बालबालिकालाई आफ्नो काम आफैं गर्न प्रोत्साहन गर्ने । सक्ने स—साना कामको जिम्मेवारी दिने भावना अभिव्यक्त गर्न लगाउने । | २० मिनेट | |

२.३. उपक्षेत्रः सामाजिक विकास

विशिष्ट पक्षः सहयोग/सहकार्यता

मापदण्ड/स्तर

१. बालबालिका घरका घरधन्दा र बालविकास केन्द्रको क्रियाकलापमा संलग्न रहन्छन् ।

२. बालबालिका समूहमा सामग्रीहरू लेनदेन गरी प्रयोग गर्ने र आफ्ना विचार एक आपसमा बाँड्ने गर्छन् ।

| **५ "स"** | **विधिहरू** | **समय** | **सामग्री** |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालबालिकाले सहयोगी क्रियाकलाप अन्तर्गत कस्ता कस्ता क्रियाकलाप प्रदर्शन गर्दछन् ? कुन कुन क्रियाकलापमा सहकार्य गरेर देखाएका छन् ? | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालबालिका एकआपसमा सहयोगी बनेर प्रदर्शनमा के कस्ता समस्याहरू देखिएका छन् ? सहकार्य गर्न के कस्ता पक्षको अभाव देखिएको छ ? कुन विधि अपनाइरहनु भएको छ ? | १ घण्टा | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी, डटपेन |
| सन्देश तथा विषयवस्तुको जानकारी | **निम्न प्रक्रिया बालबालिकासँग प्रयोग गर्न उचित होला कि नहोला छलफल गर्ने ।सम्भव भए शिक्षकहरू पनि वनभोज जाने ।**<br><br>वनभोज<br>**प्रक्रिया १ :** बालबालिकालाई आ—आफ्नो घरबाट केही न केही पकाएर खान सकिने वा खान हुने चीज ल्याउन अघिल्लो दिनमै सुनाउने जस्तैः आलु, भुजा, चिउरा, प्याज, मकै, मह, फर्सी आदि ।<br>**प्रक्रिया २ :** बालबालिकाले ल्याएका प्रत्येक खानेकुरा वा खाना पकाउन सकिने वस्तुहरू सङ्कलन गर्ने।बालबालिकालाई धन्यवाद दिने ।<br>**प्रक्रिया ३ :** बालबालिकालाई समूहमा समूह कार्य दिने, पखाल्न केलाउन दिने, नाप्न दिने, सफा गर्न दिने र बालविकास शिक्षकको पहलमा पकाउन सहयोग गर्ने ।<br>**प्रक्रिया ४ :** पाकिसके पछि समूहका सबैलाई खान दिन निर्देशन दिने । प्रत्येकले खाइसकेपछि आ—आफ्नो थाल, गिलास सफा गर्न दिने र अन्तरक्रिया गर्न लगाउने । आजको वनभोज कस्तो लाग्यो ? रमाइलो भयो कि भएन ?<br>**प्रक्रिया ५ :** एउटा सामूहिक गीतमा समूहलाई नृत्य गर्न लगाउने । यदि केन्द्रमा साउण्ड बक्स भए गीत बजाएर मनोरञ्जन गर्न | २ घण्टा | आ—आफ्नो घरबाट केही न केही पकाएर खान सकिने जस्तैः आलु, भुजा, चिउरा, प्याज, मकै, मह, फर्सी आदि |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | लगाउने । | | |
| समीक्षा | यो विधिबाट सहकार्य/सहयोगी बन्न मद्दत पुग्यो ? अझ अन्य विधि के अपनाउन सकिएकला ? भनि छलफल गर्ने । तपाईहरूले कस्ता सामूहिक क्रियाकलाप अपनाउनु भएको छ ? | २० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | हरेक बालविकास शिक्षकलाई निम्न चारवटा बुँदामा सङ्कल्प र योजना निर्माण गर्न लगाउने ।<br>• **बालविकास केन्द्रमा सामाजिक विकासका लागि क्रियाकलाप गर्न गराउन कस्तो वातावरण बनाउने** ?<br>बालविकास केन्द्र वा वरिपरिका सुरक्षित स्थानहरूमा गएर सामूहिक क्रियाकलाप गर्न लगाउने । वनभोज, सरसफाइ, फूलबारी सजावट गराउने वातावरण बनाउने ।<br>• **बालविकास शिक्षकले सामाजिक विकासका लागि दैनिक रूपमा के कस्ता क्रियाकलाप गर्ने** ?<br>बालविकास शिक्षकले बालबालिकासम्बन्धी सूचकहरू त्रैमासिक रूपमा भर्ने ।<br>• **बालबालिकालाई सामाजिक विकासका लागि दैनिक रूपमा के गराउने** ?<br>बालबालिकालाई वनभोज, फूलबारी सजावट, कोठा सजावट जस्ता क्रियाकलाप गराउने ।<br>• **अभिभावकलाई सामाजिक विकास सम्बन्धी के गराउने** ?<br>अभिभावकहरूले बालबालिकालाई सहयोगी बनाउने । नियम पालना गराउने र एक आपसमा मिलेर कार्य गराउने । | २० मिनेट | |

२.५. उपक्षेत्रः सामाजिक विकास

विशिष्ट पक्षः सामाजिक व्यवहार

मापदण्ड/स्तर

१. बालबालिकाले आफ्ना साथीहरू र वयस्कहरूसँग आवश्यकता अनुसार उचित व्यवहार गर्छन् ।

२. बालबालिका परिचित र अपरिचित वातावरणमा घुलमिल हुन सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन | बालबालिकाले सामाजिक व्यवहार अन्तर्गत कस्ता कस्ता क्रियाकलाप प्रदर्शन गर्दछन् ? कुन कुन क्रियाकलापमा | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| गर्दा) | सहकार्य गरेर देखाएका छन् ? | | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | सामाजिक व्यवहारसँग सम्बन्धित क्रियाकलापहरू गराउँदाका समस्याहरू के कस्ता छन् ? कस्तो थप नयाँ विधिहरू अपनाउन सकिन्छ ? | १ घण्टा | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी, डटपेन |
| सन्देश तथा विषयवस्तुको जानकारी | **निम्न प्रक्रिया बालबालिकासँग प्रयोग गर्न उचित होला कि नहोला छलफल गर्ने ।सम्भव भए शिक्षकहरूको पनि जन्मदिन मनाउने ।**<br><br>**जन्मदिन मनाउने**<br>**प्रक्रिया १** : बालविकास केन्द्रका सम्पूर्ण बालबालिकाको जन्मदर्ता प्रमाणपत्रका आधारमा जन्ममिति हेरेर जन्मदिन क्यालेन्डर तयारी गरिएको हुनुपर्ने र सो क्यालेन्डर फोटोसहित भित्तामा टाँस गर्ने । उक्त क्यालेन्डर सबै अभिभावकहरूले र बालबालिकाले देख्न सक्ने ठाउँमा हुनुपर्दछ ।<br>**प्रक्रिया** २: सो अनुसार जुन बालक/बालिकाको यस महिनामा जन्मदिन पर्न गएको छ ती सबै बालबालिकालाई सूचना वा जानकारी गराउने र अभिभावकसँगसमेत सम्पर्क, जानकारी लिने दिने कार्य गर्ने।<br>**प्रक्रिया ३**: **A** वा **B** बालबालिकाको जन्मदिन कसरी मनाउने भनी बालबालिकासँग छलफल गर्ने जस्तैः साना—साना उपहार दिएर , धेरैबाट खानेकुराहरू ल्याएर, मिठाइ वा चकलेट दिएर , खेलहरू खेलेर नाचगान गरेर, अभिनयात्मक नाटक कलाहरू प्रस्तुत गरेर भनी बालबालिकासँग सहमति लिने ।<br>**प्रक्रिया** ४: त्यसपछि त्यही निर्णय अनुरूप अभिभावकलाई पनि जानकारी गराउने । सो दिन अभिभावकलाई पनि केन्द्रमा निमन्त्रण गर्ने।आउने नआउने कुराको सुनिश्चितता पनि गर्ने ।<br>प्रक्रिया ५: जन्मदिनमा केक काट्ने, बत्ति निभाउने वा फूल टिपेर दिने जस्ता कार्यलाई र पर्यावरणलाई असर पार्ने क्रियाकलाप नगर्दा नै राम्रो हुनेछ तथापि एक वटा गुच्छा | १ घण्टा | सम्पूर्ण बालबालिकाको जन्ममिति जन्मदर्ता प्रमाणपत्रहरू जन्मदिन क्यालेन्डर, मादल, वाजा, रङ्गीन कागज, चित्रकला सामग्री, कैंची आदि |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | फूलसम्म बालविकास शिक्षक आफैले तयार गर्न सक्दछन् । त्यसपछि सबैले त्यस दिन आफ्नो दैनिक कार्यतालिका अनुसार कक्षा सम्पन्न भएपछि सहमति अनुसार जन्मदिन मनाउने । प्रत्येक बालबालिकाले आफैले बनाएको सृजनात्मक कला वा चित्र उपहार स्वरूप प्रदान गर्न सक्छन् । जुनजुन क्रियाकलाप गर्ने सहमति भएको छ त्यससँग सम्बन्धित सामग्री अग्रिम रूपमै तयारी राख्नुपर्दछ । मादल, वाजा, रङ्गीन कामज, चित्रकला सामग्री, कैची आदि । त्यसपछि सबैले जन्मदिनको शुभकामना......! भनी गीत गाएर जन्मदिन मनाउने । | | |
| समीक्षा | जन्मदिन मनाउने क्रियाकलाप विधि कस्तो लाग्यो ? के प्रत्येक बालबालिकाको जन्मदिन मनाउनु उचित र सम्भव छ ? भनेर समीक्षा गर्ने | २० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | हरेक बालविकास शिक्षकलाई निम्न चारवटा बुँदामा सङ्कल्प र योजना निर्माण गर्न लगाउने ।<br>• बालविकास केन्द्रमा सामाजिक विकासका लागि क्रियाकलाप गर्न गराउन कस्तो वातावरण बनाउने ?<br>➢ बालविकास केन्द्रमा जुन बालक वा बालिकाको जन्मदिन मनाउनछ सो सम्बन्धी सङ्गीत कागज, वेलुनहरूको व्यवस्था गर्ने । जन्मदिन क्यालेन्डर तयारी गर्ने । जन्मदर्ता प्रमाणपत्र अनिवार्य राख्ने<br>• बालविकास शिक्षकले दैनिक रूपमा सामाजिक विकासका लागि के कस्ता क्रियाकलाप गराउने ?<br>• बालविकास शिक्षकले प्रत्येक बालबालिकाको व्यक्तिगत फायलमा जन्मदर्ता प्रमाणपत्र राख्ने सबैले जन्मदिन मनाइदिने ।<br>• बालबालिकालाई सामाजिक विकासका लागि दैनिक रूपमा के गराउने ?<br>➢ बालबालिकालाई जन्मदिनको अवसरमा चित्रकला, अभिनय, गीत, नृत्य वा पकवान पकाउने क्रियाकलापमा संलग्न गराउने ।<br>• अभिभावकलाई सामाजिक विकाससम्बन्धमा के कस्ता क्रियाकलापहरू गराउने ? | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | अभिभावकले बालविकास केन्द्रमा उपस्थित भएर सबैलाई आफ्नो बालबालिकाको जन्मदिनको उत्सवमा सरिक हुने र घरपरिवारमा पनि जन्मदिनको दिन आफ्नो प्रचलन र क्षमताअनुसार विशेष उत्सव मनाइदिने । | | |

२.६. उपक्षेत्रः संवेगात्मक विकास

विशिष्ट पक्षः स्वअवधारणा

मापदण्ड/स्तर

१. बालबालिका स्वयंको बारेमा सचेतना देखाउँछन् ।

२. बालबालिका आफू र आफ्नो क्षमता प्रति गौरव देखाउँछन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | के बालबालिकाले आफू र आफ्नो बारेमा केही कुरा भन्न सक्छन् ? के उनीहरूलाई आफ्नो क्षमताबारे केही जानकारी छ ? आदि जस्ता विषयमा के कस्ता सकारात्मक पक्षहरू छन् ? छलफल गर्ने । | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | स्वअवधारणाको क्रियाकलाप गराउँदा आएका समस्याहरू के हुन् ? ती समस्याहरूको समाधानका लागि के कस्ता क्रियाकलापहरू गराउनुभयो ? | १ घण्टा | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी, डटपेन |
| सन्देश तथा विषयवस्तुको जानकारी | **निम्न प्रक्रिया बालबालिकासँग प्रयोग गर्न उचित होला कि नहोला छलफल गर्ने ।**<br><br>**क्षमता प्रदर्शन (प्रतिभा प्रदर्शन)**<br>प्रक्रिया १ : आज विशेष गरी बालबालिका सबैको सामुन्नेमा उभिएर आफ्नो बारेमा बताउने दिन हो भनेर बालविकास शिक्षकले सबैलाई जानकारी गराउनु पर्दछ ।<br>प्रक्रिया २ : सबैभन्दा पहिले कसले भन्न सक्छ भनेर हात उठाएर स्वेच्छिक रूपमा अगाडि आउन प्रोत्साहन गर्ने । अगाडि आएपछि आफ्नो नाम, उमेर, कक्षा, ठेगाना, आमा, बुवाको नाम, परिवारको नाम | १ घण्टा | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
| --- | --- | --- | --- |
| | बताउन लगाउने र बताउन कठिनाइ महसुस गरेका बालबालिकालाईसमेत सङ्केत मात्र गरेर सकेसम्म आफैंले बताउन सक्ने बनाउने ।<br>प्रक्रिया ३ : त्यसपछि दोस्रो चरणमा तपाईंलाई के के कुरा हेर्न मनपर्छ, खेल्न मनपर्छ, कहाँ जान मनपर्छ, के खान रुचि लाग्छ, के गर्दा रमाइलो लाग्छ, कुन बेला दुःख लाग्छ, नरमाइलो लाग्छ, अरूले के गरेको मन पर्दैन ? जस्ता विभिन्न विषयमा जिज्ञासा राखी भन्न लगाउने जसले गर्दा उनीहरूमा अरूको भावनाको कदर गर्ने बानीको पनि विकास हुने हुन्छ ।<br>प्रक्रिया ४ : (प्रतिभा प्रदर्शन) तेस्रो चरणमा जसको जे प्रतिभा छ सोही प्रदर्शन वा प्रस्तुत गर्न लगाउने । जस्तैः कथा भन्ने, गीत गाउने, अभिनय गर्ने, चित्र कोर्ने, नाच्ने, खेल्ने आदि। यस प्रकारको कार्यक्रम वा क्रियाकलाप आयोजना गर्ने दिन बालक्लब, युवा क्लब वा व्यवस्थापन समिति/प्र.अ./शिक्षक कसैलाई निमन्त्रणा गरेर देखाउन सकिन्छ ।<br>प्रक्रिया ५: बालविकास शिक्षकले सम्पूर्ण बालबालिकाको सूक्ष्म अध्ययन अवलोकन गरी स्वअवधारणासम्बन्धी सूचकहरू भर्ने । | | |
| समीक्षा | यो विधि कस्तो लाग्यो ? के यो विधि अनिवार्य रूपमा गर्नुपर्ने छ, वा अपनाउन सकिन्छ ? छलफल गर्ने । | २० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | हरेक बालविकास शिक्षकलाई निम्न चारवटा बुँदामा सङ्कल्प र योजना निर्माण गर्न लगाउने ।<br>• बालविकास केन्द्रमा संवेगात्मक विकासका लागि क्रियाकलाप गर्न गराउन कस्तो वातावरण बनाउने ?<br>➢ बालविकास केन्द्रमा सम्पूर्ण अभिलेखहरू अद्यावधिक भएको हुनुपर्दछ । बालक वा बालिकाले अभिभावकको नाम भन्न नसकेको खण्डमा सहयोग गर्नुपर्दछ ।<br>• बालविकास शिक्षकले संवेगात्मक विकासका लागि क्रियाकलापसम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>➢ बालविकास शिक्षकले सम्पूर्ण बालबालिकालाई आआफ्नो बारेमा विस्तृत रूपमा बताउन सक्ने बनाउन उनीहरू केन्द्रमा भर्ना भएको सुरु मितिबाटै प्रोत्साहन गरेको हुनुपर्दछ । सबै बालबालिकालाई आफ्नो बारेमा बताउन सक्ने बनाउनुपर्दछ र त्रैमासिक रूपमा उनीहरूका प्रगतिसम्बन्धी सूचकहरू भर्नुपर्दछ । | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | • बालबालिकालाई संवेगात्मक विकासका लागि दैनिक रूपमा के गराउने ?<br>➢ बालबालिकालाई आआफ्नो नाम, रुचि, क्षमता बारेमा बताउनेछन् र आआफ्नो प्रतिभा प्रदर्शन गर्नेछन् ।<br>• अभिभावकले आआफ्ना बालबालिकाको संवेगात्मक विकासका लागि सहजीकरण गर्न के कस्ता उपाय अपनाउन सक्छन् ?<br>➢ अभिभावकले आफ्नो सन्तानको के रुचि छ, कस्तो बानी छ, के मन पराउँछ, के मन पराउँदैन जस्ता कुराहरू अग्रिम रूपमा बालविकास शिक्षकलाई बताएको हुनुपर्दछ । बालविकास शिक्षकले पनि त्यस्ता सूचनालाई व्यक्तिगत फाइलमा अभिलेख राख्नुपर्दछ । | | |

२.७.उपक्षेत्रः संवेगात्मक विकास

विशिष्ट पक्षः संवेग प्रकट

मापदण्ड/स्तर

१. बालबालिका अवस्था अनुसार विभिन्न संवेगहरू प्रकट गर्छन् ।

२. बालबालिका अरूको भावना बुझेर सोही अनुसार प्रतिक्रिया जनाउने गर्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालबालिकाले आआफ्नो अनुभूतिहरू (संवेगात्मक अवस्था) प्रकट गर्ने अवसर पाइरहेका छन् ? | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालबालिकालाई उनीहरूका अनुभूति प्रकट गर्न लगाउने सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दा उनीहरूमा के कस्ता कठिनाइ पक्ष देखिने गरेका छन् ? | १ घण्टा | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी, डटपेन |
| सन्देश तथा विषयवस्तुको जानकारी | **निम्न प्रक्रियामा कुनै शिक्षकले सुक्ष्म शिक्षण गरेर देखाउने ।**<br>**सन्देश विधि १ : कथा 'कालु'**<br>**प्रक्रिया १ :** कालु कथा बालबालिकालाई सुनाउने ।यस्ता संवेगात्मक | २ घण्टा | कथा अनुसार चित्रहरू , |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | पक्षसँग सम्बन्धित अन्य कथाहरू सिर्जना गरी अवस्थाअनुसार क्रियाकलापका रूपमा गराउन सकिन्छ ।<br>**प्रक्रिया २ :** यही कथाको आधारमा चित्रहरू तयार पार्ने र फ्लाटिन बोर्ड वा पकेट बोर्ड तयारी गर्ने/चित्रकार्डहरूमा खाक्सी वा यसिने क्रेपर लगाएर एक बट्टामा राख्ने ।<br>**प्रक्रिया ३ :** बालबालिकालाई बालविकास शिक्षक नजिक बोलाउने । अर्धचन्द्रकारमा बस्न लगाउने र कथा सुनाउने । कथा सँगसँगै ती चित्रहरूलाई फ्लाटिन बोर्डमा टाँस्ने । कथा अनुसार चित्रहरू टाँस्दै गर्ने र बालबालिकाले कथा प्रति कस्तो मनोभावना प्रकट गर्छन् ? अवलोकन पनि निरन्तर गर्ने ।<br><br>**कथा : शीर्षक 'कालु'**<br>एउटा फलेवास भन्ने गाउँ रहेछ । त्यहाँ एउटा कालु नामको केटा थियो । उसले आँखा देख्दैनथ्यो । त्यो कालुलाई आमाबाबुले स्कुल पठाउँदैनथे । उसका साथीहरू स्कुलमा गएको र पढेको सुनेर उसलाई पनि जान मनलाग्यो । उसले आमाबाबुलाई भन्न सकेन । एक दिन सुटुक्क भागेर ऊ स्कुलतिर लाग्यो । बीचमा खोल्सी थियो । उसको हातमा सेतो छडी थिएन । ऊ खाल्डोमा पऱ्यो । ऊ लडेको कसैले देखेन । ऊ रुन थाल्यो । ''ऐया ऐया आमा ! दुख्यो । म लडेँ । बचाऊऽऽ भनेर धेरैबेरसम्म रोयो तर कसैले सुनेन । पछि स्कुलबाट उसका साथीहरू फर्कदा मान्छे रोएको सुने । उनीहरू खाल्डोमा हेर्न पुगे । उनीहरूले कालुलाई रोइरहेको देखे । उनीहरूले कालुका आमाबाबुलाई खबर गरे । सबैले मिलेर उसलाई खाल्डोबाट झिके । यो कुरा स्कुलका शिक्षकले पनि भोलिपल्ट सुने।शिक्षकहरू कालुको घरमा गए । उनीहरूले कालुलाई अर्को जिल्लामा रहेको दृष्टिविहीनको स्कुलमा भर्ना गर्न मद्दत गरे । आफूले पनि पढ्ने अवसर पाएकोमा कालु धेरै खुसी भयो । | | फ्लाटिन बोर्ड वा पकेट बोर्ड |
| समीक्षा | के यो विधिबाट बालबालिकालाई सहकार्य गर्न र सहयोगी बन्न मद्दत पुग्छ ? अझ अन्य विधि के अपनाउन सकिएला ? भनि छलफल गर्ने । तपाईहरूले कस्ता सामूहिक क्रियाकलाप अपनाउनु भएको छ ? | २० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | हरेक बालविकास शिक्षकलाई निम्न चारवटा बुँदामा सङ्कल्प र योजना निर्माण गर्न लगाउने ।<br>• बालविकास केन्द्रमा संवेगात्मक विकासका लागि क्रियाकलाप गर्न गराउन कस्तो वातावरण बनाउने ? | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | ➢ बालविकास केन्द्रमा चिन्ता, हाँसो, इर्ष्या, रिस जनाउने, सुनाउने सामग्री निमार्ण गर्ने, संवेग प्रकटका सूचकहरू व्यक्तिगत फायलमा राख्ने ।<br>• बालविकास शिक्षकले संवेगात्मक विकासका लागि क्रियाकलापसम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>➢ बालबालिकालाई संवेग प्रकट गराउने अभिनयहरू विषयवस्तुअनुसार गराउने ।<br>• बालबालिकालाई संवेगात्मक विकासका लागि दैनिक रूपमा के गराउने ?<br>➢ बालविकास शिक्षकले संवेग प्रकटका सूचकहरू त्रैमासिक रूपमा भर्ने ।<br>• अभिभावकलाई संवेगात्मक विकाससम्बन्धी के गराउने ?<br>➢ संवेगात्मक पक्षको विकास गराउन अभिभावकहरूले बालबालिकालाई मनोरञ्जनात्मक खेल, कथा, सङ्गीत, नृत्य जस्ता क्रियाकलाप गर्ने । | | |

२.८. उपक्षेत्रः संवेगात्मक विकास

विशिष्ट पक्षः संवेगात्मक सुरक्षा तथा आत्मविश्वास

मापदण्ड/स्तरः

१. बालबालिका विभिन्न अवस्थामा सुरक्षाको अनुभूति देखाउने गर्छन् ।

२. बालबालिका नयाँ अनुभवहरू तथा नयाँ कुराहरू सिक्न आत्मविश्वास प्रदर्शन गर्ने गर्दछन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | के बालबालिका आफूलाई सुरक्षित भएको महसुस गर्दछन् ? आत्मविश्वास प्रदर्शन गर्ने क्रियाकलापहरू सञ्चालन गर्दा कस्ता सकारात्मक पक्षहरू आए ? कस्ता विधि अपनाइए ? | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | आत्मविश्वास प्रदर्शन गर्न , त्यो सँग सम्बन्धित क्रियाकलाप गराउँदा कुनै समस्या छ ? कुन थप विधि प्रयोग गर्दा राम्रो होला ? | १ घण्टा | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी, डटपेन |
| सन्देश तथा | **निम्न प्रक्रिया बालबालिकासँग प्रयोग गर्न उचित होला कि नहोला** | २ | भ्रमण |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| विषयवस्तुको जानकारी | **छलफल गर्ने ।**<br><br>**हाटवजार भ्रमण/ शैक्षिक भ्रमण**<br>**प्रक्रिया १** : बालविकास शिक्षकले नजिकै लाग्ने हाट वा बजार भएमा १ दिन भ्रमणमा लैजाने मितिको तय गर्नुपर्छ र अभिभावकहरूलाई सोही अनुसार जानकारी दिई अनुमति लिनुपर्दछ । त्यो ठाउँमा जानका लागी बाटो, साधन सुरक्षित छ, छैन ? अन्यको सहयोग लिनुपर्छ कि पर्दैन भनेर अग्रिम रूपमा सुनिश्चत गर्नुपर्दछ । र बालबालिकालाई पनि पहिल्यै जानकारी दिनुपर्दछ ।<br>**प्रक्रिया २** : बालबालिकासँग बसेर भम्रण जाने ठाउँ, किन जान लागेको, के गर्नुहुन्छ ? के गर्नु हुँदैन ? जस्ता सामान्य नियमहरू छलफल गर्न लगाउने । साथी—साथी बीच कस्तो सहयोग चाहिन्छ ? छिटो हिँड्ने, ढिलो हिँड्ने ,लाइनमा हिँड्ने, साथीलाई नधकेल्ने , सहयोग गर्ने जस्ता नियमहरू पहिल्यै बनाउने र आफूले थप छुटेको पनि थपदिने/आउने/फर्म समयको पनि जानकारी दिने<br>**प्रक्रिया ३** : कुन बालक/बालिका स्फूर्तिका साथ नेतृत्व लिएर अगाडि वढिरहेको छ । कतिको आत्मविश्वास छ ? को डराइरहेको छ ? को अरूलाई सहयोग गरिरहेको छ ? को एक्लै चुपचाप हिँडिरहेको छ ? अवलोकन गर्नुपर्दछ ।<br>**प्रक्रिया ४** : हाटमा/बजारमा/स्थलमा पुगेपछि कुन कुन ठाउँ जाने, पहिले के हेर्ने के सिकाउने, के बताउने, कसले बताउने पालो कस्को आदि बारेमा निर्देशन दिने र सोही अनुरूप उनीहरूलाई भ्रमण गर्न सहयोग गर्ने । आफूले चारैतिर राम्ररी हेरविचार गर्ने । सुरक्षा र सहयोग दुवै जरुरी हुन्छ सो को व्यवस्था गर्ने र समपमा फर्कने ।<br>**प्रक्रिया ५** : सबैलाई केन्द्रमा आएपछि हात खुट्टा सफा गर्ने गोलो घेरामा राखेर दिनभरी गरेको भ्रमणको बारेमा के सिक्यौं, के देख्यौं , के जान्यौ जस्ता प्रश्नहरू राखेर छलफल गराउने । पहिले सानो समूहमा गराउने त्यसपछि ठूलो समूहमा गराउने । | घण्टा | जाने ठाँउ, साधन |
| समीक्षा | के यस्तो विधि अपनाउन सकिएला ? यो विधि अपनाउन योग्य छ ? अरू के गरेको भए अझ राम्रो हुन्थ्यो ? छलफल गर्ने । | २० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | हरेक बालविकास शिक्षकलाई निम्न चारवटा बुँदामा सङ्कल्प र योजना निर्माण गर्न लगाउने ।<br>• बालविकास केन्द्रमा संवेगात्मक विकासका लागि क्रियाकलाप गर्न गराउन कस्तो वातावरण बनाउने ? | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | ➢ बालविकास केन्द्रमा वार्षिक योजना टाँस हुनुपर्दछ । कुन दिन कति पटक शैक्षिक भ्रमणमा कहाँ लैजान सकिन्छ भनेर सबै सामु वार्षिक रूपमा कार्ययोजना/पाठ योजना भएको हुनुपर्दछ ।<br>• बालविकास शिक्षकले बालबालिकाको संवेगात्मक विकासका लागि दैनिक रूपमा के कस्ता क्रियाकलापहरू गर्ने ?<br>➢ बालविकास शिक्षकले सबै बालबालिकाका अभिभावकसँग बालक/बालिका कस्तो स्वभावका छन् ? के बाट डराउँछन् ? कतिको काम गर्न सघाउँछन् ? के ऊ/उनी सुरक्षित छ ? जस्ता कुराहरू सोधेर व्यक्तिगत फायलमा अभिलेख राखेको हुनुपर्दछ र माथिको क्रियाकलाप गरेपछि सूचकहरू भर्नुपर्दछ ।<br>• बालबालिकालाई संवेगात्मक विकासका लागि दैनिक रूपमा के गराउने ?<br>➢ बालबालिकालाई हाट बजारमा लैजाने, शैक्षिक भ्रमणमा लैजाने। यसको साथै उनीहरूमा सुरक्षित जुत्ता, कपडा, पहिरनको जानकारी पनि भएको हुनुपर्दछ ।<br>• अभिभावकलाई संवेगात्मक विकाससम्बन्धी के गराउने ?<br>➢ अभिभावकहरूले बालविकास शिक्षकले शैक्षिक भ्रमणमा लैजाने दिन सहयोग गर्नुपर्दछ । घरमा पनि भजनकीर्तन, भोज, विवाह, पूजा जस्ता कार्यमा संलग्न गराउने बानीको विकास गराउनु पर्दछ । | | |

२.९.उपक्षेत्रः संवेगात्मक विकास

विशिष्ट पक्षः संवेगहरूको सन्तुलन

मापदण्ड/स्तरः

बालबालिका आफ्ना संवेगहरू सन्तुलित रूपमा प्रयोग गरेर देखाउन सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | के बालबालिकाकालागि संवेगहरू सन्तुलन गर्न सक्ने क्रियाकलापहरू सञ्चालन गरिएका छन् ? छन् भने प्राप्त सकारात्मक पक्षहरू कस्ता रहेका छन् ? | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | यस्ता क्रियाकलापहरू सञ्चालन गर्दाको समस्याहरू के हुन् ? के यसमा केही नयाँ विधि प्रयोग गर्न सकिन्छ ? | १ घण्टा | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी, डटपेन |
| सन्देश तथा विषयवस्तुको जानकारी | **निम्न प्रक्रिया बालबालिकासँग प्रयोग गर्न उचित होला कि नहोला छलफल गर्ने ।**<br><br>लाइनमा पालो पर्खने<br><br>प्रक्रियाः यो क्रियाकलाप अन्तर्गत बालबालिकाले खानेपानी लिन, शौचालय जाँदा, खेल सामग्रीहरू लिंदा, बाटोमा हिंड्दा, खाजा लिन जाँदा, घर जाने बेलामा बाहिरबाट कक्षा कोठामा प्रवेश गर्दा पालैपालो लाइनमा उभिएर नियमको पालना गरे नगरेको अवलोकन गर्ने ।<br><br>अपाङ्गता भएको घर भ्रमण<br>प्रक्रिया १ : छिमेकी वा समुदायमा भएका वा बालकेन्द्रमा रहेका कोही अपाङ्ग बालक/बालिका भएमा उसलाई के कस्ता महसुस भइरहेको छ ? घर परिवारमा बढी कसले ध्यान दिएको छ, सहयोग पुऱ्याएको छ ? के कुराको अभाव महसुस लागेको छ ? साथीहरूले के गरेको होस् ? के नगरेको होस् ? अन्य बालबालिकाले पुऱ्याइरहेको सहयोग के के हो ? बताउन लगाउने र सबैलाई संवेदनशील बनाउन प्रत्यन गर्ने ।<br><br>दाह संस्कार - एक जानकारी<br>प्रक्रिया १ : बालबालिकालाई जन्मपछि मृत्यु हुनु पनि स्वभाविक र प्राकृतिक कुरा हो भनी जनाउन चित्रबाट वा कथाबाट पनि बताउन सकिन्छ । प्रत्यक्ष देखाउँदा नकारात्मक संवेग, डर पैदा हुने हुँदा गाउँ घरमा त्यस्तो संस्कार गरेको ककसले देखेको छ ? कस्तो लाग्यो ? किन डर लाग्यो ? तर यो स्वभाविक रूपमा लिनुपर्छ भनेर बोटविरुवाबाट पातहरू झरेको, फूलहरू फुलेपछि भुइँमा खसेको जस्ता चित्रात्मक कथाहरूबाट साङ्केतिक रूपमा बलियो आत्मविश्वास जगाउनु पर्दछ । त्यस्ता ठाउँमा दुःख प्रकट गर्नु र रुनु पनि स्वाभाविक हो तर अति गरेमा त्यसबाट हानि हुने कुरा पनि बताउनु पर्दछ । | २ घण्टा | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| समीक्षा | • के यस्ता विधिहरू अपनाउँदा उचित होला त ? कसरी गर्दा संवेग सन्तुलनमा थप सहयोग पुऱ्याउन सकिन्छ ? छलफल गर्ने । | २० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | हरेक बालविकास शिक्षकलाई निम्न चारवटा बुँदामा सङ्कल्प र योजना निर्माण गर्न लगाउने ।<br>• बालविकास केन्द्रमा संवेगात्मक विकासका लागि क्रियाकलाप गर्न गराउन कस्तो वातावरण बनाउने ?<br>➢ बालविकास केन्द्रमा चित्र सामग्रीहरू भरिपूर्ण राखिएको हुनुपर्दछ ।<br>• बालविकास शिक्षकले संवेगात्मक विकासका लागि क्रियाकलापसम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>➢ बालविकास शिक्षकले विषयवस्तुअनुसार कार्ययोजना, पाठयोजना अनुसार यस्ता क्रियाकलापहरू गराउनु पर्दछ र यस सम्बन्धी सूचकहरू त्रैमासिक रूपमा भर्नुपर्दछ । चित्र सामग्री निर्माण गर्नुपर्दछ ।<br>• बालबालिकालाई संवेगात्मक विकासका लागि दैनिक रूपमा के गराउने ?<br>➢ बालबालिकालाई संवेग सन्तुलनका लागि यस्ता कथा, घटना र संस्कारमा सहभागी गराउनुपर्दछ या सुनाउनु देखाउनु पर्दछ ।<br>• अभिभावकलाई संवेगात्मक विकाससम्बन्धी के गराउने ?<br>➢ अभिभावकले पनि घरमा, छिमेकीमा घट्ने दुःखका घटना (सुखका घटनाहरूबारे बताएर संवेगको डर, त्रास हटाउन मद्दत गराउनु पर्दछ । भूतप्रेतको कथा भन्न बन्द गर्नुपर्दछ । बालबालिकालाई अध्यात्मिक चेतनाको विकास गराउन सत्य र यथार्थ कुराहरू बताउनुपर्छ । | २० मिनेट | कथा, घटना र संस्कारमा चित्र सामग्रीहरू |

## मुख्य क्षेत्र ३ : बौद्धिक विकास

३.१. उपक्षेत्र : संज्ञात्मक विकास

विशिष्ट पक्ष : बौद्धिक सीप तथा सिकाइ प्रक्रिया

मापदण्ड / स्तर :

१. बालबालिका खोज तथा अन्वेषण गर्न सक्छन् ।

२. बालबालिका समस्याको समाधान गर्न तथा अनुभवबाट आइपर्ने परिणामको अनुमान सक्छन् ।

३. बालबालिका सिकाइको विश्लेषण गर्दै प्राप्त निष्कर्षलाई भविष्यको सिकाइमा प्रयोग गर्छन् ।

४. बालबालिका एकाग्रता तथा लगनशीलता देखाउँछन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत संज्ञानात्मक विकास सञ्चालन सम्बन्धि क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत संज्ञानात्मक विकास सञ्चालन सम्बन्धि क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी, डटपेन |
| सन्देश तथा विषयवस्तुको जानकारी | क्रियाकलाप<br>१. डोमिनो तथा पजल मिलाउन लगाउने<br>प्रक्रियाः बालविकास शिक्षकहरूलाई ३ समूहमा विभाजन गर्ने । डोमिनो र पजलको एक एक सेट प्रत्येक समूहलाई दिने । सो सेटमा भएको पजल तथा डोमिनोलाई मिलाउन लगाउने र ठीक तरिकाले मिलाउन सक्यो कि सकेन हेर्ने र सकेन भने फेरि गर्न लगाउने ।<br><br>२.घटनाको क्रमलाई मिलाउने<br>प्रक्रियाः सहभागीहरूलाई चार जनाको समूहमा विभाजन गर्ने । प्रत्येक समूहलाई विभिन्न घटना दर्शाउने चित्रहरूको एक एक सेट बाँड्ने । सबै समूहलाई निर्देशन अनुसार प्रत्येक चित्रको घटनालाई क्रमबद्ध रूपमा मिलाउन लगाउने ।यदि मिलाउन नसकेमा कुन चित्र छुटेको छ भन्ने कुराको छलफल गर्ने र छुटेको भए फेरि गर्न लगाउने । | ३० मिनेट<br><br>१५ मिनेट | डोमिनो तथा पजलका टुक्राहरूको सेट<br><br>घटना लेखिएको चित्रहरू ४/५ सेट<br><br>थोप्ला थोप्लाले |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | ३. थोप्ला थोप्लाले बनाएको चित्रमाथि कोर्ने<br>सबै सहभागीलाई थोप्ला थोप्ला मात्र कोरिएको एक एकवटा चित्र अथवा अक्षर दिने । सो चित्र वा अक्षरमाथि सबै सहभागीलाई माथिबाट कलमले कोर्न लगाउने ।सही ढङ्गले कोरेको छ कि छैन हेर्ने । यदि छैन भने फेरि कोर्न लगाउने ।<br><br>४. कथा सुनाउने<br>प्रक्रियाः सहभागीहरूलाई कथा सुनाउने । कथा सुनाउँदा अन्त्यको कथा नसुनाउने र सहभागीहरूलाई<br>अन्त्यमा के हुन्छ होला भनेर सोध्ने । हरेकले आ—आफ्नै कथाको अन्त्य गर्न सक्दछन् । सबैको कुरा सुनिसकेपछि, सहभागीहरूलाई धन्यवाद दिंदै कथाको अन्त्य गरिदिने । | ३० मिनेट<br><br><br>३० मिनेट | कोरिएको अक्षर अथवा चित्र<br><br>कथा लेखिएको किताब |
| समीक्षा | • आजको विषयवस्तुसम्बन्धि बुझाई कस्तो भयो र कुन क्रियाकलाप उपयुक्त लाग्यो कि लागेन, बालबालिकालाई यी खेल क्रियाकलाप दैनिक कार्यतालिका अनुसार कुन कुन समयमा गराउने छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा विषयवस्तु बुझिने गरी कस्तो वातावरण बनाउने ?<br>➢ बालविकास केन्द्रमा बौद्धिक सीप तथा सिकाइ प्रक्रिया सञ्चालन गर्ने खेल सामग्रीहरू मिलाएर राख्ने<br>• बालविकास शिक्षकले विषयवस्तु सम्बन्धी क्रियाकलापलाई दैनिक रूपमा कसरी सञ्चालन गर्ने ?<br>➢ बालविकास केन्द्रमा बौद्धिक सीप तथा सिकाइ प्रक्रिया सञ्चालन गर्ने खेल सामग्रीहरू तयार गर्ने र नभएको खण्डमा बनाउने, बालबालिका खेल्ने स्थान सफा राख्ने ।<br>• बालबालिकालाई विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गराउने ?<br>➢ बालविकास केन्द्रमा बालबालिकालाई बौद्धिक सीप तथा सिकाइ प्रक्रिया सञ्चालन गर्ने खालका खेल दैनिक रूपमा खेलाउने ।<br>• अभिभावकलाई विषयवस्तु सम्बन्धी के गराउने ?<br>➢ अभिभावकहरूले घरमा पनि बालबालिकालाई बौद्धिक सीप तथा सिकाइ प्रक्रिया सञ्चालन गर्ने खालका सामग्रीहरू जुटाउन लगाउने, खेल्न प्रोत्साहन गर्ने र खेल्न लगाउने । | २० मिनेट | |

३.२. उपक्षेत्र : बौद्धिक विकास

विशिष्ट पक्ष : वर्गीकरण तथा क्रम मिलाउने

मापदण्ड/स्तर :

१. बालबालिका आकार तथा नापको ज्ञान देखाउन सक्छन् ।

२. बालबालिका विभिन्न ज्यामितीय तथा अन्य आकारहरू चिन्न र बताउन सक्छन् ।

३. बालबालिका विभिन्न वस्तुहरूलाई रङको आधारमा चिन्न र तुलना गर्न सक्छन् ।

४. बालबालिका वस्तुहरूको क्रमलाई मिलाएर राख्न तथा वर्गीकरण गर्न सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत वर्गीकरण तथा क्रमलाई मिलाउने सम्बन्धी के के क्रियाकलाप गराउनु भयो र यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने। | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत वर्गीकरण तथा क्रमलाई मिलाउने सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | |
| सन्देश तथा विषयवस्तुको जानकारी | क्रियाकलापः<br>**१. रङ र आकारको छनौट**<br>सहभागीहरूलाई ४ समूहमा विभाजित गर्ने ।कम्तीमा पनि ६ वटा रङ (रातो, नीलो, हरियो, पहेंलो, कालो, सेतो) अथवा विभिन्न ज्यामितीय आकारका वस्तुहरू जस्तै त्रिकोण, गोलाकार, वर्गहरूलाई सहभागीहरूको अगाडि फैलाएर राखिदिने र प्रत्येक नाप, रङ तथा आकार एक एक गरी चिन्न लगाउने । यदि रङ वा आकार चिन्ने बेलामा गलत जवाफ दिएमा फेरि दोहोर्‍याएर चिन्न लगाउने जसले गर्दा सहभागीहरूको आत्मविश्वास अझै बढ्न मद्दत पुग्न सक्छ ।<br><br>**२.सानो, ठूलो र ठिक्कको नाप भएको आकार चिन्न लगाउने**<br>सहभागीहरूलाई ३ समूहमा विभाजित गर्ने । सानो, ठूलो र ठिक्कको आकार भएको चित्र वा वस्तुलाई हरेक समूहमा बाँड्ने । हरेक समूहमा ती आकारका वस्तुहरूलाई मिलाएर सानो, ठूलो र ठिक्कको गरी मिलाएर राख्ने । यदि क्रमलाई मिलाएर राख्न जानेनन् भने फेरि | ३० मिनेट<br><br>१ घण्टा | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | सोही क्रियाकलापलाई दोहोऱ्याउने र गर्न लगाउने ।<br>**३. चित्र चिन्ने र रङ लगाउने**<br>सहभागीहरूलाई विभिन्न रङका कार्डहरू जस्तैः झण्डा, कागजका टुक्राहरू र रङ्गीन डोमीनोहरू हेर्न दिने र साथै चिन्न लगाउने । सोही अनुसारको चित्रहरू दिने र सबै सहभागीहरूलाई रङ लगाउन दिने । चित्रमा रङ लगाउँदा राम्रोसँग रङ लगायो कि लगाएनन् जाँच गर्ने । यदि लगाएका छैनन् भने फेरि रङ लगाउन दिने । | | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र कुन विधि उपयुक्त लाग्यो, किन लाग्यो र प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा विषयवस्तु बुझिने कस्तो वातावरण बनाउने ?<br>➢ बालविकास केन्द्रमा वर्गीकरण तथा क्रमलाई मिलाउने प्रक्रिया सम्बन्धी खेल सामग्रीहरू मिलाएर राख्ने ।<br>• बालविकास शिक्षकले विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>➢ बालविकास केन्द्रमा वर्गीकरण तथा क्रमलाई मिलाउने प्रक्रिया सञ्चालन गर्ने खेल सामग्रीहरू तयार गर्ने र नभएको खण्डमा बनाउने र बालबालिकाले खेल्ने स्थान उपयुक्त बनाइदिने तथा सफा राख्ने ।<br>• बालबालिकालाई विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गराउने ?<br>➢ बालविकास केन्द्रमा बालबालिकालाई वर्गीकरण तथा क्रमलाई मिलाउने प्रक्रिया सञ्चालन गर्ने खालका खेल दैनिक रूपमा खेलाउने ।<br>• अभिभावकलाई विषयवस्तु सम्बन्धी के गराउने ?<br>➢ अभिभावकहरूले घरमा पनि बालबालिकालाई वर्गीकरण तथा क्रमलाई मिलाउने प्रक्रिया सञ्चालन गर्ने खालका सामग्रीहरू जुटाउन लगाउने, खेल्न प्रोत्साहन गर्ने र खेल्न लगाउने जसले गर्दा बालबालिकाको बौद्धिक विकास राम्रोसँग हुन्छ । | | |

३.३. उपक्षेत्र : बौद्धिक ज्ञान

विशिष्ट पक्ष : वैज्ञानिक खोज/आकाश तथा मौसम

मापदण्ड/स्तर :

१. बालबालिका मौसमलाई हेरेर त्यसका बारेमा वर्णन गर्न सक्छन् ।

२. बालबालिका सूर्य, चन्द्रमा, तारा र आकाशको वर्णन गर्न सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत वैज्ञानिक खोज/आकाश तथा मौसमसम्बन्धी के के क्रियाकलाप गराउनु भयो र यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन्, छलफल गर्ने । | २० मिनेट | सामान्य छलफल |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत वैज्ञानिक खोज/आकाश तथा मौसम सञ्चालन सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | |
| सन्देश तथा विषयवस्तुको जानकारी | क्रियाकलाप :<br>**१. मौसम/श्रृतुको चार्ट**<br>विभिन्न मौसम (गर्मी, जाडो, वर्षा, हिउँद) को चित्रहरू प्रत्येक सहभागीहरूलाई देखाउने । त्यसपछि सहभागीहरूलाई ती चित्रहरू चिन्न प्रोत्साहन गर्ने । सोही लाइनमा मौसमको बारेमा राम्रो जानकारी दिने ।<br>कक्षाकोठाबाट बाहिर लगेर त्यस दिनको मौसमकोबारे जानकारी दिने र सहभागीहरूलाई पालैपालो गरेर आजको मौसम कस्तो छ भनेर सोध्न लगाउने । यसरी सहभागीहरूलाई पाठ्यक्रमको म र मेरो वातावरणसँग सम्बन्धीत विषयसँग जोडेर छलफलमा सरिक गराउने ।<br><br>**२. मौसमको गीत**<br>झम्झम् झम्, झम्झम् झम्<br>पानी पर्दैछ<br>स्कुल जाने बेला भो<br>कसरी जाने हो<br>किन डराउँछौ, किन सुर्ताउँछौ<br>स्कुल जान हामीसँग छाता छँदैछ, हे !<br>झम्झम् झम्, झम्झम् झम्<br>पानी पर्दैछ<br>स्कुल जाने बेला भो<br>कसरी जाने हो<br>किन डराउँछौ, किन सुर्ताउँछौ | १ घण्टा ३० मिनेट | मौसम चार्ट |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | स्कुल जान हामीसँग रेनकोट छँदैछ, हे !<br><br>**३. ब्रम्हाण्डको चार्ट**<br>सहभागीहरूलाई ४ समूहमा विभाजित गर्ने । प्रत्येक समूहमा ब्रम्हाण्डको चार्ट देखाउने । ब्रम्हाण्डमा भएको<br>चन्द्र, सूर्य, तारा, पृथ्वीको चित्र देखाउने र सहभागीहरूलाई कुन चित्र के को हो भन्न लगाउने । प्रत्येक चित्रको बारेमा छलफल गर्न लगाउने । साथै सूर्यले के दिन्छ, चन्द्र कति बेला देखिन्छ, हामी पृथ्वीमा बस्छौं, हामीलाई गर्मी र जाडो कसरी हुन्छ भन्ने कुराको छलफल गर्ने ।यसैगरी सहभागीहरूले नयाँ कुराहरूको पनि छलफल गर्न सक्दछन् । | | |
| समीक्षा | आजको विषयवस्तु झल्कने विधिसम्बन्धी बुझाइ कस्तो भयो र प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा विषयवस्तु बुझिने कस्तो वातावरण बनाउने ?<br>➢ बालविकास केन्द्रमा वैज्ञानिक खोज/आकाश तथा मौसम खेल सामग्रीहरू मिलाएर राख्ने ।<br><br>• बालविकास शिक्षकले विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>➢ बालविकास केन्द्रमा वैज्ञानिक खोज/आकाश तथा मौसम प्रक्रिया सञ्चालन गर्ने खेल सामग्रीहरू तयार गर्ने र नभएको खण्डमा बनाउने र बालबालिकाले खेल्ने स्थान उपयुक्त बनाइदिने र सफा राख्ने ।<br><br>• बालबालिकालाई विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गराउने ?<br>➢ बालविकास केन्द्रमा बालबालिकालाई वैज्ञानिक खोज/आकाश तथा मौसम प्रक्रिया सञ्चालन गर्ने खालका खेल दैनिक रूपमा खेलाउने ।<br><br>• अभिभावकलाई विषयवस्तु सम्बन्धी के गराउने ?<br>➢ अभिभावकहरूले घरमा पनि बालबालिकालाई वैज्ञानिक खोज/आकाश तथा मौसमप्रक्रिया सञ्चालन गर्ने खालका सामग्रीहरू जुटाउन लगाउने, खेल्न प्रोत्साहन गर्ने साथै आकाशमा हेरेर ती चिजहरू चिनाउने ।<br>➢ बालबालिकालाई आकाश र मौसमसम्बन्धी खेल खेल्न लगाउने जसले गर्दा बालबालिकाको यस सम्बन्धी बौद्धिक विकास राम्रोसँग हुन्छ । | | |

३.४. उपक्षेत्र : बौद्धिक ज्ञान

विशिष्ट पक्ष : वैज्ञानिक खोज/सजीव र निर्जीव वस्तुहरू

मापदण्ड/स्तर :

१. बालबालिका शरीरका अङ्गहरूको नाम भन्न सक्छन् ।

२. बालबालिका जीवित वस्तुहरूका वासस्थान बताउन सक्छन् ।

३. बालबालिका जीवित वस्तुहरूका वासस्थान बताउन सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत वैज्ञानिक खोज/आकाश तथा मौसम सम्बन्धी के के क्रियाकलाप गराउनु भयो र यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने। | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत वैज्ञानिक खोज/आकाश तथा मौसम सञ्चालन सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी |
| सन्देश तथा विषयवस्तुको जानकारी | **निम्न प्रक्रियाको सुक्ष्म शिक्षण गरेर देखाउने ।**<br><br>**क्रियाकलाप १:**<br>• बालबालिकालाई अर्ध गोलाकारमा बस्न लगाउने<br>• सबैजनले देख्ने गरी पहिले सजीव वस्तुहरूका आँखा, नाक, मुख, हात, खुट्टा भएका चित्र कार्डहरू एक एक गरी सबैलाई देखाउने<br>• त्यसपछि ती अङ्गहरूले के गर्छ भनेर सोध्ने र भन्न नसकेमा सबै अङ्गहरूका बारेमा बताइदिने । ती अङ्गहरू भएकालाई सजीव वस्तु भनिन्छ भनेर राम्रोसँग भनिदिने ।<br>• त्यस्तैगरी निर्जीव वस्तुहरू भएको टेबुल, मेच, किताब, कलम भएका चित्र कार्डहरू सबैलाई एक एक गरी सोध्ने र भन्न नसकेमा ती वस्तुहरूका बारेमा बताइदिने र ती निर्जीव वस्तुहरू हुन भनी सम्झाउने ।<br><br>**क्रियाकलाप नं २:**<br>कक्षा बाहिरको क्रियाकलाप:<br>• बालबालिकालाई कक्षा कोठा बाहिर लैजाने । | १५ मिनेट<br><br>१ घण्टा | सजीव तथा निर्जीव वस्तुहरूको पहिचान र छुट्याउने चित्र कार्डहरू |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | • सबै बालबालिकालाई लाइनमा उभिन लगाउने ।<br>• बालबालिकालाई गाईगोठमा लैजाने ।<br>• उनीहरूलाई पहिले गाई देखाउने र गाईको बारेमा सोध्ने<br>• त्यसपछि उनीहरूलाई गाईको बारे राम्ररी बताउने, जस्तैः गाई हाम्रो राष्ट्रिय जनावर हो, गाई घर पालुवा जनावर हो, गाईले दूध दिन्छ इत्यादि ।<br>• सोही तरिकारले अरू जनावर जस्तैः माछा, कुकुर, बिरालो र पन्छीहरू जस्तै परेवा, ढुकुर, सुगा आदि पनि देखाउन सकिन्छ र सोको बारेमा सोध्ने र बताइदिने । | | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र कुन विधि उपयुक्त लाग्यो, किन लाग्यो र प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना | बालविकास केन्द्रमा बालबालिकाले सजिलै सजीव र निर्जीव वस्तुहरू पहिचान गरून् भन्नका लागि कस्तो वातावरण बनाउने ?<br>• बालविकास केन्द्रमा वैज्ञानिक खोज/सजीव र निर्जीव वस्तुहरू चित्र भएको खेल सामग्रीहरू मिलाएर राख्ने ।<br>बालविकास शिक्षकले विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>• बालविकास केन्द्रमा वैज्ञानिक खोज/सजीव र निर्जीव वस्तुहरू सञ्चालन गर्ने खेल सामग्रीहरू तयार गर्ने र<br>• नभएको खण्डमा बनाउने र बालबालिकाले खेल्ने स्थान उपयुक्त बनाइदिने र सफा राख्ने ।<br>बालबालिकालाई विषयवस्तु सम्बन्धी दैनिक रूपमा के कस्ता क्रियाकलापहरू गराउने ?<br>• बालविकास केन्द्रमा बालबालिकालाई वैज्ञानिक खोज/सजीव र निर्जीव वस्तुहरू सञ्चालन गर्ने खालका खेल दैनिक रूपमा खेलाउने ।<br>अभिभावकलाई विषयवस्तु सम्बन्धी के कस्ता जानकारी कसरी गराउने ?<br>• अभिभावकहरूले घरमा पनि बालबालिकालाई वैज्ञानिक खोज/सजीव र निर्जीव वस्तुहरू प्रक्रियासञ्चालन गर्ने खालका सामग्रीहरू जुटाउन लगाउने, खेल्न प्रोत्साहन गर्ने र खेल्न लगाउने जसले गर्दा बालबालिकाको यस सम्बन्धी बौद्धिक विकास राम्रोसँग हुन्छ ।साथै घरमा भएका सजीव र निर्जीवको प्रयोगात्मक तवरले बुझाउने विषयमा स्पष्ट पार्ने । | २० मिनेट | |

३.५. उपक्षेत्र : बौद्धिक ज्ञान

विशिष्ट पक्ष : वैज्ञानिक ज्ञान/वस्तुहरू (पदार्थ)

मापदण्ड/स्तर :

१. बालबालिकाले दैनिक प्रयोग हुने वस्तुहरू (धातुका वस्तु र अन्य) चिन्न र तिनलाई वर्णन गर्न सक्छन् ।

२.बालबालिका पानीको गुणबारे बताउन सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत वैज्ञानिक ज्ञान/वस्तुहरू (पदार्थ)सम्बन्धी के के क्रियाकलाप गराउनु भयो र यी क्रियाकलाप गराउँदा के कस्ता सकारात्मक अनुभवहरू रहे ? छलफल गर्ने । | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत वैज्ञानिक ज्ञान/वस्तुहरू (पदार्थ) सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी |
| सन्देश तथा विषयवस्तुको जानकारी | **निम्न प्रक्रियाको सुक्ष्म शिक्षण गरेर देखाउने ।**<br><br>**क्रियाकलाप १:** खेल विधि<br>• बालबालिकालाई गोलो घेरामा राख्ने,<br>• प्लाष्टिक, स्टीलका भाँडा, सिसाको ग्लास, काठको बाकस, माटोको भाँडा जस्ता सबै चीजहरू बीचमा राखिदिने,<br>• बालबालिकालाई एक एक गरी अगाडि बोलाउने र आफूले एउटा वस्तुको नाम भन्ने,<br>• उनीहरूलाई सो वस्तु टिप्न लगाउने र त्यो वस्तुको नाम भन्न लगाउने,<br>• यसरी नै सबैलाई बोलोउने र यो खेल खेलाउने,<br>• यदि कुनै पनि बालबालिकाले त्यस वस्तु चिन्न सकेनन् वा त्यसको नाम भन्न सकेनन् भने फेरि त्यस वस्तुलाई देखाउने र नाम भनिदिने ।<br>**क्रियाकलाप २:**<br>प्रदर्शन विधि | १ घण्टा<br><br>१ | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | • बालबालिकालाई लाइन लगाएर बाहिर लैजाने,<br>• एउटा ठूलो भाँडामा पानी भरेर राख्ने,<br>• बालबालिकालाई पानीको भाँडा भएको ठाउँमा घेरा लगाएर बस्न लगाउने,<br>• त्यस पानीले भरेको भाँडामा पहिले तैरिने वस्तुहरू जस्तैः काठको फलेक, कागत, प्लाष्टिक राखेर देखाउने,<br>• त्यसपछि उनीहरूलाई त्यो वस्तु पानीमा तैरियो कि डुब्यो भनेर सोध्ने,<br>• उनीहरूले बुझेनन् भने फेरि त्यो प्रक्रिया गरेर देखाउने,<br>• डुब्ने बस्तुहरू जस्तैः ढुङ्गा अथवा अरू कुनै गह्रौं वस्तुलाई पानीमा राखेर देखाउने र ढुङ्गा डुब्यो कि डुबेन भनेर सोध्ने,<br>• उनीहरूले भन्न जानेमा स्याबासी दिने र जानेनन् भने आफूले राम्रोसँग भनिदिने । | घण्टा | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र कुन विधि उपयुक्त लाग्यो, किन लाग्यो र प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा विषयवस्तु बुझिने कस्तो वातावरण बनाउने ?<br>बालविकास केन्द्रमा वैज्ञानिक ज्ञान/वस्तुहरू(पदार्थ) भएको खेल सामग्रीहरू मिलाएर राख्ने ।<br>• बालविकास शिक्षकले विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>• बालविकास केन्द्रमा वैज्ञानिक ज्ञान/वस्तुहरू (पदार्थ) भएका वस्तुहरू सञ्चालन गर्ने खेल सामग्रीहरू तयार गर्ने र नभएको खण्डमा बनाउने र बालबालिकाले खेल्ने स्थान उपयुक्त बनाइदिने र सफा राख्ने<br>• बालबालिकालाई विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गराउने ?<br>बालविकास केन्द्रमा बालबालिकालाई वैज्ञानिक ज्ञान/वस्तुहरू (पदार्थ) भएका वस्तुहरू सञ्चालन गर्ने खालका खेल दैनिक रूपमा खेलाउने ।<br>• अभिभावकलाई विषयवस्तु सम्बन्धी के गराउने ?<br>अभिभावकहरूले घरमा पनि बालबालिकालाई वैज्ञानिक ज्ञान/वस्तुहरू (पदार्थ)भएका वस्तुहरू प्रक्रिया सञ्चालन गर्ने खालका सामग्रीहरू जुटाउन लगाउने, खेल्न प्रोत्साहन गर्ने र खेल्न लगाउने जसले गर्दा बालबालिकाको यस विषयसँग सम्बन्धी बौद्धिक विकास राम्रोसँग हुन्छ । | २० मिनेट | |

३.६.उपक्षेत्रः बौद्धिक ज्ञान

विशिष्ट पक्ष : वैज्ञानिक खोज/ प्रविधि

मापदण्ड/स्तरः

बालबालिकाले आफ्नो वरिपरि प्रयोग हुने केही औजार उपकरण तथा वस्तुहरू छुट्याउन सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत वैज्ञानिक खोज/प्रविधि सम्बन्धी के के क्रियाकलाप गराउनु भयो र यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | ३० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत वैज्ञानिक ज्ञान/प्रविधिसम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | |
| सन्देश तथा विषयवस्तुको जानकारी | **निम्न प्रक्रियाको सुक्ष्म शिक्षण गरेर देखाउने ।**<br>क्रियाकलाप १<br>खेल<br>• टि.भी., रेडियो, फोन, कम्प्युटरको आधा आधा चित्र कार्डहरूलाई उल्टो पारेर मिलाएर अगाडि राख्ने,<br>• बालबालिकालाई अर्धगोलाकारमा दुई जनाको समूहमा राख्ने,<br>• ती आधा चित्रकार्डहरू उल्टो पारी सबैजनालाई बाँडिदिने र आफ्नो ठाउँमा उभिन लगाउने,<br>• सबैलाई त्यो चित्र कार्डहरू सुल्टो पार्न लगाउने र त्यस चित्रकार्डको आधा भाग कुन साथीसँग छ खोज्न लगाउने,<br>• सबैले आ—आफ्नो आधा चित्रकार्ड बोकेको साथी भेटिसकेपछि उनीहरूलाई सँगै बस्न लगाउने,<br>• बालबालिकालाई आफूले बोकेको चित्रकार्डकोबारेमा भन्न लागाउने,<br>• उनीहरूलाई ती आविष्कारहरूको बारेमा बताइदिने र ती केका लागि प्रयोग हुन्छ प्रष्ट पारिदिने।<br><br>विधि २ : संवाद<br>• बालबालिकालाई अर्ध गोलकारमा राख्ने<br>• एउटा नक्कली टेलिफोनको सेट अगाडि राख्ने | ३० मिनेट<br><br>३० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | • बालबालिकालाई दुईजनाको समूहमा राख्ने<br>• उनीहरूलाई एक एक गरी दुईजनाको समूहलाई अगाडि बोलाउने र फोनको सेट दिने<br>• उनीहरूलाई घरको वातावरणमा फोनमा आफ्ना बुबा आमाले कसरी कुरा गर्नुहुन्छ, सोही अनुसार फोनमा संवाद गर्न लगाउने<br>• सबै समूहलाई पालैपालो गर्न लगाउने र फोनको आविष्कार र उपयोगको बारेमाम बताइदिने | | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र कुन विधि उपयुक्त लाग्यो, किन लाग्यो र प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा विषयवस्तु बुझिने कस्तो वातावरण बनाउने ?<br>बालविकास केन्द्रमा वैज्ञानिक खोज/प्रविधि भएको खेल सामग्रीहरू मिलाएर राख्ने ।<br>• बालविकास शिक्षकले विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>बालविकास केन्द्रमा वैज्ञानिक खोज/प्रविधिभएका वस्तुहरू सञ्चालन गर्ने खेल सामग्रीहरू तयार गर्ने र नभएको खण्डमा बनाउने र बालबालिकाले खेल्ने स्थान उपयुक्त बनाइदिने र सफा राख्ने<br>• बालबालिकालाई विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गराउने ?<br>बालविकास केन्द्रमा बालबालिकालाईवैज्ञानिक खोज/प्रविधि भएका वस्तुहरू सञ्चालन गर्ने खालका खेल दैनिक रूपमा खेलाउने ।<br>• अभिभावकलाई विषयवस्तु सम्बन्धी के गराउने ?<br>अभिभावकहरूले घरमा पनि बालबालिकालाई वैज्ञानिक खोज/प्रविधि भएका वस्तुहरू प्रक्रिया सञ्चालन गर्ने खालका सामग्रीहरू जुटाउन लगाउने, खेल्न प्रोत्साहन गर्ने र खेल्न लगाउने जसले गर्दा बालबालिकाको यस सम्बन्धी बौद्धिक विकास राम्रोसँग हुन्छ । | २० मिनेट | |

३.७. उपक्षेत्र : बौद्धिक ज्ञान

विशिष्ट पक्ष : वैज्ञानिक खोज/यातायात

मापदण्ड/स्तर :

बालबालिकाले आफ्नो ठाउँमा पाइने विभिन्न प्रकारको यातायातका साधनहरूको वर्णन गर्न सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत वैज्ञानिक खोज/यातायातसम्बन्धी के के क्रियाकलाप गराउनु भयो र यी क्रियाकलाप गराउँदा प्राप्त भएका सकारात्मक पक्षहरू के के हुन् | ३० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | छलफल गर्ने । | | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत वैज्ञानिक ज्ञान/यातायात सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | |
| सन्देश तथा विषयवस्तुको जानकारी | निम्न प्रक्रियाको सुक्ष्म शिक्षण गरेरे देखाउने ।<br>क्रियाकलाप १ : खेल<br>• बालबालिकालाई ४ जनाको समूहमा विभाजित गर्ने<br>• हरेक समूहलाई ब्लक तथा लेगोजको सेट दिने<br>• उनीहरूलाई ती ब्लक तथा लेगोजबाट आफूलाई मन परेको यातायातका साधनहरू बनाउन लगाउने<br>• बालबालिकाले आफ्नो समूहमा बनाएका यातायातका साधनहरूको बारेमा समूहमा प्रस्तुत गर्न लगाउने<br>• उनीहरूले बनाएका ती यातायातका साधनहरू बारे छलफल गर्ने र ती यातायातहरू कुन स्थल, कुन जल र कुन आकाशमा प्रयोग हुन्छ भन्नेबारे बालबालिकालाई बताइदिने ।<br><br>क्रियाकलाप २: रङ भर्ने<br>• बालबालिकालाई गोलो घेरामा राख्ने,<br>• उनीहरूलाई विभिन्न यातायातका चित्रहरू तथा रङहरू दिने,<br>• त्यसपछि ती चित्रहरूमा रङ लगाउन दिने,<br>• यसरी सबैजना रङ लगाएपछि सबैको चित्र सबैलाई देखाउने र ती यातायातको बारेमा भनिदिने,<br>• बालबालिकाले जमीनमा गुड्ने, पानीमा चल्ने र हावामा उड्ने यातायातको बारेमा जान्ने अवसर पाउँछन् । | ३० मिनेट<br><br>३० मिनेट | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र कुन विधि उपयुक्त लाग्यो, किन लाग्यो र प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा वैज्ञानिक खोज र यातायातका साधनका विषयवस्तु बुझिने वा झल्किने गरी कस्तो प्रकारको सजावट गर्ने ?<br>• बालविकास केन्द्रमा वैज्ञानिक खोज/यातायात भएको खेल सामग्रीहरू मिलाएर राख्ने ।<br>बालविकास शिक्षकले विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>• बालविकास केन्द्रमा वैज्ञानिक खोज/यातायात भएका वस्तुहरू | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | सञ्चालन गर्ने खेल सामग्रीहरू तयार गर्ने र नभएको खण्डमा बनाउने र बालबालिकाले खेल्ने स्थान उपयुक्त बनाइदिने र सफा राख्ने<br>बालबालिकालाई विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गराउने ?<br>• बालविकास केन्द्रमा बालबालिकालाई वैज्ञानिक खोज/यातायात भएका वस्तुहरू सञ्चालन गर्ने खालका खेल दैनिक रूपमा खेलाउने ।<br>अभिभावकलाई विषयवस्तु सम्बन्धी के गराउने ?<br>• अभिभावकहरूले घरमा पनि बालबालिकालाई वैज्ञानिक खोज/यातायात भएका वस्तुहरू प्रक्रिया सञ्चालन गर्ने खालका सामग्रीहरू जुटाउन लगाउने, खेल्न प्रोत्साहन गर्ने र खेल्न लगाउने जसले गर्दा बालबालिकाको यस सम्बन्धी बौद्धिक विकास राम्रोसँग हुन्छ । | | |

३.८. उपक्षेत्र : बौद्धिक ज्ञान

विशिष्ट पक्ष : दूरी तथा दिशा

मापदण्ड/स्तर :

१. बालबालिका दिशा निर्देशन बुझ्न र प्रयोग गर्न सक्छन्।

२. बालबालिका दूरी बताउन सक्छन् ।

३. बालबालिका वस्तुको स्थान र अवस्थिति बताउन सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत दूरी तथा दिशा सम्बन्धी के के क्रियाकलाप गराउनु भयो र यी क्रियाकलाप गराउँदा के के सहज भए अथवा कुन कुन सकारात्मक अनुभवहरू भए, छलफल गर्ने । | ३० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत दूरी तथा दिशा सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | |
| सन्देश तथा विषयवस्तुको जानकारी | निम्न विधिको सुक्ष्म शिक्षण गर्ने ।<br>क्रियाकलाप १ : प्रदर्शनी<br>• बालबालिकालाई गोलो घेरामा बस्न लगाउने, | ३० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | • बालबालिकालाई आ—आफ्नो भूमिका सम्झाउने, जस्तैः प्रत्येक बालबालिकालाई दायाँ, बायाँ, अगाडि, पछाडि भएको चित्रकार्ड समात्न लगाउने,<br>• उनीहरूलाई आफूले दायाँ कार्ड बोकेमा उनीहरूले आफ्नो दायाँमा बसेको साथीको नाम भन्न लगाउने, त्यस्तै गरी आफ्नो बायाँमा को साथी छ सोध्ने,<br>• एक जनालाई अगाडि बोलाउने र अर्कोलाई पछाडि राखिदिने,<br>• त्यस्तै गरी एकजनालाई मेचमाथि उभिन लगाउने र अर्कोलाई टेबुल मुनि बस्न लगाउने अनि उनीहरू कहाँ बसेको छ भन्न लगाउने,<br>• यो क्रियाकलाप सबै बालबालिकालाई पालैपालो गर्न लगाउने र भन्न लगाउने,<br>• यदि दिशा देखाउन र भन्न जानेन भने, आफूले भनिदिने अनि गरेर देखाउने ।<br><br>क्रियाकलाप २ : खेल<br>बालबालिकालाई दुईजनाको समूहमा राख्ने<br>• उनीहरूलाई आमुनेसामुने एक मिटरको दूरीमा उभिन लगाउने र सानो बल फाल्ने र समात्न लगाउने,<br>• फेरि दुई मीटरको दूरीमा राखेर सोही क्रियालाई दोहोऱ्याउने र सोही दूरीको फरक फरक अवस्थामा बालबालिकालाई राखेर यो खेल खेलाउने,<br>• उनीहरूलाई नजिक बसेर खेल्दा सजिलो भयो कि टाढा बसेर खेल्दा भनेर सोध्ने,<br>• साथै एक जनालाई दुईजनाको बीचमा राखेर बल फाल्न लगाउने र नजिक, टाढा र बीचको भिन्नता बताइदिने । | ३० मिनेट | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र कुन विधि उपयुक्त लाग्यो, किन लाग्यो र प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | बालविकास केन्द्रमा अभिभावक र बालबालिकाले समेत यस विषयमा सहजै बुझ्ने गरी कस्तो प्रकारको वातावरण निर्माण गर्ने ?<br>• बालविकास केन्द्रमा दूरी तथा दिशा बोध गराउने खालका खेल सामग्रीहरू मिलाएर राख्ने ।<br>बालविकास शिक्षकले विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>• बालविकास केन्द्रमा दूरी तथा दिशा भएका वस्तुहरू सञ्चालन गर्ने खेल सामग्रीहरू तयार गर्ने र नभएको खण्डमा बनाउने र | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | बालबालिकाले खेल्ने स्थान उपयुक्त बनाइदिने र सफा राख्ने ।<br>बालबालिकालाई विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गराउने ?<br>• बालविकास केन्द्रमा बालबालिकालाई दूरी तथा दिशा भएका वस्तुहरू सञ्चालन गर्ने खालका खेल दैनिक रूपमा खेलाउने<br>अभिभावकलाई विषयवस्तु सम्बन्धी के गराउने ?<br>• अभिभावकहरूले घरमा पनि बालबालिकालाई दूरी तथा दिशा भएका वस्तुहरू प्रक्रियागत सञ्चालन गर्ने खालका सामग्रीहरू जुटाउन लगाउने, खेल्न प्रोत्साहन गर्ने र खेल्न लगाउने जसले गर्दा बालबालिकाको यस सम्बन्धी बौद्धिक विकास राम्रोसँग हुन्छ । | | |

३.९. उपक्षेत्र : बौद्धिक ज्ञान

विशिष्ट पक्ष : समयको अवधरणा

मापदण्ड/स्तर :

१. बालबालिका विभिन्न समयमा गरिने विभिन्न कामहरू बारे कुराकानी गर्न सक्छन् ।

२. बालबालिका हरेक दिनको समयलाई विभिन्न समयमा छुट्याउन सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत समयको अवधरणा सम्बन्धी के के क्रियाकलाप गराउनु भयो र यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | ३० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत समयको अवधरणा सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | |
| सन्देश तथा विषयवस्तुको जानकारी | निम्न क्रियाकलापको सुक्ष्म शिक्षण गर्ने ।<br><br>क्रियाकलाप : गीत<br>• बालबालिकालाई अर्ध गोलाकारमा उभिन लगाउने ।<br>• उनीहरूलाई बारको गीत सँगसँगै गाउन लगाउने ।<br><br>गीत<br>आइतबार बिहानै घामसित उठें म —२<br>हात, मुख धोएरै खाना खान गएँ म —२<br>सोमबार विहानै आमासित उठें म — २ | ३० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | कापी कलम लिएर पढ्न, लेख्न बसैं म — २<br>मङ्गलबार फूलबारीमा फूलसित खेलैं म — २<br>आमा, बाबा हामी सबै बगैंचामा डुलैं म — २<br>बुधबार बाबासँग घुम्न गएँ म — २<br>बजारबाट खानेकुरा किनेर ल्याएँ म — २<br>विहीबार घरैमा साथीसँग खेलैं म — २<br>आमाले हामीलाई चकलेट दिनु भो — २<br>शक्रबार स्कुलमा मैले नाचेर देखाउँदा — २<br>गुरुमाले खुसी भै स्याबासी दिनुभयो — २<br>शनिबार नुहाएँ, हाँसे खेले रमाएँ — २<br>खाजा साजा खाएपछि सुत्न गएँ म — २<br>यसरी नै बिते मेरा सातबार सात दिन — २ | | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र कुन विधि उपयुक्त लाग्यो, किन लाग्यो र प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | बालविकास केन्द्रमा समयको अवधारणालाई बालबालिका र अभिभावकसमेतले बुझ्ने किसिमले कसरी प्रदर्शनी गर्ने ?<br>• बालविकास केन्द्रमा समयको अवधरणा भएका खेल सामग्रीहरू मिलाएर राख्ने,<br>• ठूलो घडी राख्ने।<br>बालविकास शिक्षकले विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गर्ने ?<br>• बालविकास केन्द्रमा समयको अवधरणा भएका वस्तुहरू सङ्कलन गर्ने, समय सँग जोडिने खेल सामग्रीहरू तयार गर्ने र नभएको खण्डमा बनाउने र बालबालिकाले खेल्ने स्थान उपयुक्त बनाइदिने र सफा राख्ने ।<br><br>बालबालिकालाई विषयवस्तु सम्बन्धी दैनिक रूपमा के गराउने ?<br>• बालविकास केन्द्रमा बालबालिकालाई समयको अवधरणा भएका वस्तुहरू सञ्चालन गर्ने खालका खेल दैनिक रूपमा खेलाउने,<br>अभिभावकलाई विषयवस्तु सम्बन्धी के गराउने ?<br>• अभिभावकहरूले घरमा पनि बालबालिकालाई समयको अवधरणा भएका वस्तुहरू प्रक्रियागत सञ्चालन गर्ने ।दिन रात बिहान जस्ता दैनन्दिनका घटना र परिणामका विषयमा बालबालिकासँग कुराकानी गर्ने,<br>समयलाई सम्वोधन गर्ने खालका सामग्रीहरू जुटाउन लगाउने, खेल्न | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | प्रोत्साहन गर्ने र खेल्न लगाउने तथा आफूसमेत सहभागी भएर खेल्ने जसले गर्दा बालबालिकाको यस सम्बन्धी बौद्धिक विकासमा सहयोग पुग्छ । | | |

३.१०. उपक्षेत्र : गणित

विशिष्ट पक्ष : गणितीय ज्ञान/सङ्ख्या

मापदण्ड/स्तर :

बालबालिका अङ्क र गिन्तीको ज्ञान देखाउन सक्षम छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत गणितीय ज्ञान/सङ्ख्या सम्बन्धी के के क्रियाकलाप गराउनु भयो र यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | ३० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत गणितीय ज्ञान/संख्या सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | |
| सन्देश तथा विषयवस्तुको जानकारी | निम्न क्रियाकलापको सुक्ष्म शिक्षण गर्ने ।<br><br>विधि १ : गीत<br>आऊ सँगै मिली पढौं १ देखि १० — २<br>ज्ञानी भई मिलीजुली कक्षामा बसौं — २<br>आऊ सबै मिली पढौं १ २ ३ ४ ५ — २<br>१ भुईंमा टेक — २<br>२ आऊ बाबु बुई — २<br>३ रमाइलो दिन — २<br>४ काठमाडौं बजार — २<br>५ आँगनीमा नाच — २<br>आऊ सबै मिली पढौं १ २ ३ ४ ५ — २<br>आऊ सबै मिली पढौं ६ ७ ८ ९ १०<br>६ पर्खी बस — २ | ३० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | ७ जुनेली रात — २<br>८ पढ्नुपर्छ पाठ — २<br>९ विद्यालय जाऊँ — २<br>१० फूलको रस — २<br>आऊ सबै मिली पढौं १ २ ३ ४ ५<br>आऊ सबै मिली पढौं ६ ७ ८ ९ १०<br>आऊ सँगै मिली पढौं १ देखि १० — २<br>ज्ञानी भई मिलीजुली कक्षामा बसौं — २<br><br>विधि २ : खेल<br>• बालबालिकालाई दुईजनाको समूहमा राख्ने<br>• उनीहरूलाई १ देखि १० वटा रङ लगाएको स—साना ढुङ्गाहरू दिने<br>• सबै समूहलाई पालैपालो १, २, ३, ४......गरी सबै ढुङ्गाहरू गन्न लगाउने<br>• सबै बालबालिकालाई १ देखि १० सम्म अङ्क चिनारीका लागि कापीमा लेखेर देखाउने, जसले गर्दा उनीहरूलाई अङ्क गन्न र पहिचान गर्न सजिलो हुनेछ । | | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र कुन विधि उपयुक्त लाग्यो, किन लाग्यो र प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | बालविकास केन्द्रमा अङ्क र गन्ती सहज देखाउने गरी कसरी सामग्रीयुक्त वातावरण बनाउने ?<br>• बालविकास केन्द्रमा गणितीय ज्ञान/संख्या भएको खेल सामग्रीहरू मिलाएर राख्ने,<br>• अङ्क चार्ट, अङ्क ब्लकहरू आदि मिलाएर राख्ने ।<br>बालविकास शिक्षकले गणितीय ज्ञान/सङ्ख्याको विषयवस्तु सम्बन्धी दैनिक रूपमा के क्रियाकलाप सञ्चालन गर्ने ?<br>• बालविकास केन्द्रमा गणितीय ज्ञान/सङ्ख्या भएका वस्तुहरू खेलसामग्रीहरू तयार गर्ने,<br>• सचित्र अङ्कतालिकालाई प्रदर्शन गर्ने ।<br>बालबालिकालाई विषयवस्तु सम्बन्धी सिकाइ क्रियाकलाप कसरी सञ्चालन गर्ने ?<br>• खेलसँग गन्ती जोड्ने,<br>• गन्तीसँगै अङ्क बोध गराउने वा धारणा दिने ।<br>अभिभावकलाई गणितीय विषयवस्तु सम्बन्धी के कुरामा सक्षम गराउने ? | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | • अभिभावकहरूले घरमा व्यवहारिक तवरले गणितीय ज्ञान दिने तरिका सिकाउने ।<br>• खेल र दैनन्दिनका वस्तुसँग गन्ती र अङ्क चिनारीलाई संयोजन गराउने | | |

३.११. उपक्षेत्र : गणित

विशिष्ट पक्ष : नापतौल

मापदण्ड/स्तर :

बालबालिका उचाइ, लम्बाइ, तौल र आयतन (मात्रा) को अवधारणा बुझ्न र प्रदर्शन गर्न सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत नापतौल सम्बन्धी के के क्रियाकलाप गराउनु भयो र यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | ३० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग बौद्धिक विकास अन्तर्गत गणितीय ज्ञान/सङ्ख्या सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | |
| सन्देश तथा विषयवस्तुको जानकारी | निम्न क्रियाकलापको सुक्ष्म शिक्षण गर्ने ।<br>क्रियाकलाप १: तुलना गर्ने<br>• बालबालिकालाई गोलो घेरामा राख्ने,<br>• कक्षामा सबैभन्दा ठूलो बालबालिकालाई अगाडि बोलाउने,<br>• त्यसैगरी मझौला र सबैभन्दा सानोलाई पनि अगाडि बोलाउने,<br>• सबैभन्दा सानोलाई अगाडि राख्ने र अलि अग्लोलाई अग्लाइको हिसाबले लाइनमा मिलाएर राख्ने,<br>• बालबालिकालाई अग्लो, मध्यम र होचोको पहिचान गराउने,<br>• उनीहरूलाई गाह्रो भएमा फेरि लाइन दोहोर्याएर देखाइदिने । | ३० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | क्रियाकलाप २ : खेल<br>• बालबालिकालाई बाहिर लाइनमा लगाएर चउरमा लैजाने,<br>• बालबालिकालाई विभिन्न किसिमका भाँडाहरू दिने र पानी, बालुवा, माटो दिने,<br>• उनीहरूलाई ती भाँडाहरूमा पानी, बालुवा र माटो भर्न लगाउने,<br>• सबै भाँडोमा कति पानी, माटो र बालुवा अट्यो भनेर सोध्ने,<br>• सबै भाँडोमा भएको पानी, माटो र बालुवा छुट्टाछुट्टै नाप्न लगाउने र कुनैमा धेरै र कुनैमा थोरै हुन्छ भन्ने कुरा बताइदिने । | ३० मिनेट | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र कुन विधि उपयुक्त लाग्यो, किन लाग्यो र प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | बालविकास केन्द्रमा विषयवस्तु बुझिने कस्तो वातावरण बनाउने ? सबैले बुझ्ने गरी नापतौलका सामग्रीको रखाइलाई कसरी व्यवस्थापन गर्ने ?<br>• बालविकास केन्द्रमा नापतौल भएको खेल सामग्रीहरू मिलाएर राख्ने ।<br><br>बालविकास शिक्षकले, गणितको नापतौल सम्बन्धी विषयवस्तुको धारणा दिन दैनिक रूपमा के क्रियाकलाप गर्ने ?<br>• बालविकास केन्द्रमा नापतौल भएका वस्तुहरू सञ्चालन गर्ने खेल सामग्रीहरू तयार गर्ने र नभएको खण्डमा बनाउने र बालबालिकाले खेल्ने स्थान उपयुक्त बनाइदिने,<br>• नापतौलका आधारभूत सामग्रीको पहुँच बढाइदिने,<br>• बालविकास केन्द्रमा बालबालिकालाई नापतौल भएका वस्तुहरू सञ्चालन गर्ने खालका खेल दैनिक रूपमा खेलाउने ।<br><br>अभिभावकलाई गणितको नापतौल सम्बन्धी विषयवस्तु बालबालिकालाई सहजीकरण गराउन कसरी आवश्यक ज्ञान दिने ?<br>अभिभावकहरूले घरमा भएका नापतौलका सामग्रीहरू दिएर बालबालिकालाई नापतौलको व्यवहारिक धारणा विकास गराउन सल्लाह दिने,<br>नापतौलको विषय जोडिने खेल सामग्रीहरू वा स्थानीय खेलहरू खेलाउने आदि । | २० मिनेट | |

३.१२. उपक्षेत्रः सिर्जनशीलता

विशिष्ट पक्षः सिर्जनशील कला

मापदण्ड/स्तर

बालबालिका विभिन्न सामग्रीको प्रयोग गरेर विभिन्न वस्तु/आकार बनाउन र चित्र कोर्न सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालबालिकाले सिर्जनशीलता प्रदर्शन गरिरहेका छन् ? कस्ता सिर्जनशीलताका क्रियाकलापहरूमा रुचि राख्दछन् ? बालविकास केन्द्रले कसरी उनीहरूको सिर्जनशीलतालाई प्रश्रय दिइरहेको छ ? | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालबालिकाले सिर्जनशीलता प्रदर्शन गराउने क्रियाकलाप सञ्चालन गर्दा के कस्ता समस्याहरू देखापर्छन् ? तिनका समाधान उपायहरू के के हुन सक्छन् ? | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी, डटपेन |
| सन्देश तथा विषयवस्तुको जानकारी | निम्न क्रियाकलापको सुक्ष्म शिक्षण गर्ने ।<br><br>माटोको खेल<br><br>प्रक्रिया १ : एउटा बाटामा राम्रो सफा ठाउँको माटो ल्याएर पानीसहित राख्ने र बालबालिकासहित बालविकास शिक्षकले पानी राख्दै जाने र मुछ्ने ।<br>प्रक्रिया २ः मुछेको माटो वरिपरि ४ देखि ६ टुक्रा प्लाष्टिकको वर्गाकार टुक्राहरू २"x२" मिलाएर विछ्याएको हुनुपर्ने ।<br>प्रक्रिया ३ः ती टुक्राहरूमा मुछेका माटाको डल्लाबाट सा–साना भाग माटो लिन लगाउने । हातमा डल्ला पार्न, चेप्टो पार्न, तन्काउन, थिच्न लगाउने ।<br>प्रक्रिया ४ः त्यसपछि उक्त माटोबाट आफूलाई मनपर्ने वस्तु, जनावर, फलफूल, भाँडाकुडा, तरकारी, चरा, पुतली जे मन पर्छ बनाउन प्रोत्साहन गर्ने ।<br>प्रक्रिया ५ः बालबालिकाले बनाइसकेका माटोका सिर्जनाहरू जस्ताको त्यस्तै प्लाष्टिकमा राखेर घाममा सुक्न दिने र हात धुन लगाउने । | १ घण्टा | रङ, गम, पानी माटो, पात, पुतली, भाडाकुटी, गाडी |
| समीक्षा | आजको क्रियाकलाप कस्तो लाग्यो ? यो क्रियाकलाप बालबालिकाका | २० | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | सिर्जनशीलता विकासका लागि उपयुक्त छ ? | मिनेट | |
| सङ्कल्प र योजना निर्माण | हरेक बालविकास शिक्षकलाई निम्न चारवटा बुँदामा सङ्कल्प र योजना निर्माण गर्न लगाउने ।<br>बालविकास केन्द्रमा सिर्जनशीलताको विकासका लागि क्रियाकलाप गर्न गराउन कस्तो वातावरण बनाउने ?<br>• बालविकास केन्द्रमा कला क्षेत्रमा विषयवस्तु अनुसारका सामग्री प्रशस्त निर्माण गर्ने वा जुटाउने । जस्तै रङ, गम, पानी आदि ।<br>बालविकास शिक्षकले सिर्जनशीलताको विकासका लागि दैनिक रूपमा के कस्ता क्रियाकलाप सञ्चालन गर्ने ?<br>• बालविकास शिक्षकले बालबालिकाको सिर्जनशीलता विकासका लागि माथि उल्लख गरिएका सामग्रीहरू जुटाउने,<br>• कागज काट्ने माटो मुछने बालुवामा आकृति निर्माण गर्ने जस्ता विविध भित्री र बाहिरी क्रियाकलापहरू सञ्चालन गर्ने,<br>• कलासम्बन्धी सूचकहरू त्रैमासिक रूपमा भर्ने ।<br>अभिभावकलाई बालबालिकाको सिर्जनशीलता विकासका लागि कसरी तयार पार्ने?<br>• अभिभावकले घरको वातावरणमा पानी, माटो, पात, पुतली, भाडाकुटी, गाडी जस्ता खेलहरू खेल्ने अवसर दिने र भावना प्रकट गराउने । | २० मिनेट | रङ, गम, पानी माटो, पात, पुतली, भाडाकुटी, गाडी, जनावर, फलफूल, कला क्षेत्रमा विषयवस्तु अनुसारका सामग्री |

## मुख्य क्षेत्र ४ः भाषिक विकास

४.१. उपक्षेत्र : सञ्चार

विशिष्ट पक्ष : सुनाइ

मापदण्ड/स्तर :

बालबालिका अरूले बोलेको कुरा सुन्न र ठीकसँग जवाफ दिन सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग भाषिक विकास अन्तर्गत सुनाइ सीपको विकासका लागि के कस्ता क्रियाकलाप गराउँदै आउनुभएको छ ? यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | १० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग भाषिक विकास अन्तर्गत सुनाइ सीपको विकासका क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | २० मिनेट | |
| सन्देश तथा विषयवस्तुको जानकारी | निम्न क्रियाकलापहरूको सुक्ष्म शिक्षण गर्ने ।<br>१. भिन्नता छुट्याउने<br>• बालबालिकालाई गोलो घेरामा राख्ने,<br>• बालबालिकालाई आफू र आफ्नो कोठा कसरी सफा राख्ने भनेर सोध्ने,<br>• उनीहरूलाई एउटा सफा गरिरहेको र अर्को फोहोर भएको दुई फरक चित्र देखाउने,<br>• उनीहरूलाई प्रत्येक चित्रमा भएका क्रियाकलापहरू बीचको भिन्नता छुट्याउन लगाउने,<br>• कुन ठीक कुन बेठीक ? तुलना गरी छलफल गराउने,<br>• उनीहरूसँग अन्तरक्रिया गर्दा सकेसम्म हरेक पटक एउटा नयाँ शब्दको प्रयोग गर्ने जसले गर्दा बालबालिकाले नयाँ शब्दहरू सुन्न सक्नेछन् र ती शब्दहरूको प्रयोग गर्न सक्छन् । | ३० मिनेट | विभिन्न चित्र कार्ड |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | २. अभिनय<br>• बालबालिकालाई अर्धगोलाकारमा बस्न लगाउने,<br>• उनीहरूलाई विभिन्न जनावर तथा चराचुरुङ्गी भएको चित्र कार्डहरू एउटा एउटा गरी देखाउने र ती जनावर तथा चराचुरुङ्गीले कस्तो आवाज निकाल्छ भनी सोध्ने र अभिनय गरेर देखाउन लगाउने,<br>• यदि भन्न जानेमा स्याबासी दिने र जानेनन् भने बालविकास शिक्षकले जनावर तथा चराचुरुङ्गीले कस्तो आवाज निकाल्छ बालबालिकालाई आफैंले वा रेकर्ड गरिएका आवाज सुनाउने र उनीहरूलाई नक्कल गराउने । | ३० मिनेट | |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र कुन विधि उपयुक्त लाग्यो, किन लाग्यो र प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा बालबालिकासँग प्रभावकारी सञ्चार गर्नका लागि के कस्ता सिकाइ तथा खेलका सामग्री जुटाएर उपयुक्त वातावरण बनाउने ?<br>• बिग्रेका टेलिफोन रेडियो माइक जस्ता फरक फरक सञ्चारका साधन राख्ने ।<br><br>बालविकास शिक्षकले सुनाइ सम्बन्धी विषयवस्तु सिकाइका लागि दैनिक रूपमा के कस्ता क्रियाकलाप गर्ने ?<br>• खेल सामग्रीहरू तयार गर्ने र खेल खेलाउने<br>• सञ्चारका नमूना सामग्री जुटाउने<br>• सुनाइ सीप विकास गराउने गरी कथा तथा घटना सुनाउने क्रियाकलाप गर्ने आदि ।<br>अभिभावकलाई विषयवस्तु सम्बन्धी के गराउने ?<br>• अभिभावकहरूलाई घरमा बालबालिकासँग प्रभावकारी कुराकानी तथा अन्तरक्रिया गराउनुपर्ने कुरामा जोड दिने । केन्द्रमा जस्तै सञ्चारका साधन प्रयोग गर्न कुरामा जोड दिने । निर्देशन सुनेर गर्ने खालका खेल र साधन जुटाउने आदि। | २० मिनेट | |

४.२. उपक्षेत्र : सञ्चार

विशिष्ट पक्ष : अन्य व्यक्तिसँग सञ्चार/अन्तरक्रिया

मापदण्ड/स्तर :

१. बालबालिका सजिला वाक्यहरूको प्रयोग गर्दै बोल्न सक्छन् ।

२. बालबालिका एक अर्का तथा चिनजानका वयस्क मान्छेसँग कुरा गर्न सक्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकासँग भाषिक विकास अन्तर्गत अन्य व्यक्तिसँग सञ्चार/अन्तरक्रिया सम्बन्धी के के क्रियाकलाप गराउनु भयो र यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन्, छलफल गर्ने । | १० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकालाई अन्य व्यक्तिसँग सञ्चार/अन्तरक्रिया गर्ने विषयमा के कस्ता क्रियाकलाप गराउनु भयो र ती क्रियाकलाप गराउँदा के कस्ता बाधा वा समस्याहरू देखिए ? टिपोट गरी छलफल गर्नुहोस् । | २० मिनेट | |
| सन्देश तथा विषयवस्तुको जानकारी | निम्न क्रियाकलापको सुक्ष्म शिक्षण गर्ने ।<br>१. छलफल<br>• बालबालिकालाई अर्ध गोलाकारमा राख्ने,<br>• बालबालिकालाई उनीहरूका घरमा को को हुनुहुन्छ ? उनीहरूका बा, आमा, हजुरबुबा, हजुरआमा के के गर्नुहुन्छ ? आदि जस्ता प्रश्नहरू सोध्ने र साथै घरमा आमाले के काम गर्नुहुन्छ र उनीहरूले आमालाई सानोतिनो काममा सघाउँछन् कि सघाउँदैनन् भनेर सोध्ने,<br>• सबै बालबालिकालाई बोल्ने मौका दिने जसले गर्दा उनीहरूले आफ्नो मातृभाषाका साथसाथै नेपाली भाषामा पनि अन्तरक्रिया गर्न सक्छन् ।<br><br>२. सूचना<br>• बालबालिकालाई अर्ध गोलाकारमा बस्न लगाउने ।<br>• बालबालिकालाई हाम्रो देशको राष्ट्रिय झण्डाको चित्र देखाउने र त्यसमा देखिने रङ आकार आदिका बारेमा उनीहरूलाई केही भन्ने अवसर दिने ।<br>• हाम्रो देशको झण्डा हो । हाम्रो झण्डा तीन कुना परेको छ । हाम्रो झण्डामा दुईवटा तीनकुने छन् । माथिको तीनकुनेमा चन्द्रमा, तलको तीनकुनेमा सूर्य छ । सूर्यमा बाह्र कुना छन् । चन्द्रमामा | ३० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | आठ कुना छन् । हाम्रो झण्डाको रङ रातो छ । वरिपरि नीलो किनारा छ ।<br>• त्यसपछि सबै बालबालिकालाई हाम्रो देशको झण्डाबारे छलफल गर्ने र सो सँग सम्बन्धित प्रश्नहरू सोध्ने । | | |
| समीक्षा | सञ्चार र अन्तरक्रियाका लागि सबैभन्दा उपयुक्त विधि भन्न लगाउने र सबैभन्दा सिकाउन सजिलो विधिबाट कक्षा सञ्चालन गर्ने भनी छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | • बालविकास केन्द्रमा अन्य व्यक्तिसँग कसरी कुराकानी गर्ने भन्ने देखाउन के कस्ता सामग्री मार्फत सन्देश दिन सकिन्छ ?<br>• बालविकास केन्द्रमा अन्य व्यक्तिसँग सञ्चार/अन्तरक्रिया भएको चित्र टाँस गर्ने ।<br>• निर्देशनअनुसार गरिने काम र खेलसम्बन्धी चित्रहरू प्रदर्शन गर्ने<br><br>बालविकास शिक्षकले दैनिक रूपमा यस्ता विषयवस्तुको सिकाइका लागि के कस्ता क्रियाकलापहरू गराउन सक्छन् ?<br>• बालविकास केन्द्रमा अन्य व्यक्तिसँग सञ्चार/अन्तरक्रिया भएका वस्तुहरू सञ्चालन गर्ने, खेल सामग्रीहरू तयार गर्ने र नभएको खण्डमा बनाउने, अरूका कुरा सुनेको, पालो पर्खेर बोलेको, कसैसँग टेलेफोन वा प्रत्यक्ष संवाद गर्ने क्रियाकलाप बनाउने आदि ।<br>अभिभावकलाई अन्य व्यक्तिसँग सञ्चार तथा अन्तरक्रियाका लागि के कस्ता सल्लाह दिने ?<br>• अभिभावकहरूले घरमा पनि बालबालिकासँग आफूले पनि कुराकानी गर्ने र आफन्तहरू आउँदा कुराकानी गर्ने अवसर दिने । सँगै खेल्न प्रोत्साहन गर्ने र खेल्न लगाउने जसले गर्दा बालबालिकाको अरूसँग सञ्चार गर्ने वातावरण बन्छ । | २० मिनेट | |

४.३. उपक्षेत्र : साक्षरता

विशिष्ट पक्ष : पूर्वपढाइ/पूर्वलेखन अभ्यास

मापदण्ड/स्तर :

बालबालिका पूर्व पढाइका सीपहरू देखाउन सक्षम छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष | बालविकास शिक्षकले बालबालिकासँग भाषिक विकासको साक्षरता अन्तर्गत पूर्व पढाइ/पूर्व लेखन अभ्याससम्बन्धी के के क्रियाकलाप गराउनु | १० | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| (कक्षा सञ्चालन गर्दा) | भयो र यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन्, छलफल गर्ने । | मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकासँग भाषिक विकास अन्तर्गत पूर्व पढाइ/पूर्वलेखन अभ्याससम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | २० मिनेट | |
| सन्देश तथा विषयवस्तुको जानकारी | निम्न क्रियाकलापको सुक्ष्म शिक्षण गर्ने ।<br>विधि १ :<br>• बालबालिकालाई गोलोघेरा बनाएर राख्ने,<br>• उनीहरूलाई मनपर्ने खानाको चित्र कार्डहरू देखाउने,<br>• ती चित्र कार्डमा भएको खानाको बारेमा भन्न लगाउने,<br>• उनीहरूले भन्दै गर्दा ती खानेकुरा कुन शब्दबाट बन्छ, त्यसको अक्षर ब्लकबाट वा चार्टबाट देखाउने,<br>• उनीहरूले भन्न जानेनन् भने दोहोर्‍याएर भनिदिने ।<br><br>विधि २ :<br>• बालबालिकालाई अर्ध गोलाकारमा राख्ने,<br>• प्रत्येक बालबालिकालाई कागतमा थोप्ला थोप्लाले कोरिएको एउटा चित्र र एउटा अक्षर दिने,<br>• सबै बालबालिकालाई उक्त चित्र र अक्षरमा धर्का कोर्न कलमको व्यवस्था गर्ने र सबैलाई सोही निर्देशन अनुसार गर्न लगाउने,<br>• बालबालिकाले सिधा धर्को तान्न नजानेमा उनीहरूलाई फेरि गर्न प्रोत्साहन गर्ने । | ३० मिनेट | चित्रकार्ड |
| समीक्षा | आजको विषयवस्तुसम्बन्धी बुझाइ कस्तो भयो र कुन विधि उपयुक्त लाग्यो, किन लाग्यो र प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | बालविकास केन्द्रमा पूर्वपढाइ र पूर्वलेखाइ झल्काउने गरी के कस्ता सामग्रीहरूको व्यवस्था मिलाउने ?<br>• वस्तुहरू र अक्षर सँगै भएका चित्रहरू राख्ने, | २० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
| --- | --- | --- | --- |
| | • ठोस वस्तुसँग अक्षरका ब्लकहरूलाई सम्बन्धित बनाएर खेल खेलाउने,<br>• अन्य आवश्यक खेल सामग्रीहरू मिलाएर राख्ने<br><br>बालविकास शिक्षकले पूर्वपढाइ/पूर्वलेखन का सम्बन्धमा के कस्ता क्रियाकलापहरू सञ्चालन गर्ने ?<br>• अक्षर चिनारीलाई ठोस वस्तुसँग एकाकार गर्ने<br>• सिकाइ क्रियाकलापलाई खेलसँग जोड्ने<br>• स्वतन्त्र लेखनपछि मात्र अक्षर लेख्ने अभ्यासमा लैजाने आदि ।<br><br>अभिभावकलाई पूर्वपढाइ/पूर्वलेखन सम्बन्धी विषयवस्तुमा सघाउन के कस्ता सल्लाह दिने ?<br>• घरमा पाइने खानेकुराको नाम र अक्षर भन्न र चिनाउन सघाउने<br>• बालुवा, पिठो, माटो आदिमा अक्षरका आकृति बनाउन सहभागी हुने आदि । | | |

## मुख्य क्षेत्र ५ : साँस्कृतिक विकास

५.१ उपक्षेत्र : राष्ट्र र राष्ट्रियता

विशिष्ट पक्ष : विविधतामा एकता

मापदण्ड/स्तर :

१. बालबालिका विभिन्न व्यक्तिहरूको छुट्टाछुट्टै आवश्यकता तथा फरक फरक संस्कृतिको जानकारी लिन्छन् र तिनीहरूको आदर गर्छन् ।

२.बालबालिका 'हामी नेपाली हौं' भन्ने भावलाई व्यक्त गर्छन् ।

| **५ "स"** | **विधिहरू** | **समय** | **सामग्री** |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकाको साँस्कृतिक विकास अन्तर्गत राष्ट्र र राष्ट्रियता उपक्षेत्र भित्रको विविधतामा एकताको भाव बोध गराउने सम्बन्धी के के क्रियाकलाप गराउनु भयो ? यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | २० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकाको साँस्कृतिक विकास अन्तर्गत राष्ट्र र राष्ट्रियता उपक्षेत्र भित्रको विविधतामा एकता भाव बोध गराउने सम्बन्धी क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | ३० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी, डटपेन |
| सन्देश तथा विषयवस्तुको जानकारी | **क्रियाकलाप १ : अभिनय**<br>• सहभागीहरूलाई चार समूहमा विभाजन गर्ने ।<br>• विभाजित समूहलाई स्थानीय समुदायमा रहेको जातजातिको जस्तै : बाहुन, क्षेत्री, मगर, तामाङ्ग, नेवार, विश्वकर्मा, टमाटा आदि जातिमध्ये चारवटा जातिले गर्ने काम, मनाउने पर्व, खाने कुरा, लगाउने लुगा , उनीहरूले बोल्ने बोली आदि सम्बन्धी क्रियाकलापबाट राष्ट्रियता झल्कने गरी अभिनय गर्न लगाउने ।<br>• सबै जातजातिको सम्मान गर्ने खालको अभिनय गर्न लगाउने ।<br><br>क्रियाकलाप २ : चित्रकथा प्रस्तुती<br>प्रक्रिया<br>नेपालको राष्ट्रिय चिन्हहरूको चित्र जम्मा गर्ने र "म नेपाली हुँ" भन्ने चित्रकथा बनाउने त्यस चित्रमा हाम्रो देश नेपाल हो, हाम्रो देशको गौरवको बारेमा, देशको राष्ट्रिय चिन्हको बारेमा, चित्रकथा बनाउने र | १ घण्टा | मार्कर, मेटाकार्ड, साइनपेन, क्रेयन, राष्ट्र र राष्ट्रियता झल्कीने कपडा र गरगहनाहरू |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | प्रस्तुत गर्ने | | |
| समीक्षा | आजको विषयवस्तु सम्बन्धी बुझाइ कस्तो भयो ? माथि उल्लेखित क्रियाकलापहरू बालबालिका समक्ष प्रयोग गर्न योग्य छ कि छैन छलफल गर्ने । | १० मिनेट | |
| सङ्कल्प र योजना निर्माण | बालविकास केन्द्रमा विविधतामा एकता झल्किने कस्तो वातावरण बनाउने ?<br>• बालविकास केन्द्रमा बालबालिकालाई विविधतामा एकता सम्बन्धी सामग्रीहरू (नेपालको झण्डा, राष्ट्रिय चिन्हहरू, विभिन्न भेषभुषा आदि) झल्किने गरि राख्ने ।<br>बालविकास शिक्षकले विविधतामा एकता बोध गराउने वा भाव जगाउने सम्बन्धी के कस्ता क्रियाकलापहरू गराउने ?<br>• बालविकास केन्द्रमा विविधतामा एकता झल्किने सामग्री सङ्कलन गर्ने र दैनिक रूपमा सामग्री सुरक्षित गरी राख्ने ।<br>• बालविकास केन्द्रमा सङ्कलन गर्न नसक्ने सामग्रीहरू निर्माण गर्ने ।<br>• फरक फरक जातजातिका भेषभूषा लगाएर सम्मान प्रकट गर्ने क्रियाकलापहरू गराउने ।<br>• बालबालिकालाई विविधतामा एकता सम्बन्धी दैनिक रूपमा कथा भन्ने, कथामा भएको पात्रहरूको अभिनय गर्न लगाउने<br>• विविधतामा एकता सम्बन्धी दैनिक रूपमा नाटक गर्ने, सबै जातजातीलाई सम्मान गर्ने सीप सिकाउने<br>• बालबालिकालाई राष्ट्र भनेको के हो ,कसरी जोगाउने र राष्ट्रियता भनेको के हो र राष्ट्रियता कसरी झल्काउन सकिन्छ भन्ने कुराको छलफल दैनिक रूपमा गर्ने<br>अभिभावकलाई आफ्ना बालबालिकामा विविधतामा एकता सम्बन्धी भावना जागृत गराउन के कस्ता क्रियाकलाप गराउन सल्लाह दिने ?<br>• अभिभावकहरूले पनि बालबालिकालाई सबै जातिको सम्मान गर्न लगाउने देशलाई माया गर्ने कुरा सिकाउन लगाउने<br>• राष्ट्रिय चिन्हहरूको चित्र वनाएर घरमा राख्ने<br>• छिमेक तथा समुदायमा फरक जातजातिका पर्व विशेषमा जाँदा बालबालिकालाई पनि लिएर जाने आदि । | २० मिनेट | |

५.२ उपक्षेत्र : मूल्य र मान्यता

विशिष्ट पक्ष : परिवार र समुदाय

मापदण्ड/स्तर :

१. बालबालिकाले आफ्नो परिवारको साधारण मूल्य मान्यता बुझेर अनुसरण गर्न सक्छन् ।

२. बालबालिका आफ्नो समुदायको मूल्य मान्यता बुझेर अनुशरण गर्ने तथा बालविकास केन्द्रको दैनिक कार्यतालिकाको महत्त्व दिएर अनुसरण गर्छन् ।

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| सकारात्मक पक्ष (कक्षा सञ्चालन गर्दा) | बालविकास शिक्षकले बालबालिकाको साँस्कृतिक विकास अन्तर्गत परिवार र समुदायसँग जोडिएका मूल्य र मान्यताको अनुशरण तथा कदर गर्ने सम्बन्धमा के कस्ता क्रियाकलाप गराउनु भयो ? यी क्रियाकलाप गराउँदा आएका सकारात्मक पक्षहरू के के हुन् छलफल गर्ने । | १० मिनेट | |
| समस्या विश्लेषण (कक्षा सञ्चालन गर्दा परेका समस्याहरू) | बालविकास शिक्षकले बालबालिकाको साँस्कृतिक विकास अन्तर्गत परिवार र समुदायसँग जोडिएका मूल्य र मान्यताको अनुशरण तथा कदर गर्ने सम्बन्धमा क्रियाकलाप गराउँदा आएका समस्याहरूको बारेमा छलफल गर्ने र टिपोट गर्ने । | २० मिनेट | न्युजप्रिन्ट, मार्कर, साइनपेन, कापी |
| सन्देश तथा विषयवस्तुको जानकारी | **क्रियाकलाप १ : नाटक**<br>**प्रक्रिया**<br>सहभागीहरूमध्ये एक जनालाई हजुरआमा बनाउने , अर्को सहभागीलाई काका बनाउने, कसैलाई हजुरवुवा बनाउने, कसैलाई ठूलोबुवा बनाउने परिवार र समुदायको मूल्य र मान्यता झल्किने गरी नाटक गर्न लगाउने ।<br><br>**विधि २ : प्रयोगात्मक**<br>दैनिक कार्यतालिका अनुसार कक्षा सञ्चालन गर्ने<br>सहभागीहरूलाई दैनिक कार्यतालिका चार्टपेपरमा लेख्न लगाउने र टाँसगर्न लगाउने र दैनिक कार्यतालिका अनुसार कक्षा सञ्चालन गर्न लगाउने । | १ घण्टा | हजुर आमा, हजुर वुवा, काका, काकीले लगाउने पोषाक, लट्ठी, व्याग सल जुगाँ वनाउन गाजल आदि<br><br>चार्टपेपर, मार्कर, तयारी दैनिक कार्यतालिका |
| समीक्षा | आजको विषयवस्तु सम्बन्धी बुझाइ कस्तो भयो ? माथि उल्लेखित क्रियाकलाप बालबालिका समक्ष प्रयोग गर्न योग्य छ कि छैन | १० मिनेट | |

| ५ "स" | विधिहरू | समय | सामग्री |
|---|---|---|---|
| | छलफल गर्ने । | | |
| सङ्कल्प र योजना निर्माण | बालविकास केन्द्रमा परिवार र समुदाय विषय झल्किने कस्तो वातावरण बनाउने ?<br>• बालविकास केन्द्रमा सबैले देखिने गरी दैनिक कार्यतालिका झुण्डयाएर राख्ने ।<br>बालविकास शिक्षकले परिवार र समुदाय सम्बन्धी क्रियाकलाप सञ्चालन गर्दा दैनिक रूपमा के गर्ने ?<br>• बालविकास शिक्षकले परिवार र समुदायको मूल्य र मान्यता कायम राख्ने नाटक प्रस्तुत गर्न आवश्यक पर्ने सामग्री बालविकास केन्द्रमा जुटाउने,<br>बालबालिकालाई परिवार र समुदाय सम्बन्धी दैनिक रूपमा के गराउने ?<br>• दैनिक रूपमा बालबालिकासँग दैनिक कार्यतालिका अनुसार कक्षा सञ्चालन गर्ने,<br>• बालबालिकालाई सहभागी गराई नाटकद्वारा परिवार र समुदायको मूल्य, उनीहरूले बनाएको नियमको पालना गर्ने कुरा महसुस गर्न लगाउने ।<br>अभिभावकलाई परिवार र समुदायको मूल्य तथा मान्यता सम्बन्धी विषयमा आफ्ना बालबालिकालाई धारणा दिन के गर्न सल्लाह दिने ?<br>• अभिभावकले पनि आफ्ना बालबालिकालाई आफूभन्दा ठूलाको आदर, सानालाई माया गर्ने अभ्यास घरमा गर्न लगाउने । | २० मिनेट | |

# अनुसूची २

## प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (प्रारम्भिक बालविकास केन्द्रमा आधारित संस्करण)

| | | | |
|---|---|---|---|
| बालबालिकाको नाम : | लिङ्ग: | जन्ममिति : | उमेर : |
| उचाइ: | तौल: | | |
| केही कार्यगत सीमितता/अपाङ्गता भए त्यसको विवरण[1] : | ठेगाना: | | |
| आमाको नाम: | बुवाको नाम: | | तस्विर/फोटो |
| शिक्षकको नाम : | विद्यालय/प्रारम्भिक बालविकास केन्द्रको नाम : | | |
| ठेगाना: | महा/उपमहा/नगर/गाउँपालिका: | | |

## मानक तथा सूचकहरू

| क.सं | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुवातमा[2] | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| १ | शारीरिक विकास, स्वास्थ्य र तन्दुरुस्ती | स्थूल अङ्गको विकास | मानक : शरीरका अङ्गहरूको आरोग्य र संयोजन प्रस्तुत गर्ने<br>सूचक : बालबालिकाले हिँडाइ, उफ्राइ, कुदाइ, उफ्रँदै हिँड्ने, भकुन्डो लत्याउने, समाउने र फाल्ने जस्ता विभिन्न क्रियाकलापमा सरिक हुन ठूला मांसपेशीहरूलाई सन्तुलित र संयोजित रूपमा प्रयोग गर्न सक्दछन् । | उफ्रने जस्तो स्थूल अङ्गका क्रियाकलापमा सीमित सन्तुलन | | | | |
| | | | | स्थूल अङ्गका क्रियाकलापका लाइनमा सन्तुलन कायम | | | | |
| | | | | छिटो सक्रिय हँदा पनि सन्तुलन कायम र शरीरलाई नियन्त्रण | | | | |
| | | | | लक्ष्यसहित भकुन्डो फाल्ने वा दिइएको लक्ष्यमा भकुन्डो खुट्टाले प्रहार गर्ने जस्ता विविध क्रियाकलापका क्रममा सन्तुलन कायम र राम्रो संयोजन | | | | |
| २ | | सूक्ष्म अङ्गको विकास | मानक : साना मांसपेशी सहितका अङ्गहरूको संयोजन र परिचालन गर्न सक्षम हुने । | सूक्ष्म अङ्गसँग सम्बन्धित क्रियाकलापहरूका क्रममा साना मांसपेशीहरूको सीमित समन्वय | | | | |

[1]बालबालिका प्रारम्भिक बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालय प्रवेश गर्दा अनुसूचीमा रहेको वासिङ्गटन समूहको २ देखि ४ वर्षका बालबालिकाको कार्यगत सीमितता पहिचान प्रश्नावली प्रयोग गरेर यहाँ भर्नुहोस् । यो प्रश्नावली तपाईंले IEMIS भर्न प्रयोग गरिसक्नु भएको छ भने त्यसैबाट पनि लिन सक्नुहुन्छ ।

[2]पहिलो मूल्याङ्कन प्रतिवेदन बालबालिका प्राथमिक बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालय प्रवेश गर्दाको समयमा गरिनेछ भन्ने आशा गरिएको ।

| क.सं | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुवातमा[२] | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| | | | सूचक : टाँक लाउने, बकल कस्ने, चेन लगाउने, तुना बाँध्ने जस्ता विभिन्न क्रियाकलापमा संलग्न हुँदा र रेखाङ्कन गरिएको ठाउँमा रङ संयोजन गर्दा र रङ भर्दा बालबालिकाले सूक्ष्म मांसपेशीहरू जस्तैः औंलाहरू) नियन्त्रित र संयोजित रूपमा प्रयोग गर्न सक्दछन् । | सूक्ष्म अङ्गका क्रियाकलापहरूका क्रममा साना मांसपेशीहरूको समन्वय | | | | |
| | | | | जोड्न तोड्न मिल्ने वस्तुहरू चलाइरहँदा साना मांसपेशीहरूको समन्वय कायम | | | | |
| | | | | साना गोटीहरू उन्ने, तुना बाँध्ने, रेखाभित्र रङ भर्ने र सबै आकारका वस्तुहरूको तह मिलाउने जस्ता मांसपेशीसँग सम्बन्धित विविध क्रियाकलापहरूका क्रममा राम्रो नियन्त्रण र समन्वय कायम | | | | |
| ३ | | इन्द्रिय अङ्गको विकास | मानक : आफ्नै इन्द्रियहरूको प्रयोग गरी खेल्ने र सिक्ने ।<br>सूचक : बालबालिकाले इन्द्रिय अङ्गसँग सम्बन्धित विविध सीपहरू प्रदर्शन गर्न सक्दछन् । | विभिन्न आवाज, गन्ध, स्वाद र बनोट पहिचानको सुरुआत | | | | |
| | | | | कुनै इन्द्रिय गुणमा जस्तै गन्ध, आवाज, स्वाद, बनोटमा) आधारित भएर वस्तुहरू छनोट | | | | |
| | | | | कुनै दुई वा तीन इन्द्रिय गुणमा आधारित भएर वस्तुहरू छनोट | | | | |
| | | | | सबै इन्द्रिय गुणहरूमा आधारित भएर वस्तुहरूको छनोट | | | | |
| ४ | | व्यक्तिगत सरसफाइ | **मानक :** आफ्नो व्यक्तिगत र वरिपरिको सरसफाइ गर्ने ।<br>**सूचक :** बालबालिकाले स्वतन्त्रतापूर्वक आधारभूत स्वावलम्बन सीपहरू प्रदर्शन गर्न सक्छन् ¬ शौचालय जाने, लुगा लगाउने, खाना खाने, नुहाउने, कपाल कोर्ने, दाँत माझ्ने, खानाअघि र शौचालय प्रयोग गरेपछि हातहरू धुने) । | आधारभूत स्वावलम्बन सीपहरू प्रदर्शन गर्न नसक्ने | | | | |
| | | | | कसैको सहयोगमा आधारभूत स्वावलम्बन सीपहरू प्रदर्शन गर्न सक्ने | | | | |
| | | | | २—३ ओटा आधारभूत स्वावलम्बन सीपहरू आफैं स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने | | | | |
| | | | | अधिकांश वा सबै आधारभूत स्वावलम्बन सीपहरू आफैं स्वतन्त्र ढङ्गले प्रदर्शन गर्न सक्ने | | | | |
| ५ | | सुरक्षित अभ्यास | **मानक :** सुरक्षित बस्ने र हानिकारक वस्तुहरूबाट टाढा रहने ज्ञान हुनु ।<br>**सूचक :** बालबालिकाले हाँच्छ्युँ गर्दा र खोक्दा आफ्नो नाक र मुख छोप्ने वा धारिला वस्तुहरू छुनबाट टाढा रहने जस्ता सुरक्षित व्यवहार वा अभ्यास प्रदर्शन गर्न सक्छन् । | सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न नसक्ने | | | | |
| | | | | कसैको सहयोगमा मात्र सुरक्षित अभ्यासहरू प्रदर्शन गर्न सक्ने | | | | |
| | | | | कहिलेकाहीं मात्र सुरक्षित अभ्यासहरू स्वतन्त्रपूर्वक ढङ्गले पालना गर्ने | | | | |
| | | | | अधिकांश समयमा आफैं सुरक्षित अभ्यासहरू पालना गर्ने | | | | |
| ६ | **भाषिक विकास** | सुनाइ | **मानक :** एकआपसमा र परिचित वयस्कहरूसँग कुराकानी गर्ने ।<br>**सूचक :** बालबालिकाले कुराकानी वा कथाहरू | कथा वा कुराकानीमा ध्यान नदिने | | | | |
| | | | | कथा वा कुराकानी सक्रिय रूपमा सुन्ने जस्तैः अनुहारको हाउभाउ, शारीरिक हाउभाउ, सङ्केतहरू, प्रश्न सोध्ने आदि) | | | | |

| क.सं | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुवातमा[२] | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| | | | ध्यानपूर्वक सुन्न र सम्बन्धित प्रश्नहरूमा प्रतिकृया जनाउन सक्दछन् । | कथा र कुराकानी बुझ्ने — सामान्य/सङ्क्षिप्त उत्तर आउने प्रश्नहरूमा जस्तैः के ? कहिले ?को ?प्रतिक्रिया जनाउने | | | | |
| | | | | कथा र कुराकानी बुझ्ने — जटिल/व्याख्यात्मक उत्तर आउने प्रश्नहरूमा (जस्तैः किन ? र कसरी ?) प्रतिकृया जनाउने | | | | |
| ७ | | **पूर्वपढाइ** | **मानक :** पूर्वपठ्नका सीप देखाउने । **सूचक :** बालबालिका छापा सामग्रीसम्बन्धी जानकारी प्रदर्शन गर्न र चित्रहरूलाई अक्षरहरूसँग जोड्न सक्षम छन् । | पुस्तकको पहिलो पाना चिन्ने | | | | |
| | | | | चित्रहरू र पाठ छुट्याउन सक्ने | | | | |
| | | | | पाठको दिशा लेखाइ कथाबाट कतापट्टि जान्छ) भन्ने बुझ्ने | | | | |
| | | | | अक्षरहरूलाई सही तरिकाले पहिचान गर्ने र तिनलाई चित्रहरूसँग जोडा मिलाउन सक्ने | | | | |
| ८ | | पूर्वलेखाइ | मानक : पूर्वलेखाइका सीपहरू देखाउने सूचक : बालबालिकाले पूर्वलेखाइका सीपहरू प्रदर्शन गर्न सक्छन् । | लेखनको प्रतिनिधित्व स्वरूप केरकार गर्ने | | | | |
| | | | | लेखनको प्रतिनिधित्व स्वरूप आकारहरू बनाउने | | | | |
| | | | | आफ्ना कुराहरूको अभिव्यक्तिका लागि आकार कोर्ने र लेखाइलाई जोडेर लेखेको जस्तो भान पार्ने क्रियाकलापमा सहभागी हुने | | | | |
| | | | | दिइएको शीर्षक वा विचारसँग सम्बन्धित शब्दहरू लेख्न आफैंले बनाएको हिज्जेको प्रयोग गर्ने आफ्नो उच्चारणमा आधारित भएर अक्षरहरू लेख्ने) | | | | |
| ९ | बौद्धिक विकास | बौद्धिक सीप र सिकाइ प्रक्रियाहरू | मानक : सिकाइलाई विश्लेषण गर्ने र त्यसका नतिजाहरूलाई भविष्यको सिकाइमा प्रयोग गर्ने सूचक : बालबालिकाले निश्चित घटनामा भएका क्रियाकलाप र विवरणहरू क्रमबद्ध रूपमा सुनाउन सक्छन् । | कुनै घटनाको व्याख्या गर्न नसक्ने वा व्याख्या गरे पनि क्रमबद्ध रूपमा गर्न नसक्ने | | | | |
| | | | | कुनै घटनाका कम्तीमा दुई क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्न थाल्ने | | | | |
| | | | | कुनै घटनाका ३—४ क्रियाकलापहरू लाईबद्ध रूपमा राखी व्याख्या गर्ने | | | | |
| | | | | कुनै घटनाका कम्तीमा ५ क्रियाकलापहरू क्रमबद्ध रूपमा राखी व्याख्या गर्ने | | | | |
| १० | | वर्गीकरण र लाइन मिलाउने | मानक : वस्तुहरूलाई लाइनमा राख्ने र तिनीहरूलाई छुट्याउन सक्ने । सूचक : बालबालिकाले फरक—फरक विशेषता आकार, नाप वा रङ)का आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्छन् । | कुनै पनि विशेषताका आधारमा वस्तुहरू छुट्याउन नसक्ने | | | | |
| | | | | कुनै एक विशेषताका आधारमा वस्तुहरू छुट्याउन सक्ने | | | | |
| | | | | कुनै दुई विशेषताका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने | | | | |
| | | | | सबै तीन विशेषताहरूका आधारमा वस्तुहरूको वर्गीकरण गर्न सक्ने | | | | |

| क.सं | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुवातमा[२] | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| ११ | | वैज्ञानिक ज्ञान/ खोजी | मानक : हेरेर मौसमबारे व्याख्या गर्न सक्ने<br>सूचक : बालबालिकाले दिनको मौसम चिन्न र त्यसबारे बताउन सक्छन् र त्यस मौसमसँग सम्बन्धित कुराहरू व्याख्या गर्न सक्छन् जस्तो कि झरीको दिनमा छाता प्रयोग गर्ने, चर्को गर्मीको दिन छोटा बाहुला भएको लुगा लगाउने) | मौसम पहिचान गर्न नसक्ने | | | | |
| | | | | कुनै एक दुई प्रकारका मौसमहरू पहिचान गर्न सक्ने | | | | |
| | | | | पहिचान गरेको मौसम र सम्बन्धित वस्तुहरूसँग जोड्न सक्ने | | | | |
| | | | | कुनै ३—४ प्रकारका मौसमहरू र तीसँग सम्बन्धित वस्तुहरूको पहिचान गर्न सक्ने | | | | |
| १२ | | **दुरी र दिशा** | मानकः दिशा र त्यससम्बन्धी निर्देशनहरू बुझ्ने र तिनलाई प्रयोग गर्ने ।<br>सूचकः बालबालिका स्थान र अवस्थितिको सचेतना प्रस्तुत गर्न सक्षम हुन्छन् । | वास्तविक वस्तुहरूको स्थानगत अवस्थिति पहिचान गर्न नसक्ने | | | | |
| | | | | एक वा दुई स्थानगत आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउँछन्, जस्तै माथि वा भित्र, नजिक वा टाढा | | | | |
| | | | | तीन वा चार आयाममा वस्तु कहाँ अवस्थित छ भन्ने देखाउँछन् | | | | |
| | | | | बहुतरिकाबाट अन्य वस्तुहरूसँगको तुलनामा कुनै पनि वस्तुको अवस्थिति देखाउँछन् | | | | |
| १३ | | अङ्क/ सङ्ख्या | मानक : अङ्क/सङ्ख्याहरूको ज्ञान प्रस्तुत गर्ने र गन्न सक्ने ।<br>सूचक : बालबालिकाले १ देखि १० सम्मका सङ्ख्याको अवधारणाको ज्ञान प्रस्तुत गर्दछन् । | मात्राहरूको तुलना गर्न सक्ने | | | | |
| | | | | कुनै सङ्ख्यालाई वस्तुसँग जोड्ने र प्रत्येक वस्तुलाई बुझाइसहित गन्ने | | | | |
| | | | | अङ्क/सङ्ख्यालाई पहिचान गर्ने र ठोस वस्तुहरूसँग जोड्ने | | | | |
| | | | | १ देखि १० भित्रको सबैभन्दा सानो र सबैभन्दा ठूलो दुवै सङ्ख्याको पहिचान गर्ने | | | | |
| १४ | | **कल्पना** | मानकःवास्तविकता र कल्पनाबीच फरक गर्न सक्ने ।<br>सूचकःबालबालिकाले आफ्नो कल्पना प्रयोग गरी कथा भन्न सक्छन् । | कथामा वा कथा सुनाइसकेपछि अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन नसक्ने | | | | |
| | | | | कथामा वा कथा सुनाइसकेपछि अब के हुनसक्छ भन्ने बारेमा सोधिने प्रश्नहरूमा उत्तर दिन सक्ने | | | | |
| | | | | कथाको अभिनय गर्ने वा कथा सुनाउन खेलौनाको प्रयोग गर्ने | | | | |
| | | | | आफ्नै कथा बनाउने र सुनाउने | | | | |
| १५ | सामाजिक विकास | जीवन उपयोगी सीपहरू | मानक : व्यक्तिगत वा सामूहिक कामहरू पूरा गर्न आत्मनिर्भर ।<br>सूचक : बालबालिकाले विविध समूहगत कार्यहरूमा सहभागीता जनाउन सक्छन्, | अरूको छेउमा वा नजिकै खेल्ने तर अरूसँग नखेल्ने | | | | |
| | | | | अरूसँग खेल्न सुरु गर्ने | | | | |
| | | | | संयुक्त रूपमा केही बनाउन वा सिर्जना गर्न अरू सँगसँगै खेल्ने | | | | |

| क.सं | विकासको क्षेत्र | विशिष्ट पक्ष | मानक र सूचकहरू | स्तरहरू | सुरुवातमा[२] | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक |
|---|---|---|---|---|---|---|---|---|
| | | | उदाहरणका लागि समूहमा पजलहरूको समाधान खोज्ने, छलफल गर्ने, अभिनय गर्ने वा खेलहरू खेल्ने । | नियमसहितका खेलहरूमा अरू बालबालिका सँगसँगै सहभागी हुने | | | | |
| १६ | | **सामाजिक व्यवहार** | मानक : आवश्यकतानुसार आफ्ना साथी र अरू ठूला मानिससँग उचित रूपमा व्यवहार गर्ने ।<br>सूचक : बालबालिकाले सुरक्षित परिस्थितिमा परिचित र अपरिचित वयस्कहरूलाई सावाधानीपूर्वक अभिवादन गर्छन् । | परिचित वयस्क/सहजकर्तालाई हाउभाउसहित अभिवादन गर्ने | | | | |
| | | | | केही निश्चित वयस्कलाई हाउभाउसहित वा मौखिक रूपमा अभिवादन गर्ने | | | | |
| | | | | परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्ने तर कहिलेकाहीं सम्झाउनु पर्ने | | | | |
| | | | | परिचित र अपरिचित वयस्कलाई अभिवादन गर्न आफैं अगाडि आउने | | | | |
| १७ | संवेगात्मक विकास | संवेगात्मक अभिव्यक्ति | मानकः परिस्थितिअनुसार विविध संवेग/भावनाहरू अभिव्यक्त गर्ने ।<br>सूचकः बालबालिकाले आफ्नो संवेग/भावनाहरू चिन्न, अभिव्यक्त गर्न र व्यवस्थापन गर्न सक्छन् । | संवेग/भावनाहरू चिन्न नसक्ने | | | | |
| | | | | आफ्ना संवेग/भावनाहरू चिन्ने | | | | |
| | | | | संवेग/भावनालाई केले उत्प्रेरित गर्छ बुझ्ने | | | | |
| | | | | आफ्नो संवेग/भावनालाई उचित प्रतिकृया दिने | | | | |
| १८ | | संवेगात्मक सुरक्षा र आत्मविश्वास | मानकः विविध परिस्थितिहरूमा सुरक्षाको भाव प्रदर्शन गर्ने ।<br>सूचकः बालबालिकाले विभिन्न परिस्थितिहरूमा आत्मविश्वासका साथ आफ्ना धारणाहरू अभिव्यक्त गर्न सक्छन् । | आफ्नै धारणाहरू अभिव्यक्त गर्न नसक्ने | | | | |
| | | | | निकट साथीहरूसँग मात्र आफ्ना धारणाहरू अभिव्यक्त गर्ने | | | | |
| | | | | आफूसँग निकट नरहेकासहित केही साथीहरूसँग आफ्ना धारणाहरू अभिव्यक्त गर्ने | | | | |
| | | | | आफ्ना धारणाहरू जोसँग पनि अभिव्यक्त गर्ने | | | | |
| १९ | साँस्कृतिक विकास | राष्ट्र र राष्ट्रियता | मानकः 'हामी नेपाली हौं' भन्ने भावना अभिव्यक्त गर्न सक्ने<br>सूचकः बालबालिकाले आफू, आफ्नो परिवार/समुदाय, आफ्नो देशबारे सचेतना प्रदर्शन गर्दछन् । | आफ्नो नाम वा अभिभावकका नाम जस्ता आफ्नै बारेका आधारभूत सूचनाहरू थाहा भएको | | | | |
| | | | | आफ्नो उमेर, लिङ्ग जस्ता आफ्नै बारेमा आाधारभूत सूचनाहरू प्रस्तुत गर्ने | | | | |
| | | | | परिवारका संस्कृति, चाडबाड जस्ता बारेमा सचेतना प्रस्तुत गर्ने | | | | |
| | | | | राष्ट्रिय चाड/दिवस र राष्ट्रिय गीतसम्बन्धी सचेतना प्रस्तुत गर्ने | | | | |

**टिप्पणीमा, सम्बोधन गर्न आवश्यक रहेका समग्र सबल र दुर्बल पक्षहरू लेख्नुहोस् ।**

| त्रैमासिक | टिप्पणी | हस्ताक्षर | |
|---|---|---|---|
| | | प्रारम्भिक बालविकास शिक्षक | अभिभावक/स्याहारकर्ता |
| सुरुवातमा (प्रवेशको समयमा) | | | |
| पहिलो त्रैमासिक | | | |
| दोस्रो त्रैमासिक | | | |
| तेस्रो त्रैमासिक | | | |

**स्रोतः प्रारम्भिक बालविकास तथा शिक्षामा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका, २०७९**

# अनुसूची ३

वासिङ्गटन समूहको कार्यगत सीमितता प्रश्नावली (२ देखि ४ वर्षको)

| सि.नं. | विषय वा प्रश्न | विवरण र जवाफ | कैफियत |
|---|---|---|---|
| CFD1. | ........ले हेर्नका लागि चस्मा, प्रयोग गर्दछन् ? | १. गर्छन् २. गर्दैनन् | 2⇨CFD3 |
| CFD2. | ........लाई चस्मा लगाउदा पनि देख्नमा कठिनाइ छ ? | १.कठिनाइ छैन २. केही मात्रामा छ<br>३.धेरै मात्रामा छ ४. पटक्कै देख्दैनन् | 1-4 ⇨CFD4 |
| CFD3. | .........लाई देख्न कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| CFD4. | .........ले श्रवणयन्त्र ( हेरिङ एड/सुन्ने मेसिन) प्रयोग गर्दछन् ? | १. गर्छन् २. गर्दैनन् | 2⇨CFD6 |
| CFD5. | .........लाई श्रवणयन्त्र (सुन्ने मेसिन) लगाउँदा पनि व्यक्तिको स्वर वा गीतको स्वर सुन्न कठिनाइ छ ? | १. कठिनाइ छैन २.केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सुन्दैनन् | 1- 4⇨CFD7 |
| CFD6. | ............. लाई श्रवणयन्त्र (सुन्ने मेसिन) लगाउँदा पनि व्यक्तिको स्वर वा गीतको स्वर सुन्न कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| CFD7. | ............. लाई सुन्न कठिनाइ छ ?जस्तै व्यक्तिको बोली, सङ्गीतको स्वर | १. गर्छन् वा पाएका छन्<br>२. गर्दैनन् र पाएका छैनन् | 2⇨CFD10 |
| CFD8. | ..................ले हिंड्नका लागि कुनै प्रकारको सहायक सामग्री प्रयोग गर्दैछन् वा कसैको सहयोग लिएका छन् ? | १. हिंड्नमा कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| CFD9. | कुनै सहायक सामग्री तथा व्यक्तिगत सहयोग विना .................लाई हिंड्न कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | 1-4⇨CFD11 |
| CFD10. | कुनै सहायक सामग्री तथा कसैको सहयोगमा ...............लाई हिंड्न कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| CFD11. | एउटै उमेरका अन्य समकक्षी बालबालिकाको तुलनामा ...........लाई हिंड्न कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| CFD12. | एउटै उमेरका अन्य समकक्षी बालबालिकाको तुलनामा ...........लाई ससाना चिजहरू हातले उठाउन कठिनाइ छ ? | १ .कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै बुझ्दिैन | |
| CFD13. | ...............सँग कुरा गर्दा उनलाई तपाईंले बोलेको कुरा बुझ्न कठिनाइ छ ? | १ .कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै बुझ्दिैन | |
| CFD14. | जब .........बोल्छन् के तपाईंलाई उनले बोलेको कुरा बुझ्न कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |
| CFD15. | एउटै उमेरका अन्य समकक्षी बालबालिकाको तुलनामा ................लाई सिक्नमा कठिनाइ छ ? | १. कठिनाइ छैन २. केही मात्रामा छ<br>३. धेरै मात्रामा छ ४. पटक्कै सक्दैनन् | |

| सि.नं. | विषय वा प्रश्न | विवरण र जवाफ | कैफियत |
|---|---|---|---|
| CFD16. | एउटै उमेरका अन्य समकक्षी बालबालिकाको तुलनामा ...............लाई खेल्नमा कठिनाइ छ ? | १.कहिले पनि गर्दैनन्   २.अरूहरूले जस्तै गर्छन्   ३.धेरै गर्छन्   ४. एकदम धेरै मात्रामा गर्छन् | |